परिच्छेद एक

# शोध परिचय

## १.१ विषय परिचय

खगेन्द्र सिटौला (जन्मः वि.सं. २०१४, जन्मस्थानः चुहानडाँडा, तेह्रथुम) नेपाली साहित्यका फाँटमा खास गरी चालिसको दसकपछि देखा परेका साहित्यकार हुन् । उनी **बौलाही दिदीको अधुरो तिहार** (२०४७) शीर्षकककको नाटक प्रकाशन गरी औपचारिक रूपमा साहित्यका क्षेत्रमा प्रवेश गरेका हुन् । उनको प्रस्तुत नाटक सहित **रातो तारा चम्किएपछि** (२०४७), **आधा क्षितिज उचाल्ने हातहरू** (२०४८) नाटक र **पृथ्वीविचार र व्यवहार** (२०५९) निबन्धात्मक कृतिहरू प्रकाशित छन् । यसका अतिरिक्त उनका विभिन्न पत्रिकाहरूमा साहित्यिक एवम् गैरसाहित्यिक फुट्कर लेखहरूसमेत प्रकाशित छन् । प्रगतिवादी वैचारिक मूल्य मान्यतामा आधारित साहित्य सिर्जना गर्ने सिटौलाको सिर्जनात्मक लेखन विशेष गरी नाटक विधामा खारिएर अगाडि बढेको पाइन्छ ।

## १.२ समस्या कथन

नेपाली साहित्यिक जगतमा नाटक र निबन्ध रचनामा सक्रिय रहे पनि सिटौला खासै चर्चामा आएका छैनन् र उनका साहित्यिक कृतिहरूको अध्ययन विश्लेषण समेत भएको देखिँदैन । नेपाली साहित्यका क्षेत्रमा यसरी कलम चलाए तापनि खगेन्द्र सिटौलाको जीवनी, व्यक्तित्व, साहित्यिक यात्रा, कृतित्व तथा प्रवृत्ति आदि विषयमा गहन अध्ययन हुन सकेको छैन । यसर्थ प्रस्तुत शोधकार्यमा यिनै मूलभूत समस्यासँग सम्बद्ध निम्नानुसारका समस्याहरू बुँदागत रूपमा रहेका छन् :

क. खगेन्द्र सिटौलाको जीवनी के कस्तो रहेको छ ?

ख. खगेन्द्र सिटौलाका व्यक्तित्वका पाटाहरू के कस्ता रहेका छन् ?

ग. खगेन्द्र सिटौलाको साहित्यिक यात्रा र प्रवृत्ति के कस्तो रहेको छ ?

घ. खगेन्द्र सिटौलाको कृतित्व के कस्तो रहेको छ ?

## १.३ शोधकार्यको उद्देश्य

उपर्युक्त समस्याहरूमा केन्द्रित रही साहित्यकार खगेन्द्र सिटौलाको समग्र जीवनी, उनका जीवनमा घटेका विभिन्न घटनाहरू तथा तिनबाट उनको जीवनमा परेको प्रभाव, उनको जीवनदृष्टि र साहित्यतर्फ उन्मुख हुनमा उनलाई प्राप्त भएको प्रेरणा आदि

पहिल्याउनु प्रस्तुत शोध कार्यको उद्देश्य रहेको छ । अतः समस्या कथनमा आएका प्रश्नसँग सम्बन्धित यस शोधकार्यका उद्देश्यहरूलाई निम्न लिखित बुँदामा समेटिएको छ :

क. खगेन्द्र सिटौलाको जीवनी प्रस्तुत गर्नु,

ख. खगेन्द्र सिटौलाका व्यक्तित्वका पाटाहरू केलाउनु,

ग. खगेन्द्र सिटौलाको साहित्यिक यात्रा र प्रवृत्तिको निरूपण गर्नु,

घ. खगेन्द्र सिटौलाका साहित्यिक कृतिहरूको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

खगेन्द्र सिटौला नेपाली साहित्यको नाट्य विधाका क्षेत्रमा सक्रिय सर्जक हुन् । २०४० को दशकमा उनका विभिन्न नाट्य कृतिहरू प्रकाशित भएका छन् । यसर्थ उनी समसामयिक नेपाली नाट्य चरणमा देखा परेका नाटककार हुन् । उनको एउटा निबन्धात्मक कृति समेत प्रकाशित भएको छ । यस बाहेक उनका अन्य विधासँग सम्बद्ध कुनै पनि सिर्जनात्मक कृतिहरू देखा परेका छैनन् । उनका यिनै कृतिहरूका बारेमा विभिन्न विद्वान्हरूले विभिन्न समयमा छिटपुट रूपमा चर्चा गरेका छन् । आजससम्म उनको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा विस्तृत रूपमा अध्ययन नभई फाटफुट चर्चा मात्र भएको पाइन्छ । उनका बारेमा विभिन्न पुस्तक, पत्र पत्रिका तथा शोधपत्रमा जे जति कार्य भएका छन् तिनलाई कालक्रमिक रूपमा तल प्रस्तुत गरिएको छ ।

मोदनाथ प्रश्रितले **रातो तारा चम्किएपछि** (२०४७) नाटकको भूमिकामा खगेन्द्र सिटौलाको नाटकको मूल्याङ्कन प्रस्तुत गरेका छन् । उनले यस नाटकमा पञ्चायती व्यवस्था र त्यसको अस्तित्व मेटी नयाँ नेपाल बनाउन चाहने सङ्घर्षशील व्यक्तिहरूका बिचको द्वन्द्व देखाई जनपक्षीय चरित्रको विजय देखाइएको कुरा उल्लेख गरेका छन् । उनका अनुसार सिटौला सङघर्षको विषय वस्तु अवलम्बन गरी प्रगतिवादी वैचारिक मान्यतामा आधारित नाटक सिर्जना गर्ने सर्जक हुन् भन्ने निष्कर्ष प्राप्त हुन्छ ।

प्रभात सापकोटाले **साहित्यिक अभियान विगतदेखि वर्तमानसम्म** (२०६३, पृः १३४-१३५) पत्रिकामा समेटिएको 'वर्तमान नेपाली नाटक' शीर्षकको कार्यपत्रमा **बौलाही दिदीको अधुरो तिहार** नाटकका पात्रहरूलाई चिनाउने काम गरेका छन् । उनले यस नाटकमा महानन्द र सन्सरे जस्ता विपरीत चरित्र उभ्याई वर्गद्वन्द्व देखाउँदै मुलुकको निकृष्ट शासन व्यवस्था र असहाय समुदायले उठिबास हुनु परेको कुरालाई उल्लेख गरेका छन् ।

उनले गरेको समीक्षाको अध्ययनबाट  यो नाटक प्रगतिवादी चिन्तनमा आधारित रहेको पुष्टि हुन्छ ।

धर्मराज गौतमले **नेपाली साहित्यमा तेह्रथुम जिल्लाको योगदान** (२०६३) शीर्षक स्नातकोत्तर तहको शोधपत्रमा सिटौलाका नाटकमा सामन्ती प्रथाको विरोध, अन्याय अत्याचारले युक्त प्रशासनिक दमन, गरिब निमुखाको उठिबास, पञ्चायती निरङ्कुशताको विरोध भएको कुरा उल्लेख गरेका छन् । उनका अनुसार सिटौलाका नाटकहरूमा निम्न वर्गीय श्रमिक जनताको उत्थानका लागि आवाज बुलन्द गरिएको छ ।

खगेन्द्र सिटौलाका बारेमा आजसम्म गरिएका फाटफुट चर्चा यिनै हुन् । यस बाहेक अझैसम्म उनको जीवनी, व्यक्तित्व र कृतित्वका सम्बन्धमा गहन र व्यवस्थित अध्ययन हुन सकेको छैन । उनका बारेमा आजसम्म जे जति अध्ययन भएका छन् ती पनि अपूर्ण  र अधुरा छन् । यही अभावको परिपूर्ति गर्ने उद्देश्यले गर्न लागिएको प्रस्तुत शोधकार्यमा खगेन्द्र सिटौलाको जीवनी, व्यक्तित्व र कृतित्वको विवेचना गरिएको छ ।

### १.५ शोधकार्यको औचित्य

प्रस्तुत शोधकार्यद्वारा खगेन्द्र सिटौलालाई नेपाली साहित्य जगत्का माध्यमबाट सबैमा चिनाउने प्रयास गरी उनले पुऱ्याएको मुख्य योगदनलाई चर्चा गर्दै उनको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययनमा केन्द्रित भई अध्ययन, विश्लेषण एवम् मूल्याङ्कन गरिने हुनाले आउने पिंढीलाई उनको जीवनका बारेमा तथा कृतित्वका बारेमा वस्तुगत जानकारी उपलब्ध हुनेछ । यसले गर्दा उनका बारेमा अध्ययन गर्ने अध्येता र नेपाली साहित्यको इतिहास लेखन र साहित्यिक गतिविधिको मूल्याङ्कन गर्ने क्रममा पनि प्रस्तुत शोधकार्यले महत्त्वपूर्ण टेवा पुऱ्याउँने छ । यी विविध दृष्टिकोणले यो शोधपत्र औचित्यपूर्ण हुने छ ।

### १.६ शोधकार्यको सीमाङ्कन

खगेन्द्र सिटौलाले २०२७ सालदेखि लेखन यात्रा प्रारम्भ गरी नेपाली सहित्यका क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । उनका पुस्तकाकार कृतिका रूपमा प्रकाशित **बौलाही दिदीको अधुरो तिहार** (२०४७), **रातो तारा चम्किएपछि** (२०४७) र **आधा क्षितिज उचाल्ने हातहरू** (२०४८) नाट्य रचना र **पृथ्वीविचार र व्यवहार** (२०५९) निबन्धात्मक पुस्तक प्रकाशित भएका छन् । यस शोधकार्यमा उनको जीवनी र व्यक्तित्वका साथै प्रकाशित

साहित्यिक कृतिहरूको मात्र अध्ययन, विश्लेषण र मूल्याङ्कन गरिएको छ । यो नै यस अध्ययन कार्यको सीमा रहेको छ ।

### १.७ शोधविधि

शोधविधि अन्तर्गत सामग्री सङ्कलन विधि र विश्लेषणको सैद्धान्तिक आधार पर्दछन् ।

#### १.७.१ समग्री सङ्कलन विधि

यस शोधकार्यका लागि आवश्यक पर्ने सामग्रीहरू मूलतः दुई प्रकारका छन् : प्राथमिक सामग्री र द्वितीयक सामग्री । खगेन्द्र सिटौलाले रचना गरेका नाटक र निबन्धहरू नै यस शोधकार्यका लागि आवश्यक पर्ने प्राथमिक सामग्री हुन् । त्यसै गरी नाट्य सिद्धान्त र निबन्ध सिद्धान्तका बारेमा लेखिएका समीक्षात्मक लेख रचनाहरू यस शोधकार्यका लागि आवश्यक पर्ने द्वितीयक सामग्रीहरू हुन् । यी दुवै (प्राथमिक र द्वितीयक) सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ ।

#### १.७.२ विश्लेषणको सैद्धान्तिक आधार

प्रस्तुत शोधकार्यमा खगेन्द्र सिटौलाको जीवनीको अध्ययनको क्रममा जीवनीपरक समालोचनालाई आधार मानिएको छ । त्यसै गरी कृतिको विश्लेषणको क्रममा नाटकको विश्लेषण गर्दा नाट्य सिद्धान्तलाई आधार मानिएको छ भने निबन्धको विश्लेषण गर्दा निबन्ध सिद्धान्तलाई आधार मानी विश्लेषण गरिएको छ ।

### १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई सुव्यवस्थित रूपले प्रस्तुत गर्नका लागि यसलाई निम्न परिच्छेदहरूमा विभाजन गरिएको छ :

परिच्छेद एक : शोध परिचय

परिच्छेद दुई : खगेन्द्र सिटौलाको जीवनी

परिच्छेद तिन : खगेन्द्र सिटौलाको व्यक्तित्व

परिच्छेद चार : खगेन्द्र सिटौलाको साहित्यिक यात्रा र प्रवृत्ति

परिच्छेद पाँच : खगेन्द्र सिटौलाका कृतिहरूको विश्लेषण

परिच्छेद छ : सारांश र निष्कर्ष

उल्लिखित परिच्छेदहरूका अन्त्यमा शोधपत्रमा प्रयुक्त सन्दर्भ सामग्री सूची पनि रहेको छ ।

परिच्छेद दुई

# खगेन्द्र सिटौलाको जीवनी

## २.१ विषय परिचय

कुनै पनि व्यक्तिको जीवन भोगाइको क्रमलाई व्यवस्थित रूपमा प्रस्तुत गर्नु समग्र जीवनीको अर्थ हो । जीवनीमा कथामा जस्तो कल्पना प्रवलता र इतिहासमा जस्तो कोरा विवरण नभएर तटस्थता, वस्तुगतता तथा संयमितता हुनु पर्दछ । अतः जीवनीमा जीवनका वैयक्तिक घटनाहरूलाई सार्वजनिक बनाउने किसिमले जीवनका अनुभूतिलाई स्थायीपन गरिनु पर्छ [१] । मानव प्राणीको जन्मदेखि मृत्युसम्मको समयावधि र त्यस अवधिभित्र घटेका घटनाचक्रलाई सामान्यतः जीवन, जिन्दगी वा जिन्दगानी भनिन्छ । त्यही जीवनका घटनाक्रमको समष्टिलाई नै जीवनी भन्ने गरिन्छ[२] । यसै गरेर व्यक्ति विशेषको सम्पूर्ण वा आंशिक जीवनका तथ्यपूर्ण घटना, उसका मानसिक प्रभाव, अनुभव तथा क्रियाकलापको क्रमबद्ध विवरण सविस्तार गरिएको गद्य रचना नै जीवनी हो[३] । यसकारण कुनै पनि व्यक्तिका जीवनीसँग सम्बन्धित घटनाहरूको तथ्यपूर्ण प्रस्तुतिकरण नै जीवनको मूल मर्म हो । कुनै व्यक्तिको जन्मदेखि मृत्युपर्यन्त उसले गरेका सामाजिक, साहित्यिक, राजनीतिक, आर्थिक, धार्मिक, सांकृतिक, शैक्षिक गतिविधि, विभिन्न कार्य तथा सेवा अनि उसका मान्यता र धारणा जस्ता जीवनसँग सम्बन्धित विविध पाटाहरूको अध्ययन जीवनीमा गर्ने गरिन्छ । प्रस्तुत शीर्षक अन्तर्गत साहित्यकार खगेन्द्र सिटौलाको जीवनचक्रसँग सम्बन्धित घटनाहरूको अध्ययन गरिएको छ ।

## २.२ वंश परम्परा

सिटौलाहरूको पुर्ख्यौली थलो कुमाउ गढवाल हो । सिटौलाका पुर्खा भरद्वाज ऋषिका चेला भएका कारण उनीहरूको गोत्र भारद्वाज रहन गएको पाइन्छ[४] । कुमाउ गढवालमा भएको हिन्दू र मुस्लिम बिचको युद्ध पश्चात् उनीहरू कैलालीको सिटला हुँदै नुवाकोट आएर

---

[१] राजेन्द्र सुवेदी, **स्नातकोत्तर नेपाली निबन्ध**, काठमाडौँः पाठ्य सामग्री पसल, २०५६ पृ. १३ ।

[२] भिक्टर प्रधान, **नेपाली जीवनी र आत्मकथाको सैद्धान्तिक तथा ऐतिहासिक विवेचना**, काठमाडौँः नेराप्रप्र, २०४४ पृ.२८ ।

[३] मोहनराज शार्मा र दयाराम श्रेष्ठ, **नेपाली साहित्यको संक्षिप्त इतिहास**, (चौ. सं), काठमाडौः साझा प्रकाशन, २०४९ पृ. १८० ।

[४] सिटौला वंशावली, विराटनगर : सिटौला सेवा समाज, २०७० ।

बसोबास गर्न थाले । यसै क्रममा ५ औं पिढींका सिटौलाहरू नेपालको पूर्वी पहाडतर्फ बसाइँ सरे र थोक्लुङ् भन्ने ठाउँमा गएर बसोबास गर्न थाले । त्यस ठाउँलाई आफ्नो पहिलाको पुर्ख्यौली थलो चुहानडाँडा जस्तै देखेपछि त्यसैलाई चुहानडाँडा नामकरण गरी बसोबास गर्न थाले । यो तेह्रथुम जिल्लामा पर्दछ । हाल यस ठाउँलाई चुहानडाँडा गा.वि.स. भनिन्छ । खगेन्द्र सिटौलाको जन्म यही चुहानडाँडामा भएको थियो[५] । हाल खगेन्द्र श्रीमती र दुई छोरीका साथ काठमाडौं महानगरपालिका ७ रुद्र नगर रातोपुलमा अस्थायी बसोबास गरि रहेका छन् ।

## २.३ जन्म र जन्मस्थान

खगेन्द्र सिटौलाको जन्म वि.सं. २०१४ (२०१५ नागरिकता) साल जेठ ७ गते कोसी अञ्चलको तेह्रथुम जिल्ला अन्तर्गत, चुहानडाँडा गाउँ विकास समिति वडा नं. ३ मा भएको हो । उनका पिताको नाम हरि चरण सिटौला र माताको नाम मनमाया मैनाली हो । हरि चरण सिटौलाका दुई श्रीमती लक्ष्मीमाया पाठक र मनमाया मैनालीमध्ये कान्छी मनमायाका कोखबाट उनको जन्म भएको हो[६] । खगेन्द्र सिटौलाको न्वारानको नाम खगेन्द्रराज सिटौला हो[७] ।

## २.४ शिक्षा दीक्षा

खगेन्द्र सिटौलाका बाबु हरि चरण सिटौला साक्षर व्यक्ति थिए । उनी शिक्षाका क्षेत्रमा अधिक चासो राख्ने गर्दथे[८] । यस कारण खगेन्द्र सिटौलाको अक्षरारम्भ पनि घरमा नै भएको थियो । हरि चरण सिटौलाले उनलाई धुलौटोमा लेखेर अक्षर चिनाएका थिए । उनको औपचारिक शिक्षाको आरम्भ सात वर्षको उमेरमा भएको पाइन्छ । उनी २०२१ सालमा शारदा हाइस्कुलमा कक्षा ३ मा भर्ना भए । उनले त्यहाँबाट कक्षा ३ उत्तीर्ण गरे भने जलकन्या प्राथमिक विद्यालय चुहानडाँडाबाट कक्षा ४ र ५ उत्तीर्ण गरे । २०२४ सालमा पुनः शारदा हाइस्कुलमा कक्षा ६ मा भर्ना भए र त्यहीँबाट २०३१ सालमा द्वितीय श्रेणीमा

---

[५] शोधनायकबाट प्राप्त जानकारी ।

[६] ऐजन ।

[७] ऐजन ।

[८] ऐजन ।

एस्.एल्. सी. उत्तीर्ण गरे[९] । पढाइमा उनी  मध्यम खालका विद्यार्थी थिए । उनलाई गणित विषय निकै अप्ठ्यारो लाग्दथ्यो । उनले कक्षा ९ सम्म कक्षा दोहोऱ्याउनु नपरे तापनि एस्. एस्. सी.भने दोहोऱ्याउनु परेको थियो । उनी अङ्ग्रेजी विषयमा असफल भएका थिए[१०] । सिटौला कक्षा ८ मा पढ्दै गर्दा विद्यार्थी आन्दोलनको प्रारम्भ  भयो । परम्परित शिक्षा बुर्जुवा शिक्षा हो । यस्तो शिक्षाले विद्यार्थीको भविष्य निर्धारण गर्न सक्दैन । बुर्जुवा शिक्षा खारेज गरिनु पर्छ र वैज्ञानिक शिक्षाको आरम्भ गरिनु पर्छ  भन्ने किसिमका अभिव्यक्ति  विद्यार्थी नेताहरूले दिन थाले । यस आन्दोलनको प्रभाव उनमा पनि पऱ्यो[११] र पढाइमा बाधा पुगेको देखिन्छ ।

वि.सं. २०३१ मा एस.एल.सी. उत्तीर्ण गरेपछि उनी उच्च शिक्षा अध्ययनका लागि वीरेन्द्र इन्टर कलेज (हालको तेह्रथुम क्याम्पस) मा आई. ए. तहमा भर्ना भए । यस तहमा अध्ययन गर्दागर्दै उनी राजनीतिक क्षेत्रमा पनि प्रवेश गर्न पुगे [१२] । त्यसबेला कलेजमा आन्तरिक परीक्षा हुने   गर्दथ्यो । आन्तरिक परीक्षामा सामेल नभएको व्यक्तिले वार्षिक परीक्षामा सामेल हुन नपाउने व्यवस्था थियो । राजनीतिक सङ्गठनमा लागेका कारण उनी आन्तरिक परीक्षामा सामेल हुन सकेनन् परिणामतः वार्षिक परीक्षामा सामेल हुन पाएनन्[१३] ।  त्यसपछि उनले प्राइभेट रूपमा परीक्षा दिई २०३८ सालमा  आई. ए. उत्तीर्ण गरे भने स्नातक तह पनि प्राइभेट रूपमा नै २०४५ सालमा उत्तीर्ण गरे[१४] । उनले स्नातकोत्तर तहको अध्ययन गरेनन् । उनी राजनीति शास्त्र, इतिहास र नेपाली विषयका विद्यार्थी थिए [१५] ।

---

[९] ऐजन ।

[१०] ऐजन ।

[११] ऐजन ।

[१२] ऐजन ।

[१३] ऐजन ।

[१४] ऐजन ।

[१५] ऐजन ।

## २.५ बाल्यकाल

खगेन्द्र सिटौला हरि चरण सिटौलाका छैटौं पुत्र हुन्[१६] । उनी संयुक्त परिवारमा हुर्केका थिए । उनका काका, बडाबा, दाजु, भाइ आदिको बसाइ एउटै घरमा थियो[१७] । उनीभन्दा माथि ५ जना दाजुहरूपनि  थिए । त्यसकारण उनले बाल्यकालमा कुनै पनि दुखपूर्ण काम गर्नु परेन । उनी गाई बाखा चराउने काम मात्र गर्दथे[१८] । उनका बुबा हरि चरण सिटौला गाउँका सम्पन्न व्यक्तिका रूपमा चिनिन्थे । उनको तराई (झापा) मा पनि जग्गा थियो । उनी घरमै हली राखेर कृषि कार्य सम्पन्न गर्दथे । खेतीबाट राम्रै आम्दानी हुन्थ्यो । त्यस कारण ठुलै परिवार भए पनि उनीहरूलाई दुई छाक खान र एकसरो लुगा लगाउन कुनै समस्या थिएन[१९] । बाबुको सम्पन्नताका कारण उनको बाल्यावस्था सुखपूर्वक बितेको थियो ।

सिटौला बाल्यकालमा रिसाहा स्वभावका थिए । खानामा पिरो पटक्कै मन पराउँदैन थिए । एक पटक तरकारी अत्यन्त पिरो भएका कारण उनले जोतेर खोर्सानीबारी नै नष्ट गरि दिएका थिए[२०] ।  फुटबल खेल्न खुब रुचाउने सिटौला झुम्राको भकुन्डो बनाएर खेल्ने गर्थे भने कपर्दी खेलमा पनि उनको रुचि थियो[२१] । विद्यालय तहमा अध्ययन गर्दै गर्दा एक पटक शिक्षक र विद्यार्थीबिच कपर्दी खेल्ने कार्यक्रम थियो । त्यस खेलमा सरले एउटा नियम बनाउनु भएको  थियो । कपर्दी कपर्दी चै भनिरहनु  पर्ने तर सास  फेरे पनि नमर्ने । सरको पालो आयो । सर कपर्दी कपर्दी भन्दै आउनु भयो । खगेन्द्रले सरलाई समाते तर सरले बोकेर नै सीमा काट्न लाग्नु भयो । त्यसपछि आफू हार्ने भयले उनले सरको सुरुवालको इजार नै चुडाइ दिएका थिए[२२] । त्यसपछि उनीहरूको जित भयो । यस्ता रोमाञ्चक कार्यहरू पनि उनले गरेका थिए । त्यस्तै बाँसको घोचो उभ्याएर त्यसको टुप्पासम्म पुग्ने खालका खेलहरू पनि खेल्दथे । एकचोटी बाँसको घोचाको टुप्पामा पुगेको बेला चिप्लिएर

---

[१६] सिटौला वंशावली पूर्ववत् पृ.३५१ ।

[१७] शोधनायकबाट प्राप्त जानकारी ।

[१८] ऐजन ।

[१९] ऐजन ।

[२०] ऐजन ।

[२१] ऐजन ।

[२२] ऐजन ।

लड्न पुगे[२३] । बाँसको चोकेमा परेर उनको निधारमा घाउ लागेको थियो[२४] । अहिलेसम्म पनि उनको निधारमा घाउको खत देखिन्छ ।

## २.६ उपनयन

हिन्दूहरूका आदर्श ग्रन्थहरूले विभिन्न जात जातिको चूडोपनयन गर्ने उमेरको निर्धारण गरेका छन् । खगेन्द्र सिटौलाको बाल्यकाल पनि पूर्वीय हिन्दू संस्कृति र सभ्यताको पालना गर्ने  परिवारको ग्रामीण परिवेशमा नै बितेको थियो । सिटौलाको उपनयन पनि हिन्दू मान्यता अनुरूप वैदिक विधिद्वारा ११ वर्षको उमेरमा अन्य दाजुभाइका साथ सामूहिक रूपमा भएको थियो[२५] ।

## २.७ विवाह

विवाह पारिवारिक जीवन सञ्चालन र सृष्टिको क्रमलाई निरन्तरता दिने महत्त्वपूर्ण कार्य  हो । यसै प्रक्रियाबाट मानिस आफ्नो सांसारिक जीवनमा प्रवेश गर्दछ । उनी वि.सं. २०४४ मा जिल्ला पञ्चायत उपसभापति बने । यसैबिच जिल्ला पञ्चायत सभापति ज्ञाननाथ सुवेदीसँग मित्रता गाँसिन पुग्यो । साथै सुवेदी खलक उनका ठुल्दाइ मोहन प्रसाद सिटौलाको मामा ससुराली भएकाले पनि सुवेदीहरूसँग राम्रो चिनजान थियो । यसकारण उनको विवाह ज्ञाननाथ सुवेदीका काका राम प्रसाद सुवेदीकी कान्छी श्रीमतीकी चौथी ( काइँली) छोरी शान्ता सुवेदीसँग परम्परित रूपमा २०४४ साल असारमा मागी विवाह सम्पन्न भएको थियो[२६] । विवाह हुँदा उनी तिस वर्षका थिए भने शान्ता २२ वर्षकी थिइन्[२७] । उनको लामो दाम्पत्य जीवन सुखपूर्वक नै बिति रहेको छ । [२८]

## २.८ सन्तान

खगेन्द्र सिटौलाका विज्ञाता र सुज्ञाता गरी दुई छोरीहरू रहेका छन् । उनकी जेठी छोरी विज्ञाताको जन्म वि. सं. २०४६ मा भएको थियो भने कान्छी छोरी सुज्ञाताको जन्म वि. सं. २०४८ मा भएको थियो[२९] । हाल विज्ञाता सिभिल इन्जिनियरिङ उत्तीर्ण गरी स्विस

---

२५ ऐजन ।
[२४] ऐजन ।
[२५] ऐजन ।
[२६] ऐजन ।
[२७] शान्ता सुवेदीबाट प्राप्त जानकारी ।
[२८] ऐजन ।
[२९] ऐजन ।

प्रोजेक्टमा इन्जिनियरका रूपमा कार्यरत छिन् भने कान्छी सुज्ञाता बी.बी.ए. चौथो सेमेस्टरमा अध्ययनरत छिन्[३०] ।

## २.९ दाजुभाइ, दिदी बहिनी

खगेन्द्र सिटौलाका दाजुभाइ तथा दिदी बहिनीहरू जम्मा ११ जना हुन्[३१] तर एकजना दाजुको बाल्यकालमा नै निधन भइ सकेको छ[३२] । सिटौला ८ दाजुभाइमध्ये अन्तरे हुन् । उनका जेठा दाजु मोहन सिटौला त्रिभुवन विश्व विद्यालयमा प्राध्यापन सेवामा संलग्न थिए । हाल उनी अवकाश लिई अमेरिकामा बसोबास गरि रहेका छन् भने कान्छो भाइ कवीन्द्र राज सिटौला पनि अमेरिकामा आफ्नो व्यवसाय सञ्चालन गरेर बसेका छन् । माहिला दाजु शिव प्रसाद सिटौला शारदा हाइस्कुलमा लामो समयसम्म शिक्षण पेसामा आबद्ध भई अवकाश समेत लिइ सकेका छन् । हाल उनी काठमाडौँमा बसोबास गरि रहेका छन् । साहिँला दाजु राम प्रसाद सिटौला झापाको चारपानेमा बाल कल्याण इङ्लिस बोर्डिङ स्कुल सञ्चालन गरि रहेका छन् भने उनी यस स्कुलको प्रधानाध्यापक पनि हुन् । ठाइँला चैतन्य सिटौला उद्योग व्यवसायमा संलग्न छन् । जन्तरे भाइ नगेन्द्रराज सिटौला पुल्चोक इन्जिनियरिङ कलेज ललितपुरमा प्राध्यापन सेवामा संलग्न छन् । तिन जना दिदी बहिनीहरूमध्ये तिनै जनाको विवाह भइ सकेको छ । मैयादेवी र राधिकादेवी विवाह पश्चात् घर गृहस्थी चलाएर बसेका छन् भने कान्छी विजया त्रिभुवन विश्व विद्यालय वनस्पति शास्त्र केन्द्रीय विभागमा प्राध्यापनरत छिन्[३३] ।

## २.१० आर्थिक स्थिति

खगेन्द्र सिटौलाको पारिवारिक पृष्ठभूमि उच्च मध्यम वर्गीय रहेको थियो । उनका बुबाको तराईमा पनि जग्गा थियो । बुबाको पैतृक सम्पत्तिका रूपमा रहेको जग्गा जमिनमा गरिएको कृषि व्यवसायले राम्रै गुजारा चलेको थियो[३४] । एक पटक उक्त परिवारमा सामूहिक बसाइ एवम् धेरै सन्तानको जन्मका कारण आकार बढेर २२-२३ जनासम्म पुगेको थियो । तर पनि खान लाउन र अतिरिक्त खर्चका लागि समस्या थिएन । सिटौलाले

---

३२ ऐजन ।

[३१] सिटौला वंशावली, पूर्ववत् पृ. ३५१ ।

[३२] शोधनायकबाट प्राप्त जानकारी ।

[३३] ऐजन ।

[३४] ऐजन ।

अध्ययनका क्रममा पनि कुनै किसिमको आर्थिक समस्या भोग्नु परेन[३५] । हाल सिटौलाको सम्पत्तिका रूपमा तेह्रथुमको चुहानडाँडामा ४०/४५ रोपनी जग्गा र एउटा घर रहेको छ[३६] । हाल उनी मेलम्चीमा आफ्नो व्यवसाय सञ्चालन गरेर बसेका छन[३७] । दरबार हाइस्कुलमा प्राध्यापनरत सिटौला श्रीमती शान्ताको कमाइ र आफ्नै व्यवसायको कमाइले उनको परिवार राम्रैसँग सञ्चालन भइ रहेको छ[३८] । खगेन्द्र सिटौलाको गुजाराका लागि समस्या नपर्ने निम्न मध्यम स्तरीय आर्थिक अवस्था रहेको छ ।

## २.११ व्यक्तिगत रुचि तथा स्वभाव

हरेक मान्छेका आफ्नै प्रकारका विचार, चिन्तन, रुचि र स्वभाव रहेका हुन्छन् । एक व्यक्तिसँग अर्को व्यक्तिको रुचि र स्वभाव फरक हुनु स्वाभाविक कुरा हो । मान्छेका रुचि र स्वभाव उसका बाल्यकालीन जीवनदेखिका पारिवारिक र सामाजिक वातावरण, साथी सङ्गतीसँगको हेलमेल, पूज्यजन एवम् मान्यजनहरूका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश, शिक्षा दीक्षा आदिबाट प्रभावित रहेको हुन्छ[३९] । खगेन्द्र सिटौलाको स्वभावमा पनि यी विविध प्रसङ्गहरूले थोरबहुत भूमिका खेलेका छन् ।

खगेन्द्र सिटौला बाल्ययकालमा रिसाहा स्वभावका थिए[४०] । सिटौला रिसाहा प्रवृत्तिका भए पनि अरुका कुरा सुन्ने तथा अरुलाई सम्मान गर्ने व्यवहार गर्नु पर्दछ भन्ने मान्यता राख्दछन्[४१] । उनको प्रारम्भिक जीवन ग्रामीण परिवेशमा बितेका कारण उनी नेपाली संस्कृतिमा रुचि राख्दछन् अर्थात् उनलाई नेपाली संस्कृति मन पर्दछ । साहित्य, कला, इतिहास, जीवनी धेरै मन पराउने सिटौला हिन्दू धार्मिक संस्कारमा हुर्केका भए पनि कुनै धर्ममा पनि विश्वास गर्दैनन्[४२] । बाल्यकालमा उनले एक पटक पैसा चोरेर चुरोट सेवन गरेका थिए तर भोमिट भएपछि त्यसलाई त्यागि दिए[४३] । मदिराजन्य पेयको स्वाद थाहा

---

[३५] ऐजन ।

[३६] शान्ता सुवेदीबाट प्राप्त जानकारी ।

[३७] ऐजन ।

[३८] ऐजन ।

[३९] भीष्मराज काफ्ले, झलनाथ खनालको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन, स्नातकोत्तर तह ,अप्रकाशित शोध पत्र, त्रि.वि., २०६६ पृ.२६ ।

[४०] शोधनायकबाट प्राप्त जानकारी ।

[४१] शान्ता सुवेदीबाट प्राप्त जानकारी ।

[४२] शोधनायकबाट प्राप्त जानकारी ।

[४३] ऐजन ।

पाएका सिटौला पिउने सवालमा विशेष पार्टी भोज तथा साथीभाइसँगको भेटमा सहभागी हुने भए तापनि नशाका रूपमा  भने लिँदैनन्[४४] । सहित्यकारमा लक्ष्मी प्रसाद देवकोटा, लेखनाथ पौड्याल आदिलाई मन पराउने सिटौला आफ्ना दाजुसँग देवकोटा ठुला कि पौड्याल ठुला भन्ने विषयमा बहस गर्दथे[४५] । साहित्यिक विधामा जीवनी पढ्न मन पराउने सिटौला लोकगीत सुन्ने गर्दछन् । साहित्येतर विधामा उनी इतिहास पढ्न रुचाउँछन् । खेलमा उनी डन्डीबियो, कपर्दी, भलिबल जस्ता खेलहरू रुचाउँछन् [४६] । बाजामा पञ्चेबाजा, लोकबाजा र बाँसुरीको धुन मन पराउने उनी गायकमा नारायण गोपाल, अमर गुरुङलाई मन पराउँछन् भने गीतकारमा धर्मराज थापा र माधव घिमिरेलाई मन पराउँछन् । फुलमा यो नै जात भनेर किटान नगरे पनि विशेष सुगन्ध आउने कमल मन पराउँछन्[४७] । सिटौलाको रुचि क्षेत्र प्राकृतिक दृश्यावलोकन पनि हो । खोलानाला, छहरा, वन जङ्गल पहाड पर्वत घुम्न र हेर्न मन पराउने सिटौला गर्मी स्थानभन्दा चिसो स्थान बढी मन पराउँछन् । विद्यार्थी कालदेखि नै अध्ययनका साथै विद्यालयका अतिरिक्त क्रियाकलापमा समेत सिटौला निकै रुचि राख्तथे[४८] ।

## २.१२ मानसिक आघात र वियोगका क्षणहरू

मान्छेको जीवन सुखदुख, आँसुहाँसो, हर्ष विस्मात्, उत्थान पतन तथा सफलता विफलताका बिचमा बिति रहेको हुन्छ । जीवनको भोगाइ र वेदना जस्ता भावहरूको पनि सामना गर्नु पर्दछ[४९] । सिटौलाले पनि राजनैतिक यात्राको क्रममा तथा जीवनका विविध समय समयमा मानसिक आघात र वियोगका क्षणहरू भोगेका छन् ।

सिटौलाको सबैभन्दा ठुलो आघात तथा वियोगको क्षण उनको दाजुको निधनको समय रहेको  छ । उनका दाजु देवेन्द्र सिटौलाको कक्षा ७ मा पढ्दा पढ्दै असामयिक निधन भएको  थियो[५०] । विद्यार्थी आन्दोलनका कारण राम्ररी ध्यान दिएर पढ्न नपाएकाले एस्. एल्. सी. मा फेल हुन पुगे । उक्त कुरालाई लिएर उनी आज पनि दुख व्यक्त गर्दछन् ।

---

[४४] ऐजन ।

[४५] ऐजन ।

[४६] ऐजन ।

[४७] ऐजन ।

[४८] ऐजन ।

[४९] भीष्मराज काफ्ले, पूर्ववत् पृ. २८ ।

[५०] शोधनायकबाट प्राप्त जानकारी ।

## २.१३ सन्तुष्टि र ग्लानिका क्षणहरू

मान्छेले जीवन जीउने क्रममा सम्पन्न गरेका कार्यहरूको सफलताको प्राप्तिसँग उसको सन्तुष्टिको कुरा जोडिएर आउँछ भने आफुले सम्पन्न गरेका कार्यप्रति हीनताबोध हुँदा ग्लानि हुन्छ । खगेन्द्र सिटौलाको जीवनमा पनि सन्तुष्टि र ग्लानिका क्षणहरू रहेका छन्, जसलाई निम्नानुसार अध्ययन गरिएको छ ।

### २.१३.१ सन्तुष्टि

कुनै पनि कुराको सफलताको प्राप्तिसँग सन्तुष्टिको कुरा जोडिएर आउँछ । जब मानिस कुनै कुरामा सफल हुन्छ तब उसले सन्तोषको अनुभव गर्दछ भने ऊ विफल हुँदा असन्तोष रहन्छ । जिउनका लागि सङ्घर्ष गरि रहनु पर्ने हुँदा यस क्रममा मानिसले सफलता हात पार्छ भने कहिले असफलता पनि हात पार्छ । यसै अनुसार नै मानिसले सन्तुष्टि र असन्तुष्टि प्राप्त गर्दछ[५१] । खगेन्द्र सिटौलाको जीवनमा पनि यस्ता सन्तुष्टि र असन्तुष्टिका क्षणहरू आइ परेका छन् । कलेज स्तरको नियमित पढाइबाट वञ्चित भए पनि प्राइभेट रूपमा स्नातकसम्मको अध्ययन पूरा गर्नुलाई नै उनी सन्तुष्टिका रूपमा लिन्छन् । त्यस्तै जिल्ला पञ्चायत उपसभापति र जिल्ला विकास समितिको सभापति भएर जनताको सेवा गर्न पाएको क्षणलाई पनि उनले सन्तुष्टिको क्षणका रूपमा लिएका छन्[५२] । जिल्ला विकास समितिको सभापति भएको बेला पिरले गा.वि.स.मा भएको एक कार्यक्रममा आफ्नो गाउँ आफैँ बनाउँ भन्ने नारा प्रस्तुत गरेका थिए । पछि २०५१ सालमा उक्त नाराले राष्ट्रिय राजनीतिको रूप लियो । नेकपा (एमाले) को सरकार भएको बेला उक्त नारा कार्यक्रमका रूपमा प्रस्तुत भयो । भरत मोहन अधिकारी पूर्वाञ्चलमा सुझाव सङ्कलनको कार्यक्रम लिएर गएका बेला उनले जसूत्रीय कार्यक्रम (जमिन, जनता, जलस्रोत, जवान, जेष्ठ नागरिक) को खाका प्रस्तुत गरेका थिए[५३] । २०५२ सालमा जसूत्रीय अभियान सगर माथा दैनिक पत्रिकामा प्रकाशित भएको थियो । उक्त कार्यले उनी अत्यन्त सन्तुष्ट भएका छन् । त्यस्तै उनले राष्ट्रिय सहमतिको राजनीतिक प्रणाली व्याख्या सहित २०५९ सालमा प्रकाश

---

[५१] भीष्मराज काफ्ले, पूर्ववत् पृ. २९ ।

[५२] शोधनायकबाट प्राप्त जानकारी ।

[५३] ऐजन ।

साप्ताहिक पत्रिकामा छपाएका थिए[५४] । अहिले नेपालका राजनीतिक दलका नेताहरू राष्ट्रिय सहमतिको राजनीतिक प्रणालीमा विश्वास राखेर यसको अभ्यास गरि रहेको देख्दा उनलाई सन्तुष्टि मिलेको कुरा उनी बताउँछन्[५५] । अहिले उनी नेपाली जीवन शैली नामक व्यावसायिक कम्पनी खोलेर त्यसैमा कार्य गरि रहेका छन् र सन्तुष्ट पनि छन्[५६] ।

### २.१३.२ ग्लानि

विगतमा गरिएका कार्यहरूको समीक्षा गर्दा आफूलाई कुनै बेला नगर्नु पर्ने कार्य गरेको वा गल्ती नै गरेंछु भन्ने हीनताको अनुभव हुन्छ तब त्यसप्रति ग्लानि महसुस हुन्छ । कुनै पनि मानिसले गर्ने सबै कार्य सही नै हुन्छन् भन्न सकिँदैन । कार्य गर्दै गर्दाको समयमा सही लागे पनि पछि कति कार्यले गलत प्रभाव पारि रहेका पनि हुन सक्छन् । यसैगरी कहिले काहीँ गलत निर्णय गर्ने वा कमजोरी प्रस्तुत गर्ने मानवीय स्वभाव पनि हो । यस्तै गल्ती कमजोरीले नै मानिसलाई ग्लानि अनुभव हुन्छ[५७] । जलकन्या प्रा.वि.मा खेल खेल्ने क्रममा सरको सुरुवालको इजार चुडाइ दिएकामा उनलाई ग्लानि भएको छ[५८] । त्यस्तै उनका रचनाहरू हराएकोमा उनी अत्यन्त दुखी बनेका छन् । आफ्नै लापरवाहीले गर्दा उनका रचनाहरू हराएका हुन्[५९] ।

## २.१४ सम्पन्न गरेका कार्यहरू

मानिसले जीवनभर कुनै न कुनै कार्य गरि नै रहेको हुन्छ । जीवनभर गरेका सबै कार्य उत्तिकै महत्त्वपूर्ण भने हुँदैनन् । कार्यहरूको तुलना गर्दा तिनको महत्त्व केही कम वा बढी हुने भए पनि धेरै नै महत्त्वपूर्ण कार्य गर्नका लागि व्यक्तिले पाएको अवसर र ऊ रहेको स्थानले पनि भूमिका खेलेको हुन्छ । महत्त्वपूर्ण स्थान र अवसर पाएका अवस्थामा गरेको महत्त्वपूर्ण कार्यले कुनै व्यक्तिको व्यक्तिगत र पारिवारिक रूपमा मात्र नभएर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको कार्यका रूपमा रहेको हुन्छ ।

---

[५४] ऐजन ।

[५५] ऐजन ।

[५६] ऐजन ।

[५७] भीष्मराज काफ्ले, पूर्ववत् पृ.३० ।

[६०] शोधनायकबाट प्राप्त जानकारी ।

[६१] ऐजन ।

नेपालमा विभिन्न किसिमका राजनैतिक उथल पुथलहरू भइ रहेको पाइन्छन् । २०१७ पछि पञ्चायती शासनको उदय भयो र २०४६ सालसम्म एकात्मक रूपमा आफ्नो शासन सत्ता जमायो । यस समयमा नेपाली जनताहरू निरीह भएर आफ्नो जीवन गुजारि रहेका थिए । यही पञ्चायती शासनको एकात्मक राज्य सञ्चालन भइ रहेको बेलामा खगेन्द्र सिटौला वि.सं. २०४४ सालमा उपप्रधानपञ्च भए भने २०४४ सालमा नै जिल्ला पञ्चायत उपसभापति बनेर जनताको सेवा गर्ने काम गरे[६०] । यसै गरी २०४६ सालमा नेपालमा ऐतिहासिक जन आन्दोलन भयो र प्रजातन्त्र प्राप्ति भयो । प्रजातन्त्र प्राप्त भएपछि उनी फेरि जि.वि.स. सभापति बनेर जनताको सेवा गरे[६१] । उनी २०४९ देखि २०५४ सम्म जिल्ला विकास समिति तेह्रथुमको सभापति भएका थिए[६२] ।

## २.१५ जागिरे जीवन

खगेन्द्र सिटौलाले वि.सं २०३१ सालमा एस. एल. सी. पास गरेका थिए । यहीँबाट नै उनले जागिर खानेबारे सोच बनाएको पाइन्छ । वि.सं.२०३३ मा उनी प्राथमिक शिक्षक बने र १० वर्षजति काम गरे[६३] । यस क्रममा उनी चुहानडाँडा ८ मा सञ्चालित सूर्योदय प्रा.वि.मा प्रधानाध्यापक समेत बने भने शिवधर नि.मा.वि. र शारदा मा.वि.मा पनि उनी शिक्षक भएर काम गरे । त्यसपछि राजनीतिमा लागेका सिटौलाले जागिर खाने सोच बनाएका छैनन्[६४]।

## २.१६ जेल जीवन

खगेन्द्र सिटौला राजनैतिक व्यक्ति भएका कारण उनले जेल जीवनको अनुभव पनि सङ्गालेका छन् । २०४२ सालमा उनी पञ्चायत विरोधी गतिविधिमा संलग्न भएको आरोपमा जेल परेका थिए[६५] । उनले एक वर्ष केन्द्रीय कारागार काठमाडौंमा बन्दी जीवन बिताए[६६] । त्यसबेला नेपाली काङ्ग्रेसको सत्याग्रह आन्दोलन चलि रहेकाले गर्दा धेरै

---

[६०] ऐजन ।

[६१] ऐजन ।

[६२] ऐजन ।

[६३] ऐजन ।

[६४] ऐजन ।

[६५] ऐजन ।

[६६] ऐजन ।

राजनैतिक बन्दीहरू केन्द्रीय कारागारमा थिए । तत्कालीन चर्चित नेताहरूसँग एउटै कारागारमा बस्न पाएकाले उनले कुनै पनि किसिमका कष्ट भोग्नु परेन[६७] । अर्थात् उनको जेल जीवन रमाइलोसित बित्यो । त्यस्तै उपसभापति भएका बेलामा तेह्रथुममा दिएको भाषणको कुरालाई लिएर उनलाई नजरबन्दमा राखिएको थियो । उनी करिब दुई महिना जति नजरबन्दमा बसे[६८] ।

### २.१७ स्रष्टा जीवन

कुनै पनि साहित्यकारको सिर्जनात्मक गतिविधिमा पृष्ठभूमि र परम्परा रहेको हुन्छ । साहित्यकार कुनै व्यक्ति, घटना, राष्ट्रिय, अन्तर्राष्ट्रिय परिवेश, जीवनको भोगाइ, समाज, संस्कृति आदिबाट प्रेरित र प्रभावित रहेको हुन्छ । यसबाहेक स्रष्टाको सिर्जनामा स्वतःस्फूर्त प्रतिभाले पनि भूमिका खेलेको हुन्छ । यसरी प्रभाव, प्रेरणाको ग्रहण एवम् प्रतिभाको उपयोग गर्ने साहित्यकारले मानव जीवनको हित र उन्नति, विचारको प्रस्तुति तथा आत्मिक सन्तुष्टिका लागि साहित्य सिर्जना गरेको हुन्छ [६९] । खगेन्द्र सिटौला साहित्यका क्षेत्रमा स्कुले अवस्थादेखि नै प्रवेश गरेका हुन्[७०] । उनको साहित्यिक जीवनमा के कस्तो प्रभाव छ, सिर्जित रचनाहरू के कस्तो अवस्थामा छन्, प्रकाशित रचना र पुस्तकाकार कृतिको स्वरूप कस्तो छ र कुन विधामा बढी कलम चलेको छ भन्ने कुरालाई यहाँ अध्ययन गरिएको छ ।

### २.१८ प्रेरणा, प्रभाव र प्रारम्भ

खगेन्द्र सिटौलाको पारिवारिक पृष्ठभूमि हेर्दा साहित्यिक वातावरण रहेको पाइन्छ । उनका दाजु मोहन प्रसाद सिटौला साहित्यकार थिए । उनको दाजुसँग लेखनाथ ठुला कि देवकोटा ठुला भन्ने विषयमा कहिलेकाहीँ बहस पनि हुने गर्दथ्यो[७१] । विशेषतः स्कुलमा साप्ताहिक रूपमा शुक्रबार हुने साहित्यिक कार्यक्रमबाट उनलाई साहित्य सिर्जना गर्ने प्रेरणा मिलेको हो[७२] । त्यस्तै उनी लोकगीतहरू सुन्ने गर्दथे । उनी कक्षा ८ मा पढ्दादेखि नै गीतहरू लेख्ने गर्दथे । उनले कक्षा १० का विद्यार्थीलाई बिदाइ गर्ने क्रममा गीतहरू लेखेका

---

[६७] ऐजन ।
[६८] ऐजन ।
[६९] ऐजन ।
[७०] ऐजन ।
[७१] ऐजन ।
[७२] ऐजन ।

थिए[७३] । पारिवारिक पृष्ठभूमि र बाल्यकालका यिनै विविध पृष्ठभूमिबाट उनले प्रभाव र प्रेरणा ग्रहण गरेका हुन्[७४]।

खगेन्द्र सिटौलाको लेखनको आरम्भको मिति यकिन नभए पनि स्कुले जीवनबाट नै सुरु भएको पाइन्छ । उनी २०२७/२८ सालतिरै हाइस्कुकलको छात्र हुँदा कविता लेख्ने र मौका पर्दा शिक्षकहरूलाई देखाउने गर्दथे[७५] । प्रकाशनका दृष्टिले चाँहि २०४७ सालमा उनको नाटक छापियो[७६] । प्रारम्भिक चरणमा लेखिएका उनका अनेकौं कविताहरू अहिले हराइ सकेका छन् । पुस्तकाकारका रूपमा प्रकाशित पहिलो कृति भने **बौलाही दिदीको अधुरो तिहार** नाटक हो[७७], जुन २०४७ सालमा प्रकाशित भएको छ ।

## २.१९ प्रकाशित कृति

करिब तिन दशक लामो साहित्यिक यात्रा पूरा गरि सकेका खगेन्द्र सिटौलाको साहित्यिक लेखन फुटकर रचानामा नै रमेको पाइन्छ । नेपाली साहित्यको सेवा गर्ने क्रममा उनले नेपाली साहित्यका विविध फाँटमा कलम चलाएका छन् । उनले मुख्य रूपमा नाटक विधामा कलम चलाएका छन् । उनका कतिपय रचनाहरू विभिन्न पत्र पत्रिकामा प्रकाशित भएका छन् । उनले नाटकका अतिरिक्त कविता, निबन्ध, कथा आदि विधामा कलम चलाएका छन् । पुस्तकाकारका रूपमा प्रकाशित भएका उनका कृति तथा तिनको विवरण सूची प्रकाशन वर्षका आधारमा तल दिइएको छ : **बौलाही दिदीको अधुरो तिहार** (२०४७), **रातो तारा चम्किएपछि** (२०४७), **आधा क्षितिज उचाल्ने हातहरू** (२०४८) र **पृथ्वीविचार र व्यवहार** (२०६१) ।

## २.२० अविस्मरणीय क्षण

जीवन भन्नु भोगाइ पनि हो । जीवन भोगाइका क्रममा मान्छेमा सुखदुखका विभिन्न अनुभवहरू सङ्गालिन्छन् । यस क्रममा मानिसले कहिले सामान्य खालका अनुभवहरू बटुल्छ भने कहिले गहिरो प्रभाव पार्ने विशिष्ट खालका अनुभव हासिल गर्ने अवसर पनि प्राप्त गर्दछ । यही गहिरो प्रभाव पार्ने विशिष्ट अनुभव हाँसिल गर्दाको क्षण नै अविस्मरणीय

---

[७३] ऐजन ।
[७४] ऐजन ।
[७५] ऐजन ।
[७६] ऐजन ।
[७७] ऐजन ।

क्षणका रूपमा रहन्छ[७८] । खगेन्द्र सिटौलाको जीवनमा दाजुको मृत्युले गहिरो चोट परेको थियो । यो घटना उनको अविस्मरणीय क्षणका रूपमा रहेको छ[७९] ।

### २.२१ बसोबास

खगेन्द्र सिटौलाको पैतृक थलो तेह्रथुम जिल्लाको चुहानडाँडा गा.वि.स. हो[८०] । सिटौला पनि लामो समयसम्म त्यही स्थानलाई स्थायी बसोबासको स्थानका रूपमा प्रयोग गर्दै आए[८१] । वि.सं.२०५९ सालदेखि उनी काठमाडौंका विभिन्न स्थानहरूमा बसोबास गर्दै आएका छन् । हाल उनी काठमाडौं महानगरपालिका वडा नं. ७ रुद्रमार्ग रातोपुलमा अस्थायी बसोबास गरि रहेका छन्[८२] ।

### २.२२ दिनचर्या

खगेन्द्र सिटौलाको दिनचर्या सामान्य रूपमा बित्दछ । सामान्यतः उनी पाँच बजेभन्दा अगाडि उठ्छन्[८३] । त्यसपछि उनको दैनिक क्रियाकलाप सुरु हुन्छ । पत्र पत्रिका पढ्ने, टि.भी. हेर्ने गर्दछन् भने आफ्नो व्यवसाय अन्तर्गत माछालाई चारो हाल्ने, पानी सफा गर्ने जस्ता कार्य गरेर दिन बिताउने गर्दछन्[८४] । बेलुकाको खाना पश्चात् केही समय उनी लेख्ने पढ्ने काम गर्दछन् । सामान्यतः उनी रातको १०/११ बजेतिर मात्र सुत्दछन्[८५] ।

### २.२३ भ्रमण

मानिस स्वभावैले भ्रमणशील प्राणी हो । अतः उसले विभिन्न उद्देश्य राखेर विभिन्न ठाउँ भ्रमण गर्न रुचाउनु अस्वाभाविक होइन । भ्रमणबाट मानिसमा उद्देश्यको प्राप्ति र ज्ञान तथा अनुभव बृद्धि हुने हुँदा विभिन्न पक्षमा लाभ नै पुग्दछ । यसै अनुरूप खगेन्द्र

---

[७८] भीष्मराज काफ्ले, पूर्ववत् पृ. ३८ ।

[७९] शोधनायकबाट प्राप्त जानकारी ।

[८०] ऐजन ।

[८१] ऐजन ।

[८२] ऐजन ।

[८३] ऐजन ।

[८४] ऐजन ।

[८५] ऐजन ।

सिटौलाले पनि राजनैतिक, सांस्कृतिक, उद्देश्यका साथ नेपाल र भारतका विभिन्न स्थानको भ्रमण गरेका छन्[८६] ।

## २.२४ सम्मान तथा पुरस्कार

कुनै पनि मानिसले आफूले गरेको कार्यको आधारमा त्यसको फल प्राप्त गर्दछ । राम्रो काम गर्नेले सम्मान र पुरस्कार पाउँछ भने नराम्रो काम गर्नेले दण्ड सजाय पाउँछ । यसरी सम्मान पुरस्कार तथा दण्ड र सजाय पाउँदा पनि त्यसका विभिन्न स्वरूप भने अवश्य हुन्छन्[८७] । खगेन्द्र सिटौलाले आफ्नो जीवनको केही समय राजनीतिमा व्यतीत गरेको र हाल आफ्नो व्यवसाय सञ्चालन गरेर बसेका हुनाले राजनीति, साहित्य र व्यापार भन्दा बाहेक हात हालेको देखिँदैन । जसका कारण उनले सामाजिक तथा संस्थागत रूपमा प्राप्त हुने भौतिक पुरस्कार त कमै पाएका छन् । जन समर्थन र विचारप्रति सम्मान भने प्रशस्त पाएका छन्[८८] । राजनीतिको पाटो भौतिक पुरस्कार प्राप्त गर्ने भन्दा पनि सङ्घर्षमा सफलता प्राप्त गर्ने र सबै जनताको आकाङ्क्षा पूर्ति गर्दै अगाडि बढ्ने पाटो भएको हुँदा त्यता प्राप्त गरेको सफलता नै राजनेताको पुरस्कार हो भन्ने उनको दृष्किोण छ[८९] । उनले भौतिक रूपमा भने २०४६ सालमा भूकम्प सेवा पदक पाएका छन्[९०] ।

## २.२५ साहित्य सम्बन्धी दृष्टिकोण

साहित्य समाजको दर्पण हो । साहित्यकारले साहित्यमा आफ्नो समाजको चित्र उतारेको हुन्छ । स्रष्टाले आफ्ना भनाइलाई पाठकसामु पुऱ्याउन रचनालाई माध्यम बनाएको हुन्छ[९१] । साहित्यलाई मानवीय चिन्तन, मनन र व्यवहारको उपज मान्ने खगेन्द्र सिटौला साहित्य जीवन र जगतका लागि हुनु पर्दछ[९२] । यसले जीवनलई मार्ग दर्शन गर्नु पर्दछ । स्तरीय र कलात्मक हुनु पर्दछ । कोरा कल्पनात्मक एवम् समाजलाई उपेक्षा गर्ने किसिमको हुनु हुँदैन भन्ने मान्यता राख्दछन्[९३] । समाजमा चेतना फैलाउँदै अग्रगामी

---

[८६] ऐजन ।

[८७] भीष्मराज काफ्ले, पूर्ववत् पृ. ४१ ।

[८८] शोधनायकबाट प्राप्त जानकारी ।

[८९] ऐजन ।

[९०] ऐजन ।

[९१] भीष्मराज काफ्ले, पूर्ववत् पृ. ४१ ।

[९२] ऐजन ।

[९३] ऐजन ।

परिवर्तनको दिशामा अघि बढ्ने साधनको रूपमा साहित्यलाई लिइनु पर्छ[९४] भन्ने उनको धारणा रहेको छ । साहित्यले मनोरञ्जन दिलाउँछ भन्ने कुरामा उनी विश्वस्त छन् ।

## २.२६ जीवन जगत् सम्बन्धी दृष्टिकोण

मानव जीवनमा दर्शनले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । दर्शन जीवनको आँखा हो । लेखकले आफ्नो रचनाद्वारा कुनै न कुनै दर्शनको प्रवाह गरेकै हुन्छ । कुनै पनि साहित्यकारका धारणा, मान्यता उसको अध्ययन, रचनात्मक कार्य, सामाजिक सङ्घ संस्थाप्रतिको आबद्धता, जीवन जगतबाट प्राप्त प्रभाव र प्रेरणाबाट निश्चित भएको हुन्छ[९५] । खगेन्द्र सिटौलको पनि जीवन जगतसम्बन्धी आफ्नै किसिमको धारणा रहेको छ । मानवको जन्मलाई उनी प्राप्ति[९६] मान्दछन् । यस्तो अवसर फेरि फेरि प्राप्त नहुने हुँदा जीवनमा संवेदनशील भएर कार्य गर्नु पर्ने र यस्तो कार्यले मानवको हित गर्नु पर्ने उनको मान्यता छ । जीवनमा विविध अवसरहरू प्राप्त हुन्छन् । यिनै अवसरलाई सही समयमा सदुपयोग गरी सुन्दर मानव जीवनलाई अझ सुन्दर बनाउन सक्नु पर्छ[९७] भन्ने उनको धारणा रहेको छ ।

## २.२७ निष्कर्ष

निम्न मध्यम वर्गीय कृषक परिवारका सदस्यका रूपमा जन्मेका खगेन्द्र सिटौललाले स्कुले उमेरदेखि सुरु गरेको साहित्यिक यात्रा अहिले आएर शिथिल भएको पाइन्छ । राजनीति र साहित्यलाई एकसाथ अगाडि बढाएका सिटौलाले कविता, गीत, कथा, निबन्ध, नाटक रचना गरेका भए पनि केही रचनाहरू सिटौलाको आफ्नै लापर्वाहीका कारण हराएका छन् । यो दुखको कुरो हो । हालसम्म उनका तिन नाटक र एक निबन्धात्मक कृति प्रकाशित छन् भने केही फुटकर लेख रचनाहरू विभिन्न पत्र पत्रिकामा प्रकाशित छन् । साहित्यानुरागी खगेन्द्र सिटौला नेपाली साहित्यको विकासमा योगदान पुऱ्याउने एक व्यक्ति हुन् ।

---

[९४] ऐजन ।

[९५] भीष्मराज काफ्ले, पूर्ववत् पृ.४२ ।

[९६] शोधनायकबाट प्राप्त जानकारी ।

[९७] ऐजन ।

परिच्छेद तिन

# खगेन्द्र सिटौलाको व्यक्तित्व

## ३.१ विषय परिचय

व्यक्तिका व्यक्तिगत एवम् सामूहिक जीवन भोगाइका क्रममा उसका जीवनमा देखा परेका साधारण एवम् असाधारण स्थितिबाट व्यक्तित्वको निर्माण हुन्छ । उसको व्यक्तित्वको निर्माण व्यक्तिगत रूपमा मात्र नभएर समाज, संस्कृति र साहित्यमा उसले खेलेको भूमिकाबाट पनि हुन्छ । व्यक्तित्व वंश परम्परागत जैविक वृत्ति पुञ्जका रूपमा सृजित हुन्छ र शिक्षादीक्षा सङ्गति र वातावरणका आलोकबाट प्राप्त वा आर्जित अनुभवद्वारा सम्बृद्ध बन्दछ । व्यक्तिले आफ्ना आन्तरिक स्वरूपलाई दृढ बनाउने क्रममा प्रत्येक परिवर्तित स्थितिमा प्रतिभाको स्पष्ट र गहन छाप छोडेको हुन्छ । त्यसैले व्यक्तित्वको अर्थ परिवर्तनशीलता नभई प्रतिकूल स्थितिको अनुकूल चल्न सक्ने यो शक्तिसत्ता हो, जसले मानिसलाई प्रत्येक क्षणमा आफ्ना दृष्टिकोण राख्न अभिप्रेरित गरेको हुन्छ । वास्तवमा व्यक्तिका जीवनमा देखा परेका विविध पक्ष र उसमा निहीत प्रतिभाले उसको व्यक्तित्वको परिचय दिन्छ । व्यक्तित्व व्यक्तिको अनुभव, ज्ञान, शिक्षादीक्षा, मूल प्रवृत्ति एवम् आर्जित गुणहरूको समूह हो । व्यक्तित्वबाट नै व्यक्ति समाजमा परिचित हुन्छ । समाजमा उसले देखाएका प्रकृति आचरण रुचि र स्वभावबाट पनि उसको व्यक्तित्व निर्माण भएको हुन्छ । उसले गरेका विकासात्मक र रचनात्मक कार्यमा पनि आफ्नो व्यक्तित्वको छाप छोडेको हुन्छ । एउटै व्यक्ति साहित्य, समाज, राजनीति, शिक्षा आदि क्षेत्रमा समर्पित हुँदा उसका व्यक्तित्वका बहुविध पाटाहरूको निर्माण हुने गर्दछ । यिनै बहुविध पाटाहरूबाट निर्मित खगेन्द्र सिटौलाको विविध व्यक्तित्वको अध्ययन यस अध्यायमा गरिएको छ ।

## ३.२ निजी व्यक्तित्व

व्यक्तिको निजी व्यक्तित्व भन्नाले उसको बाह्य शारीरिक अवस्था र उसको व्यवहारबाट झल्कने निजत्वलाई बुझ्न सकिन्छ[१] । व्यक्तिको सार्वजनिक व्यक्तित्वको छवि किटान गर्नका लागि पनि उसको निजी व्यक्तित्वको पहिचान नितान्त आवश्यक छ । किनभने व्यक्तिका स्पष्ट स्वरूप उसका सार्वजनिक व्यक्तित्व चरण चरणमा उजिलिएको हुन्छ ।

[१] भीष्मराज काफ्ले, पूर्ववत् पृ. ४५ ।

### ३.३ साहित्यकार व्यक्तित्व

सामान्यतया कुनै पनि व्यक्तिको कृतिका आधारमा त्यस व्यक्तिको साहित्यिक व्यक्तित्व निर्धारण गरिएको पाइन्छ । आफ्नो स्कुले जीवनदेखि नै साहित्य क्षेत्रमा प्रवेश गरेका खगेन्द्र सिटौलाको साहित्यिक व्यक्तित्व मुख्य रूपमा नाटककार व्यक्तित्वका रूपमा प्रकट भएको पाइन्छ  तापनि नितान्त नाटकमा मात्र सीमित छैन । साहित्यका गीत, कविता, कथा, उपन्यास, निबन्ध, वैचारिक लेखन, सम्पादन जस्ता विधामा पनि उनले कलम चलाएका छन् । सिटौलाको सिर्जनात्मक योगदानलाई साहित्यिक व्यक्तित्वका रूपमा राखी उनको साहित्यिक व्यक्तित्वका विभिन्न पक्षहरूको छुट्टाछुट्टै अध्ययन तल गरिएको छ ।

#### ३.३.१ नाटककार व्यक्तित्व

खगेन्द्र सिटौलाले कविता विधामार्फत आफ्नो साहित्यिक यात्रा प्रारम्भ गरेका भए तापनि उनको सहित्यिक कलम नाटक विधाका क्षेत्रमा सशक्त रूपमा चलेको पाइन्छ । उनले रचना गरेको नाटक **आमाको काखमा** तेह्रथुम क्याम्पसको स्ववियुले २०३७ सालमा मञ्चन गरेको थियो । यो नाटक पुस्तकाकार रूपमा भने आउन सकेन । प्रकाशनका दृष्टिले उनको पहिलो नाटक **बौलाही दिदीको अधुरो तिहार** (२०४७) हो ।  उनका तिनओटा नाट्य कृति  **बौलाही दिदीको अधुरो तिहार** (२०४७), **रातो तारा चम्किएपछि** (२०४७) र **आधा क्षितिज उचाल्ने हातहरू** (२०४७) पुस्तकाकारका रूपमा प्रकाशित भएका छन् ।

#### ३.३.२ कवि व्यक्तित्व

खगेन्द्र सिटौलाले  कविता विधामार्फत नै साहित्यमा प्रवेश गरेका हुन्  । सिटौलाले आफ्नो साहित्यिक यात्राको आरम्भकालीन समय विशेषतः २०२७ साल अघिको समयमा थुप्रै मात्रामा कविता तथा गीतको रचना गरेका छन् जसले उनको कवि तथा गीतकार व्यक्तित्वको निर्माण गरेको छ । खगेन्द्र सिटौलाका कविताहरू प्रकाशनमा भने आएका छैनन् । उनले आफूभन्दा अगाडिका विद्यार्थीहरूलाई बिदाइ गर्ने क्रममा गीतहरू पनि लेखेका भए तापनि ती पनि प्रकाशनमा आएका पाइँदैनन् । त्यस समयका सिटौलाका रचनाहरू अहिले प्राप्त पनि छैनन् । आफ्नै लापर्बाहीका कारण हराएका कुरा सिटौला स्वयम् स्वीकार  गर्दछन् । उनका अनुसार लघु आयामका प्रगीतात्मक संरचनायुक्त कविता, गीतको रचना गरेको पाइन्छ । पछिल्लो समयमा यिनले कविता लेख्न छोडेर नाटक विधामा

कलम चलाएको पाइन्छ, जसका कारण उनको कवि तथा गीतकार व्यक्तित्व ओझेलमा परेको पाइन्छ ।

### ३.३.३ कथाकार व्यक्तित्व

खगेन्द्र सिटौलाको साहित्यिक व्यक्तित्व कवि व्यक्तित्व सँगसँगै आरम्भ भएको अर्को महत्त्वपूर्ण व्यक्तित्व कथाकार व्यक्तित्व हो । उनले 'उसले आमा खोजिरह्यो', 'लाहुरे', 'च्यान्टी' जस्ता कथा लेखेको जानकारी पाइन्छ । उनका कुनै पनि कथाहरू प्रकाशित भएका छैनन् ।

### ३.३.४ निबन्धकार व्यक्तित्व

खगेन्द्र सिटौलाले विभिन्न वैचारिक निबन्धहरूको लेखनबाट आफूलाई निबन्धकार व्यक्तित्वका रूपमा पनि स्थापित गरेका छन् । उनको निबन्ध लेखन वैचारिक, दार्शनिक लेखहरूको लेखन र प्रकाशनसँगै अगाडि बढेको पाइन्छ । उनले आफ्ना निबन्धहरूलाई निबन्ध नै नभने पनि विभिन्न पत्र पत्रिका तथा पुस्तकाकार कृतिमा प्रकाशित यस्ता रचनाहरू साहित्यको निबन्ध विधाको नजिक भएकाले तिनलाई निबन्धका रूपमा नै हेर्नु उपयुक्त हुन्छ । यिनै निबन्धात्मक रचनाबाट उनको निबन्धकार व्यक्तित्वको निर्माण भएको पाइन्छ । उनको वैचारिक निबन्धहरूको सङ्ग्रह **पृथ्वीविचार र व्यवहार** पुस्तकाकारका रूपमा प्रकाशित छ । यस निबन्ध सङ्ग्रहमा पृथ्वीनारायण शाहले अन्तिम अवस्थामा आफ्ना भाइ भारदारलाई दिएका दिव्योपदेशका विभिन्न अंशहरूको वैचारिक रूपमा व्याख्या विश्लेषण गरिएको छ । साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशमा देखिएका विभिन्न सन्दर्भको विश्लेषण गर्दै तथ्यपरक विचारको प्रस्तुति समेत गरिएको छ ।

### ३.३.५ गीतकार व्यक्तित्व

साहित्यका विविध विधामा योगदान गरेका खगेन्द्र सिटौलाको बहुमुखी व्यक्तित्व गीतकारका रूपमा पनि प्रकट भएको छ । उनी कक्षा ८ मा पढ्दादेखि नै गीत रचनामा लागेका हुन् । कक्षा १०का विद्यार्थीहरूलाई बिदाइ गर्ने क्रममा बिदाइ गीतहरू लेखेका थिए । उनका यस्ता गीतहरूमा मित्रताका भावहरू झल्किएका छन् साथै हरेक गीतमा बिदाइ भएर जाने विद्यार्थीहरूको प्रगतिको कामना गरिएको छ[२] । सिटौला कम्युनिस्ट विचारबाट प्रभावित

[२] शोधनायकबाट प्राप्त जानकारी ।

भएका कारण उनका कतिपय गीतहरूमा वर्गीय साहित्यलाई अनुसरण गर्दै परिवर्तन, स्वतन्त्रता र मुक्तिका आवाजहरू मुखरित भएका छन् । उनी कविता रचनाकै क्रममा यसको उपविधाका रूपमा पनि गीत रच्ने गर्दथे[३] । उनका गीतहरू कलाकारको स्वर र सङ्गीतमा गीति क्यासेटका रूपमा भने आएका छैनन् । अग्रगामी परिवर्तनका लागि प्रेरित गर्ने उद्देश्यका साथ गीतको रचना गर्ने सिटौलाको गीतकार व्यक्तित्व पनि निर्माण भएको पाइन्छ ।

### ३.४ सम्पादक व्यक्तित्व

खगेन्द्र सिटौलाको साहित्यिक व्यक्तित्व बहुविध रूपमा प्रकट हुने क्रममा सम्पादक व्यक्तित्वका रूपमा पनि प्रकट भएको छ । उनले 'भारद्वाज' मासिक पत्रिकाको सम्पादन गरेका थिए । यस कारण उनको सम्पादक व्यक्तित्व रहेको देखिए तापनि यस व्यक्तित्वले अन्य कुनै पत्र पत्रिका तथा पुस्तकको सम्पादन नगरेकाले अझ विकसित हुने अवस्था प्राप्त नगरेको बुझिन्छ ।

### ३.५ लेखक व्यक्तित्व

खगेन्द्र सिटौलाको स्रष्टा र द्रष्टा व्यक्तित्वका विभिन्न पाटाहरूमध्ये लेखकीय व्यक्तित्व पनि महत्त्वपूर्ण रूपमा रहेको पाइन्छ । उनी मूलतः राजनैतिक व्यक्ति भएकाले उनका विभिन्न वैचारिक/ दार्शनिक लेखहरू प्रकाशित भएका छन् । उनको राजनैतिक व्यक्तित्व गहन, ओजपूर्ण र तर्कपूर्ण लेखक व्यक्तित्वबाट उज्यालिएको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सामाजिक, आर्थिक, राजनैतिक विकृति, विसङ्गति, वैचारिक दार्शनिक अध्ययन र त्यसले पारेको प्रभाव, महान् व्यक्तिका व्यक्तित्व र तिनले प्रदर्शन गरेका मार्ग आदि अनेकौं विषयमा गहन र प्रभावकारी ढङ्गले लेख्ने सिटौलाका कैयौं लेखहरू **सगरमाथा दैनिक, प्रकाश साप्ताहिक** जस्ता पत्रिकाहरूमा प्रकाशित भएका छन् । उनका लेखहरू गहन र तर्कपूर्ण रहनुले उनको सशक्त लेखकीय व्यक्तित्वलाई देखाउँछ । राष्ट्रिय सहमतिको राजनीतिक प्रणालीको व्याख्याका साथै **जसूत्रीय** अभियानको वैज्ञानिक व्याख्या तथा अग्रगमनमा महत्त्वपूर्ण भूमिका खेल्न सक्नु उनको लेखकीय व्यक्तित्वको महत्त्वपूर्ण उपलब्धिका रूपमा रहेको छ ।

---

[३] ऐजन ।

### ३.६ बाह्य व्यक्तित्व

व्यक्तिको शारीरिक बनावट, आकार प्रकार जस्ता कुराहरू बाह्य व्यक्तित्वसँग सम्बन्धित हुन्छन् । शारीरिक दृष्टिले अग्लो तथा पातलो शरीर, पुष्ट गाला भएका खगेन्द्र सिटौलाको व्यक्तित्व आकर्षक नै देखिन्छ । गहुँगोरो वर्ण भएका सिटौला गम्भीर, स्वाभिमानी र धीर प्रवृत्तिका देखिन्छन् । उनको बोलीमा मधुरता र व्यवहारमा नम्रता पाइन्छ । शान्त स्वभावका उनी अलि ढिलो बोल्ने भएकाले शब्दहरूलाई तौली तौली सारपूर्ण कुराहरू बोल्ने गर्दछन् । केही भासिए जस्तो देखिने उनका आँखामा लगाएको चस्माले उनको व्यक्तित्वलाई थप उजागर गरेको छ । घरेलु पहिरनमा प्रायः हाप पेन्ट र सर्ट लगाउने सिटौला बाहिर निस्कँदा सट पाइन्टमा सजिन्छन् । उनी कहिले टोपी लगाउने र कहिले त्यतिकै कपाल कोरेर हिँड्ने गर्दछन् । सिटौला स्वाभिमानी व्यक्तित्वका रूपमा चिनिन्छन् ।

### ३.७ आन्तरिक व्यक्तित्व

कुनै पनि व्यक्तिको शील, स्वभाव, आचरण, प्रवृत्ति आदिका सन्दर्भमा आन्तरिक व्यक्तित्वको अध्ययन हुन्छ । खगेन्द्र सिटौलाको आन्तरिक व्यक्तित्वलाई हेर्दा उनी सानैदेखि अध्ययन गर्न रुचाउँथे । पढाइका अतिरिक्त समाज, साहित्य, खेलकुद आदि पक्षमा पनि चासो राख्दथे[४] । यही चासो अनुरूप नै उनमा सामाजिक समानता, स्वतन्त्रता र न्यायप्रतिको आग्रह, अन्याय, अत्याचारको विरोध गर्न पछि नपर्ने स्वभावको विकास भएको पाइन्छ[५] । केही गर्नु पर्छ भन्ने महत्त्वाकाङ्क्षा राख्ने उनी लगनशीलताका साथ आफ्नो कार्यमा लाग्दछन् । फुर्सदको समयमा ऐतिहासिक विषयका पुस्तकहरू पढ्ने गर्दछन् । विद्यार्थी कालदेखि नै राजनीति क्षेत्रमा लागेका उनी स्वतन्त्रता, समानता, सामाजिक न्याय तथा प्रगतिवादी, राष्ट्रवादी चिन्तनले प्रेरित भई अगाडि बढि रहेका सिटौला हाल आएर पृथ्वी नारायण शाहका विचार र व्यवहारप्रति आकर्षित भएका छन्[६] । उनी पृथ्वी नारायण शाहले आफ्ना भाइ भारदारहरूलाई दिएका उपदेशात्मक वाणीहरूको विश्लेषण कार्यमा जुटेको पाइन्छ[७] । यसरी उनको आन्तरिक व्यक्तित्व पनि बौद्धिक र सशक्त रहेको पाइन्छ ।

---

[४] ऐजन ।

[५] ऐजन ।

[६] ऐजन ।

[७] ऐजन ।

## ३.८ सार्वजनिक व्यक्तित्व

कुनै पनि व्यक्तिले निजको आफ्नै सरोकारसँग मात्र सम्बन्धित नरहेर सार्वजनिक महत्त्व राख्ने कार्य गर्दै आफ्नो पहिचान बनाउनुका साथै व्यक्तित्वको समेत निर्माण गरेको हुन्छ । यस दृष्टिबाट उसको सार्वजनिक व्यक्तित्वलाई हेर्न सकिन्छ । खगेन्द्र सिटौलाको सार्वजनिक व्यक्तित्वलाई हेर्दा उनको जीवन यात्रामा साहित्येतर र साहित्यिक व्यक्तित्वको विकास भएको पाइन्छ । उनले आफ्नो जीवनमा सामाजिक, राजनैतिक, शिक्षण सेवा जस्ता कार्य गरेर साहित्येतर व्यक्तित्वको निर्माण गरेका छन् भने कविता, गीत, कथा, नाटक, सम्पादन, वैचारिक लेखन आदि कार्य गरेर साहित्यिक व्यक्तित्वको निर्माण गरेका छन् । उनका यी विभिन्न क्षेत्रका क्रियाकलापहरू सार्वजनिक भएकाले त्यसबाट विकसित सार्वजनिक व्यक्तित्वको अध्ययन यहाँ सान्दर्भिक हुन जान्छ । त्यसैले सोको अध्ययन यहाँ गरिएको छ ।

### ३.८.१ सामाजिक व्यक्तित्व

सामाजिक जीवन यापनका क्रममा समाजसँग सम्बद्ध भएर त्यस समाजको विकास र रूपान्तरणका लागि समर्पित हुने क्रममा सामाजिक व्यक्तित्वको निर्माण हुन्छ । समाज र राष्ट्रका विविध कार्यमा आफूलाई सरिक गराएर र समाजको उत्थानका लागि सङ्घ संस्थामा संलग्न हुने तथा विकासात्मक एवम् रचनात्मक क्रियाकलापमा लागेर सामाजिक व्यक्तित्वको विकास भएको हुन्छ [८] । विद्यार्थीकालदेखि नै समाजमा विद्यमान रूढि एवम् अन्ध विश्वास हटाइ सामाजिक जागरण ल्याउन सक्रिय सिटौला आफ्नो सामाजिक सांस्कृतिक एवम् सुधारात्मक व्यक्तिको परिचय दिन सफल भएका छन्[९] । यस क्रममा २०४५ सालमा गएको भूकम्पमा परी घाइते भएका व्यक्तिहरूलाई आफू स्वयम् संलग्न भई हस्पिटल पुऱ्याउने काम गरेका थिए भने राहत वितरण कार्यक्रममा पनि संलग्न भएका थिए[१०] । परिवारका सदस्यहरूलाई त्यति समय दिन नसक्ने खगेन्द्र सिटौला सामाजिक कार्यमा भने डटेर लाग्ने गर्दथे । त्यस्तै समाजमा विद्यमान कुसंस्कार र कुसंस्कृतिको विरोध गर्ने तथा सामन्तवादी प्रवृत्तिको अन्त्य गर्दै स्वतन्त्रतापूर्वक बाँच्न र नवीन सोचका साथ समाजलाई अगाडि बढाउन सहयोग गर्ने कार्यमा पनि उनको महत्त्वपूर्ण योगदान रहेको

---

[८] यजुर्वेदानन्दप्रसाद भट्टराई , सि.पी. गजुरेल गौरवको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन , अप्रकाशित स्नातकोत्तर शोधपत्र, २०६६ पृ २९ ।

[९] शान्ता सुवेदीबाट प्राप्त जानकारी ।

[१०] ऐजन ।

छ[११] । यसरी सामाजिक क्षेत्रको संलग्नताले उनको सामाजिक अवधारणा र व्यक्तित्व विकास भएको छ ।

### ३.८.२ शिक्षक व्यक्तित्व

बालबालिकालाई शिक्षित र सचेत बनाएर समग्र देश हाँक्न सक्ने बौद्धिक नागरिक तयार गर्ने जस्तो संवेदनशील पेसाका रूपमा शिक्षण पेसालाई लिने खगेन्द्र सिटौलाले यस पेसामा पनि आफ्नो व्यक्तित्वको निर्माण गरेका छन् । आफ्नो जीवन यात्रामा उनले तिन ओटा छुट्टाछुट्टै स्कुलमा अध्यापन गरेका थिए । विद्यार्थी छँदैदेखि राजनीतिमा समेत सक्रिय रहेका सिटौला आई. ए. तहको अध्ययन गर्दै गर्दा शिक्षण पेसामा आबद्ध भएका थिए[१२] । २०३३ सालदेखि सूर्योदय प्रा.वि. चुहानडाँडा तेह्रथुममा शिक्षकका रूपमा शिक्षण गरे भने शिवधर नि.मा.वि. र शारदा मा.वि.मा पनि शिक्षण गरे । सिटौला १० वर्ष  शिक्षण पेसामा आबद्ध भए[१३] । यस पश्चात् भने उनले शिक्षण पेसामा नलागी राजनीतिमा मात्र सक्रियता देखाए । सिटौलाले शिक्षण पेसालाई लामो समयसम्म निरन्तरता नदिए पनि विद्यार्थी र सहकर्मीहरूबिच लोकप्रियता कमाए । छोटो समयका अध्ययनशील र प्रभावशाली शिक्षकको प्रभाव छोड्न सफल उनले गुणी, कुशल तथा दक्ष शिक्षक व्यक्तित्वको निर्माण गरेका छन्[१४] ।

### ३.८.३ राजनैतिक व्यक्तित्व

जीवनको स्कुले अवस्थादेखि नै राजनैतिक सङ्गठनमा लागेर सङ्घर्ष गर्दै अगाडि बढेका खगेन्द्र सिटौलाको राजनैतिक व्यक्तित्व आजसम्म आइपुग्दा  राष्ट्रिय स्तरमा महत्त्व राख्ने भएको  छ । उनले आफ्नो राजनैतिक यात्रामा जति पनि सङ्घर्ष गरेका छन् ती सबै एउटा सामान्य राजनैतिक आस्था राख्ने मानिस र कार्यकर्ताको  स्तरका मात्र नभएर उच्च नेतृत्वदायी भूमिकामा रहेर गरेका छन् । तेह्रथुमबाट विद्यार्थी राजनीति सुरु गरेका खगेन्द्र सिटौला जिल्ला पञ्चायत उपसभापति एवम् जि.वि.स. सभापति भएर जिम्मेवारी पुरा गरेका थिए । कम्युनिस्ट राजनीतिलाई आदर्श मान्ने सिटौला २०५६ सालको आम निर्वाचनमा

[११] ऐजन ।

[१२] शोधनाकबाट प्राप्त जानकारी

[१३] ऐजन ।

[१४] शान्ता सुवेदीबाट प्राप्त जानकारी ।

नेकपा (माले) का तर्फबाट उम्मेदवार बनेका थिए । त्यसपछि उनमा कम्युनिस्टप्रतिको आस्था घट्दै गएको छ । हाल उनी कुनै पनि राजनीतिक पार्टीसँग आबद्ध नभई स्वतन्त्र रहेका छन्[१५] । यसरी खगेन्द्र सिटौलाले आफूलाई मूलतः राजनैतिक क्षेत्रमा समर्पित गर्दै राजनैतिक व्यक्तित्वको निर्माण गरेका छन् । उनको यो व्यक्तित्व राष्ट्रिय स्तरमा परिचित रहेको छ ।

## ३.९ जीवनी, व्यक्तित्व र साहित्य सिर्जनाबिच सामञ्जस्य

खगेन्द्र सिटौलाले ५५ वर्षे आफ्नो दीर्घ जीवनयात्रा व्यतीत गरेका छन् । यस क्रममा उनी समाजिक, सांस्कृतिक, राजनैतिक, आर्थिक परिवेशलाई भोग्दै र सामना गर्दै जीवनको वर्तमान स्थितिमा आइ पुगेका छन् । यही लामो जीवन यात्राका क्रममा जीवन भोगाइका अनुभव, परिवार, समाज, शिक्षादीक्षा, प्रभाव, प्रेरणा, पीडा, खुसी, सफलता विफलता, सरल जटिल आदि परिस्थितिहरूले सिर्जिएका अनुभव र अनुभूतिहरूले सिटौलालाई एउटा निश्चित मार्ग दर्शन गर्दै लगेको कुरा उनको जीवनीको अध्ययनबाट स्पष्ट हुन्छ जसको फलस्वरूप उनी समाज र साहित्यको सेवा गरेर अन्याय अत्याचार, शोषण र वर्गीय विभेद रहित स्वच्छ न्यायमूलक, विकसित तथा समतामूलक समाजको परिकल्पनामा उन्मुख भएका छन् । व्यक्तिगत जीवनमा भोग्नु परेका आरोह, अवरोह, जेल, नेल, सङ्घर्षको मोर्चा घुम्ती तथा मोडहरूमा नेपाली समाजमा व्याप्त वर्गीय, जातीय, क्षेत्रीय, सांस्कृतिक विभेद जस्ता समस्याहरूबाट ग्रसित परिवेशबाट साहित्यकार खगेन्द्र सिटौलाको जन्म भएको छ । नेपाली जीवनका यिनै परिवेशहरूमध्ये राजनीतिक र साहित्यिक वातावरणले प्रभावित सिटौलाको राजनीतिकै समकक्षको महत्त्व राख्ने पक्ष नेपाली साहित्यको सेवा र सम्बर्द्धन हो । त्यसैले सिटौलाको महत्त्वपूर्ण पक्ष नेपाली साहित्य र समाजको सेवा गर्नु पनि हो । उनले थुप्रै कृतिहरूको रचना गरेको भए पनि ती सबै रचना आज उपलब्ध छैनन् । उनका केही रचनाहरू तेह्रथुमको सदरमुकाम म्याङ्लुङ् बजारमा आगलागी हुँदा जलेर नष्ट भएका छन् भने केही रचनाहरू उनका आफ्नै लापर्बाहीका कारण हराएका छन्[१६] ।

---

[१५] शोधनाकबाट प्राप्त जानकारी ।

[१६] शान्ता सुवेदीबाट प्राप्त जानकारी

यसरी निम्न मध्यम वर्गीय परिवारमा जन्मेर जीवनमा नेपाली परिवेशको उतार चढावको सामना गर्दै अध्ययन, समाज सेवा, साहित्य सेवा, राजनीति जस्ता क्षेत्रलाई कर्तव्यको रूपमा लिने खगेन्द्र सिटौलाको निजी र सार्वजानिक व्यक्तित्व निर्माण भएको छ । त्यही जीवन शैली र परिवेशबाट निर्मित उनको सार्वजनिक, साहित्यिक व्यक्तित्वको प्रभाव साहित्य लेखनमा परेको छ । उनका बहुआयामिक व्यक्तित्वमध्ये साहित्यिक, सामाजिक र राजनीतिक परिवेशप्रतिको सूक्ष्म दृष्टिकोणका साथै आफूले देखेको र भोगेको जीवन जगतको चित्रणबाट साहित्यिक व्यक्तित्व निर्माण भएको छ । बहुसङ्ख्यक नेपालीले भोग्नु परेका अन्याय, अत्याचार, शोषण, दमन, थिचोमिचो, असमानता, विभेद, बाध्यता, विवशता, विसङ्गति आदिको प्रस्तुतिमा उनको लेखक व्यक्तित्व संवेदनशील बन्नुका साथै नेपाली समाजबाट त्यसको अन्त्यका लागि उनी ऊर्जाशील साहित्यकार बन्न पुगेका छन् ।

राष्ट्रप्रेमी, मानवतावादी, प्रगतिवादी साहित्यकार खगेन्द्र सिटौलाले मार्क्सवादी यथार्थवादमा आधारित भएर द्वन्द्वात्मक भौतिकवाद तथा वर्ग सङ्घर्षको चिन्तनदृष्टिलाई आफ्ना साहित्यमा प्रस्तुत गरेका छन् । यसरी उनको जीवन यात्राले निर्माण गरेको साहित्यिक र सामाजिक व्यक्तित्वको प्रभाव सिङ्गो साहित्य लेखनमा परेको पाइन्छ । उनको साहित्य रचनामा राष्ट्रिय अन्तर्राष्ट्रिय तथा सामाजिक, राजनीतिक जन जीवनमा आआफ्ना भोगाइका वास्तविक पात्र र विषय वस्तु टिपिएको छ । उनका रचनामा वर्गद्वन्द्वको चित्रण पाइन्छ । परिस्थिति र परिवेशका हिसाबले निर्दलीय व्यवस्था र त्यसले जनतामा सिर्जना गरेका पीडा, कुण्ठा, बहुदलीय व्यवस्थाको स्थापना र त्यसले उत्पन्न गरेका हर्ष र खुसीका क्षणहरू, प्राकृतिक दृश्यहरू र तिनको सौन्दर्य सुख र दुखका क्षण एवम् तिनले उत्पन्न परिस्थितिको चित्रण पाइन्छ । साहित्यको नाटक विधामा विशेष दखल प्रदर्शन गरेका सिटौला साहित्यले जीवनलाई मार्ग दर्शन गर्नु पर्दछ । यो जीवन जगतका लागि हुनु पर्दछ र कोरा कल्पनात्मक नभई यथार्थ हुनु पर्दछ भन्छन् । नाटकमा उनको दृष्टिकोण, आस्था, विश्वास र मान्यताहरू बोलेका छन् । यिनै कुराहरूले नै सिटौलाको जीवनी, व्यक्तित्व र साहित्य सिर्जना बिचको अन्तःसम्बन्धलाई प्रस्ट पार्दछ ।

### ३.१० निष्कर्ष

खगेन्द्र सिटौला व्यक्ति एक भएर पनि व्यक्तित्व अनेक भएका प्रतिभा हुन् । ग्रामीण कृषक परिवारमा जन्मेर घरायसी र सामाजिक व्यवहारमा समेत पोख्त सिटौला विविध विधागत व्यक्तित्वले पूर्ण छन् । राजनैतिक र अन्य व्यावहारिक व्यस्तताका बाबजुद पनि साहित्यिक रचनाकृति  प्रकाशित गरेर स्थापित साहित्यकार बन्नुले उनीभित्रको बहुमुखी व्यक्तित्वलाई स्पष्ट पार्दछ । समाजमा नराम्रो असर पार्ने कुराको विरोध गर्ने र राम्रो कुराको सम्मान गर्ने उनी पुँजीवादी र सामन्ती शासन विरुद्ध प्रहार तथा स्वतन्त्रता, समानता र मुक्तिको कामना सहित्यमार्फत नै गर्दछन् । यसरी खगेन्द्र सिटौलाको व्यक्तित्व स्वच्छ छ भन्ने कुरा उनको व्यक्तित्वबाट छर्लङ्ग हुन्छ ।

परिच्छेद चार

# खगेन्द्र सिटौलाको साहित्यिक यात्रा र प्रवृत्ति

## ४.१ विषय परिचय

खगेन्द्र सिटौला मूलतः समसामयिक नेपाली नाट्य परम्परामा देखा परेका प्रतिभा हुन् । उनी २०२७ सालतिरबाट लेखन सुरु गरेर हालसम्म पनि साहित्यक लेखनमा क्रियाशील छन् । सिटौला आफ्नो जीवनको स्कुले अवस्थादेखि नै साहित्य सिर्जना र लेखन क्षेत्रमा सक्रिय रूपमा संलग्न भई आफ्नो पहिचान बनाएका व्यक्तित्व हुन् । उनले लेखनको क्रममा सुरुदेखि आजसम्म कविता गीत, निबन्ध वैचारिक लेख जस्ता विभिन्न विधामा कलम चलाएर नाटक, निबन्ध जस्ता पुस्तकाकार कृतिहरू बाहिर ल्याउनुका साथै निकै सङ्ख्यामा वैचारिक र निबन्धात्मक लेखहरू पत्र पत्रिकाहरूमा प्रकाशित गराइ सकेका छन् । यस अध्यायमा खगेन्द्र सिटौलाको साहित्यिक यात्रा र प्रवृत्तिको निम्नानुसार अध्ययन गरिएको छ ।

## ४.२ चरण विभाजन

नेपाली साहित्यमा साहित्यकारको साहित्यिक मान्यता सम्बन्धी चरण विभाजन गर्दा विभिन्न किसिमका मतमतान्तरहरू परस्परमा बाझिएको देखिन्छ । यद्यपि यसलाई यहाँ कोट्याउने प्रयास गरिँदैन । कुनै पनि साहित्यकारको साहित्यिक यात्रालाई विभाजन गर्ने केही न केही आधारहरू हुन्छन् । साहित्यकारका साहित्यिक लेखनका इतिहासमा देखा परेका विभिन्न साहित्यिक रचनाका प्रवृतिगत परिवर्तन, रचनाको परिणाम, गुणस्तर धारागत प्रवृतिको अन्तर्विकास, साहित्यिक रचना वा कृतिगत प्रकाशन, चिन्तन पक्षको परिवर्तन आदि विविध आधारलाई लिएर साहित्यिक यात्राको चरण, मोड वा काल विभाजन गर्ने गरिन्छ ।

खगेन्द्र सिटौलाको साहित्यिक यात्रालाई पनि माथि उल्लेख गरे अनुसार विशेषतः उनको साहित्यिक कृतिको प्रकाशन र उनका साहित्यिक रचनाहरूमा अन्तर्निहीत विविध चिन्तनका आधारमा तिन चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ ।

पहिलो चरण २०२७ देखि २०४६ सम्म

दोस्रो चरण २०४७ देखि २०४९ सम्म

तेस्रो चरण २०५० देखि हालसम्म

### ४.२.१ पहिलो चरण

खगेन्द्र सिटौलाको साहित्यिक यात्राको पहिलो चरण वि. सं २०२७ देखि वि.सं. २०४६ सम्मको समयावधि रहेको छ । उनको साहित्यिक यात्रा कविता लेखनबाट सुरु भएको हो । यस चरणमा उनको कुनै पनि पुस्तकाकार कृतिको प्रकाशन भएको देखिँदैन । यस समयमा उनका फुटकर रचनाहरू मात्र प्रकाशित भएका छन् । यो उनको पृष्ठभूमि काल पनि हो । त्यसकारण उनको यस समयलाई पृष्ठभूमि काल वा पहिलो चरणका रूपमा राखेर अध्ययन गर्न सकिन्छ ।

### ४.२.२ दोस्रो चरण

खगेन्द्र सिटौलाको साहित्यिक यात्राको दोस्रो चरणको समयावधि वि.सं. २०४७ देखि २०४९ सम्म रहेको छ । यस चरणको सुरुवात वि. सं. २०४७ सालमा प्रकाशित उनको **बौलाही दिदीको अधुरो तिहार** नाटकलाई आधार मानेर गरिएको हो । सिटौलाको यस चरणलाई कृति प्रकाशनको स्वर्ण काल पनि मान्न सकिन्छ । किनभने उनका हालसम्म प्रकाशित साहित्यिक पुस्तकाकार कृतिहरू प्रायः यसै चरणमा प्रकाशित भएका देखिन्छन् । यस चरणको उनका रचनाहरूको कालक्रमिक विवरण यस प्रकार छ :

१. बौलाही दिदीको अधुरो तिहार (२०४७)

२. रातो तारा चम्किएपछि (२०४७)

३. आधा क्षितिज उचाल्ने हातहरू (२०४८)

### ४.२.३ तेस्रो चरण २०४९ देखि हालसम्म

खगेन्द्र सिटौलाको साहित्यिक यात्राको तेस्रो चरणको सुरुवात २०४९ बाट भएको हो । सिटौलाको साहित्यिक लेखनमा आएको शिथिलतालाई आधार मानेर यस चरणको विभाजन गरिएको हो । यस चरणमा उनको **पृथ्वीविचार र व्यवहार** (२०५९) एक मात्र पुस्तकाकारकृति प्रकाशित भएको छ । यसभन्दा पछि उनका रचनाहरू प्रकाशित भएका देखिँदैनन् । त्यसैले यस काललाई शिथिल कालका रूपमा हेर्न सकिन्छ ।

## ४.३ प्रवृत्तिहरू

खगेन्द्र सिटौलाले लेखेका विभिन्न समयका विभिन्न प्रकाशित कृतिहरूबाट उनका आफ्नै विशिष्ट प्रवृत्तिहरू निर्माण भएका छन् । तिनलाई प्रस्तुत शोधकार्यको यस सन्दर्भमा प्रस्तुत गरिएको छ ।

### ४.३.१ विद्रोहात्मकता तथा क्रान्तिधर्मी चेत

खगेन्द्र सिटौलाका नाटकहरूमा विद्रोहात्मकता र क्रान्तिधर्मी चेत पाइन्छ । उनको **बौलाही दिदीको अधुरो तिहार** (२०४७), **रातो तारा चम्किएपछि** (२०४७) जस्ता नाटकमा पञ्चायती व्यवस्था, शोषक वर्ग र प्रजातान्त्रिक व्यवस्थाको पक्षपाती, निम्न वर्गीय भूमिहीन कृषक जनताका बिचको सङ्घर्ष विषय वस्तुका रूपमा आएका छन् । नेपालमा १९९७ सालपछि हरेक १० वर्षमा केही न केही परिवर्तनहरू भइ रहेका छन् र ती सबै नवीन विचार धारा भएका, स्वतन्त्रता र समानता चाहने, जन पक्षीय चरित्रका कारण भएका छन् । उनका यी नाटकहरू प्रकाशित हुँदा पनि २०४६ सालको ऐतिहासिक जन आन्दोलन सम्पन्न भएको अवस्था थियो । यही ऐतिहासिक काल खण्डलाई आधार भूमि बनाएर उनले नाटक रचना गरेका हुनाले उनका नाटकमा क्रान्तिको चेत पाइन्छ । सम्पूर्ण जनताहरू एक भएर क्रान्तिको मैदानमा उत्रने हो भने जस्तोसुकै व्यवस्थालाई पनि सहज रूपमा पाखा लगाउन सकिन्छ भन्ने उनको नाट्य धारणा रहेको छ । समय आफैँ परिवर्तनको सूचक भएकाले यसको निरन्तर प्रवाहसँगै परिवर्तन हुने कुरामा विश्वास गर्ने नाटककार युग जागेको र क्रान्तिकारी समूहको विजय भएको देख्दछन् । उनको **बौलाही दिदीको अधुरो तिहार** नाटकमा शोषक सामन्ती वर्गको अन्त्य गर्नका लागि निम्न वर्गीय भूमिहीन कृषकको छोरो सन्सरेलाई क्रान्तिकारी युवाको रूपमा उभ्याइएको छ भने **रातो तारा चम्किएपछि** नाटकमा सिङ्गो पञ्चायती व्यवस्थाको अन्त्यका लागि क्रान्तिकारी समूहलाई उभ्याइएको छ । सिटौलाका नाटकहरू क्रान्तिधर्मी भएर पनि शालीन किसिमका छन् । यी नाटकहरू पाठकीय अन्तर्मनमा वैचारिक दृष्टिले गम्भीर प्रभाव पार्न सक्षम देखिन्छन् ।

### ४.३.२ समसामयिक परिवेशको चित्रण

खगेन्द्र सिटौलाको साहित्य लेखनको पूर्वार्ध चरणमा नेपालमा थुप्रै राजनैतिक जटिल मोडहरू आएका थिए । यस्तो अवस्थामा मानिसले बिताइ रहेको कठिन जीवन र युगले भोगि रहेका पीडालाई सिटौलाले आफ्ना रचनामा उतारेका छन् । नेपाली समाजमा भएका थुप्रै व्यक्तिगत वा सामाजिक बेमेल, विकृति र विसङ्गतिहरूको चित्रण उनका साहित्यिक कृतिमा पाइन्छ । सिङ्गो युगले भोगि रहेको तत्कालीन पीडा उनका नाटकहरूमा पाइन्छ । वर्तमान नेपाली समाजमा विद्यमान सामाजिक समस्याको चित्रण उनका कृतिमा पाइने हुनाले समसामयिक परिवेशको चित्रण उनका रचनामा पाइन्छ ।

### ४.३.३ विषयगत विविधता

खगेन्द्र सिटौलका कृतिहरूमा विषयगत विविधता पाइन्छ । सिटौला देशमा अशान्ति भएको कुरादेखि लिएर पृथ्वी नारायण शाहका दिव्य वाणीहरूको समेत व्याख्या गर्न पुगेका छन् । **बौलाही दिदीको अधुरो तिहार**, **रातो तारा चम्किएपछि** नाटकमा पञ्चायती शासक र जनपक्षीय क्रान्तिकारी समूहबिच भएको द्वन्द्व र क्रान्तिकारी समूहले विजय हाँसिल गरेको कुरा विषय वस्तुका रूपमा आएको छ भने **आधा क्षितिज उचाल्ने हातहरू** नाटकमा नेपाली समाजमा छोरा र छोरीबिच हुने गरेको विभेद विषय वस्तुका रूपमा प्रस्तुत भएको छ । त्यस्तै **पृथ्वीविचार र व्यवहार** निबन्धात्मक कृतिमा नेपालको अस्तित्व र अस्मितालाई सधैं दिगो राखि राख्ने महान् उद्देश्यबाट अभिप्रेरित श्री ५ बडा महाराज धिराज पृथ्वी नारायण शाहले अन्तिम अवस्थामा भाइ भारदारहरूलाई सुनाएका दिव्य उपदेशहरू निबन्धका विषय बनेर आएका छन् । यसरी सिटौलाका कृतिहरूमा विषयगत भिन्न भिन्न रूप पाइन्छन् ।

### ४.३.४ जीवनवादी दृष्टि

संसारमा हरेक प्रणीले बाँच्न पाउनु पर्छ र त्यसका लागि प्राणी स्वयम् पनि क्रियाशील हुनु पर्छ भन्ने तर्क उनका कृतिमा पाइन्छ । अभाव र सङ्कटबाट बाँच्न त्यति सजिलो छैन तर बाँच्नु अन्तिम लक्ष्य हो । त्यसैले सङ्घर्ष गर्नु पर्छ भन्ने जीवनवादी दृष्टिकोण उनका कृतिमा पाइन्छ ।

### ४.३.५ विकृति र विसङ्गतिको चित्रण

खगेन्द्र सिटौला विकृति र विसङ्गतिको चित्रण गर्दछन् । समय आफैं बन्दी बनेको बेलामा नेतृत्व गर्नेहरू नैतिक इमानदार छैनन् । सबैतिर फुट, लोभ, भ्रष्टाचार मौलाइ रहेको कुरा उनका नाटकमा पाइन्छ । विशेषतः उनको **बौलाही दिदीको अधुरो तिहार** र **रातो तारा चम्किएपछि** नाटकमा विसङ्गत अवस्थाको चित्रण पाइन्छ । महानन्द जस्ता जमिनदारहरूले आफ्ना स्वार्थ पूरा गर्नका लागि निम्न वर्गीय जनतालाई बौलाउन बाध्य बनाएका छन् भने **रातो तारा चम्किएपछि** नाटकमा पञ्चायती शासनका कर्मचारीहरूले देशमा भएका बहुमूल्य वस्तुहरूको ओसार पसार गरेर शासकलाई खुसी बनाइ आफू पदमा पुग्ने काम गरेका छन् । साथै आफूले गरेको कुकृत्यको आरोप किसान जनताहरूमाथि थोपरेर आफू पानी माथिको ओभानो बनी उनीहरूलाई सजाय दिने काम गरेका छन् । त्यस्तै **आधा क्षितिज उचाल्ने हातहरू** नाटकमा नेपाली समाजमा छोरा र छोरीबिच हुने गरेको भेदभावपूर्ण विकृत व्यवहारको चित्रण भएको छ । आधा आकाश ढाक्ने महिलाहरूले सामाजिक कुसंस्कारका कारण शिक्षाको उज्यालो ज्योतिबाट वञ्चित हुनु परेको छ । यिनका नाटकहरूमा सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक क्षेत्रका विसङ्गतिको चित्रण भएको छ ।

### ४.३.६ देशप्रेम

खगेन्द्र सिटौलाका प्रकाशित कृतिहरूमा देशप्रेमको भावना पाइन्छ । प्रजातन्त्र प्राप्तिपछि नेपालमा नेताहरूको मनपरी तन्त्र चलि रहेको छ । नेताहरू केवल कुर्सीको तानातानमा लागेका छन् । देशमा अभाव महङ्गी, भ्रष्टाचाार बढ्दैछ । नीति निर्माणका तहमा रहेका नेताहरूले त्यसको रोकथामका लागि कुनै पनि त्यस्तो किसिमको प्रभावकारी कार्यक्रम कार्यान्वयनमा ल्याएका छैनन् । आजको राजनीति देश विकास र देश निर्माणका लागि नभइ विनाशतर्फ अगाडि बढि रहेको उनको ठम्याइ छ । देशभक्तिपूर्ण भावनाले ओतप्रोत उनको वैचारिक निबन्ध सङ्ग्रह **पृथ्वीविचार र व्यवहार** प्रकाशित भएको छ । यस सङ्ग्रहमा सङ्गृहीत सबै निबन्धहरूमा देशभक्तिपूर्ण भावना पाइन्छ ।

## ४.४ निष्कर्ष

वि.सं. २०१४ मा तेह्रथुम जिल्लाको चुहान डाँडामा जन्मिएका खगेन्द्र सिटौला वि.सं. २०२७ देखि साहित्य सिर्जनामा लागेका भए पनि **बौलाही दिदीको अधुरो तिहार** (२०४७) नामक नाटकसँगै साहित्यिक क्षेत्रमा पुस्तकाकार कृति लिएर औपचारिक रूपले प्रवेश गरेको पाइन्छ । अन्य रचनाहरू उल्लेख्य रूपमा नआएकाले **बौलाही दिदीको अधुरो तिहार** ( २०४७), **रातो तारा चम्किएपछि** (२०४७), **आधा क्षितिज उचाल्ने हातहरू** (२०४८), **पृथ्वी विचार र व्यवहार** (२०५९) गरी चारओटा पुस्तकाकार कृतिलाई नै सिटौलाको साहित्यिक यात्राको चरण विभाजनमा केन्द्र मान्नु पर्ने देखिन्छ । यसरी हेर्दा यिनको साहित्यिक यात्रा वि.सं.२०२७ देखि २०४६ सम्म पृष्ठभूमि निर्माणमा खर्चिएकाले यस कालावधिलाई पहिलो चरण मान्न सकिने आधार प्राप्त हुन्छ । यस चरणमा यिनले केही फुटकर रचना भने प्रकाशन गराएको पाइन्छ । **बौलाही दिदीको अधुरो तिहार** (२०४७) प्रकाशन गरी दोस्रो चरणमा प्रवेश गरेका सिटौलाको साहित्यिक यात्रा यस चरण (वि.सं.२०४७-४९) मा निकै उर्वर रहेको देखिन्छ । यसै चरणमा यिनका **रातो तारा चम्किएपछि, आधा क्षितिज उचाल्ने हातहरू** शीर्षक नाटकसमेत प्रकाशन भएको देखिन्छ । नाटककेन्द्री रहेको यस चरणमा यिनले सशक्त नाटककारका रूपमा स्थापित हुने मौका पाएको बुझिन्छ । **पृथ्वीविचार र व्यवहार** यिनको तेस्रो चरणको कृति मान्न सकिन्छ । यस चरणको यिनको लेखन शिथिल र निबन्धकेन्द्री  देखिन्छ । यिनका उपर्युक्त समग्र कृतिलाई नियाल्दा विद्रोहात्मकता तथा क्रान्तिकारी चेत, समसामयिक परिवेशको चित्रण, विषयगत विविधता, जीवनवादी दृष्टि, विकृति र विसङ्गतिको चित्रण, देशप्रेम जस्ता प्रवत्ति मूल रूपमा देख्न सकिन्छ ।

परिच्छेद पाँच

# खगेन्द्र सिटौलाको कृतित्व

## ५.१ विषय परिचय

साहित्यकार खगेन्द्र सिटौलाले साहित्यका कविता, आख्यान, नाटक, निबन्ध जस्ता विधामा कलम चलाएका भए पनि उनका पुस्तकाकार रूपमा भने **बौलाही दिदीको अधुरो तिहार** (२०४७), **रातो तारा चम्किएपछि** (२०४७), **आधा क्षितिज उचाल्ने हातहरू** (२०४८) शीर्षकका नाटक र **पृथ्वीविचार र व्यवहार** (२०५९) शीर्षकको एक निबन्ध सङ्ग्रह गरी जम्मा चारवटा मात्र कृतिहरू पुस्तकका रूपमा प्रकाशित छन् ।

साहित्यको कुनै पनि विधाको छुट्टै रचना प्रक्रिया हुन्छ । हरेक साहित्यिक सिर्जना त्यसका आवश्यक तत्त्वहरूको सङ्गतिपूर्ण संरचना हो । कुनै पनि कृतिको संरचना त्यसको संरचनात्मक अवयवहरूको जोडजाड मात्र नभएर सिर्जनात्मक कार्य पनि हो । साहित्यको मुख्य रूपमा रहेका विधाहरूमध्ये व्यापक क्षेत्र ओगटेको नाटक विधा र निबन्ध विधाको संरचना प्रक्रियामा पनि यसका संरचक तत्त्वहरू के के हुन् भन्ने सवालमा पूर्व र पश्चिम दुवैतर्फका साहित्यका अध्येतारूले विगतदेखि अहिलेसम्म वृहत अध्ययन गरेका छन् । नेपाली साहित्यिक इतिहासमा पनि यसको अध्ययन परम्परा निकै लामो बनि सकेको छ । यो लामो परम्परामा विभिन्न विद्वान्हरूले आआफ्नो तरिकाले विभिन्न पक्षलाई महत्त्व दिएर संरचक तत्त्वहरूको निर्क्यौल गरेका छन् । नाटक विधालाई ध्यान दिँदा निम्न लिखित मुख्य संरचक तत्त्वहरू हुने कुरा नेपाली नाट्य समालोचनामा यसरी देखाइएको छ । क) कथानक ख) सहभागी ग) परिवेश  घ) उद्देश्य ङ) दृष्टिविन्दु च) द्वन्द्व छ) भाषाशैली  ज) संवाद । त्यसै गरी निबन्ध विधाको स्वरूपलाई ध्यान दिँदा निम्न लिखित मुख्य संरचक तत्त्वहरू हुने कुरा नेपाली निबन्ध परिचयमा यसरी देखाइएको छ । क) वस्तु  ख) शैली  ग) उद्देश्य । यी सङ्गठक तत्त्वहरू एक आपसमा आबद्ध रहने गर्दछन् ।

प्रस्तुत शोधपत्रको यस परिच्छेदमा खगेन्द्र सिटौलाका तिन नाटक र एक निबन्ध सङ्ग्रहको विश्लेषण गरिएको छ । नाटकहरूको विश्लेषण नाट्य सिद्धान्त अनुरूप शीर्षक, कथावस्तु, नाटकीय संरचना, परिवेश, द्वन्द्व, चरित्र चित्रण, संवाद, भाषाशैली, उद्देश्य जस्ता तत्त्वहरूको आधारमा गरिएको छ भने निबन्धको विश्लेषण विषय वस्तु, उद्देश्य, भाषिक विन्यास जस्ता तत्त्वका आधारमा गरिएको  छ ।

## ५.२ बौलाही दिदीको अधुरो तिहार नाटकको विश्लेषण

**बौलाही दिदीको अधुरो तिहार** नाटक खगेन्द्र सिटौलाको वि.सं. २०४७ मा भारद्वाज प्रकाशनद्वारा प्रकाशित नाट्य कृति हो । प्रस्तुत नाटकमा ग्रामीण जन जीवनको परिवेश समावेश गरिएको छ । प्रस्तुत नाटकमा नाटककारले मार्क्सवादी सिद्धान्त अनुरूप समाजको विकास र क्रान्तिको आवश्यकता देखाएका छन् । जम्मा दुई अङ्क, दस दृश्य र ६५ पृष्ठमा संरचित प्रस्तुत नाटकमा खास गरी गरिब, किसान, मजदुर एवम् सुकुम्बासीले सामन्तबाट भोग्नु परेको समस्यालाई टड्कारो रूपमा देखाउँदै सामन्ती प्रथाको अन्त्य गर्ने बाटोमा लाग्नु पर्ने धारणा प्रस्तुत गरिएको छ । यहाँ प्रस्तुत कृतिको विश्लेषण कथावस्तु, परिवेश, द्वन्द्व, चरित्र चित्रण, संवाद, भाषाशैली, उद्देश्य जस्ता नाट्य तत्त्वका आधारमा गरिएको छ भने विश्लेषणको क्रममा यस नाटकलाई शीर्षक र अङ्क दृश्य योजनाका आधारमा पनि केलाइएको छ ।

### ५.२.१ शीर्षक

**बौलाही दिदीको अधुरो तिहार** नाटक घटना प्रधान वियोगान्त नाटक हो । यहाँ 'दिदी' को विशेषणका रूपमा 'बौलाही' आएको छ भने 'तिहार' को विशेषणका रूपमा 'अधुरो' आएको छ । यसरी समग्रमा यस नाटकको शीर्षक **बौलाही दिदीको अधुरो तिहार** रहेको छ, जसको अर्थ 'मानसिक स्थिति ठिक नभएकी दिदीको पूर्ण नभएको तिहार' भन्ने हुन्छ ।

यस नाटककी प्रमुख नारी पात्र मङ्गलीलाई नै बौलाही दिदीका रूपमा शीर्षकीकरण गरिएको देखिन्छ । नाटकमा मङ्गली विभिन्न किसिमका घटनाका कारण बौलाएकी र लामो समयको अन्तरालमा बल्लतल्ल भेटिएको एक मात्र भाइसँग तिहारमा भाइटीका लाउने इच्छा राखे पनि भाइटीकाका दिन उक्त कार्य पूरा हुन नसकेको स्थितिलाई देखाइएको छ । एकमात्र भाइ सन्सरेकी एकमात्र दिदी मङ्गली बौलाउनमा विभिन्न कारण सहायक सिद्ध भएका छन् । साहुले जग्गा र घर हडप्ने भएपछि पैसाकै लागि प्रौढ लाहुरेसँग बिहे गर्न बाध्य बनाइएकी बालिका मङ्गली बौलाउनमा यो प्रथम कारण हो । त्यस्तै बिहे गरेको एक महिना नबित्दै लाहुरमा आफ्नो लोग्नेको मृत्यु हुनु र त्यसको दोष मङ्गलीलाई लगाई जेठाजु र जेठानीले बोक्सी भनी घरबाट निकालि दिनु, अपहेलित भएकी मङ्गली माइत आउँदा माइती घर तथा गाउँ नै आगो लगाइएको हुनु र भाइलाई आगामा हालेर मारेको

खबर सुन्नु, पीडाले व्याकुल भएकी मङ्गलीलाई जमिनदार महानन्दले बलात्कार गर्न खोज्नु आदि घटना मङ्गली बौलाउनको कारण बन्न पुगेका छन् । यस्तै यस नाटकको शीर्षक **बौलाही दिदीको अधुरो तिहार** राखिनुको अर्को कारण पनि देखिन्छ । प्रस्तुत नाटकले नेपालमा बहुदलीय व्यवस्था आउनुभन्दा पहिलेको स्थितिलाई देखाएको छ । हिन्दू धर्म संस्कृति अनुसार तिहार एक महत्त्वपूर्ण चाड हो यद्यपि यो धर्म र कानुनलाई आफ्नो कब्जामा लिएका सामन्तहरूले समाजमा विभिन्न अन्याय अत्याचार गरेको सन्दर्भ नाटकमा देखाइएको छ । धर्मको पक्षमा वकालत गर्नेहरूले नै तिहार पर्वलाई स्वार्थको रूपमा प्रयोग गर्ने र असहाय र निरीहहरूलाई दमन गर्ने हतियार सावित गरी जनतालाई चेतना विहीन साबित गर्ने सन्दर्भ शीर्षकीकरणमा  महत्त्वपूर्ण देखिन्छ ।

यस्तै यस नाटकको शीर्षकीकरणको सन्दर्भमा तेस्रो सन्दर्भ के देखिन्छ भने तिहार पर्व भनेको समस्त परिवारका सदस्यहरूको उत्साह र उमङ्ग हो । तर नेपाली समाज सामन्त संस्कारले जकडिएको छ । यहाँ सच्चा तिहार आउँन सक्दैन । यहाँ सच्चा तिहार आउँन बौलाही दिदी (मङ्गलीले) ले अपनाएको बाटो अर्थात् क्रान्तिको, शोषक शामन्त प्रथाको अन्त्यको बाटो सबै नेपाली जनताले अपनाउनु पर्दछ । यसो गर्न सकेमा मात्र शोषित पीडितहरूको  अपूर्ण तिहारले पूर्णता पाउन सक्छ । यसरी मानसिक सन्तुलन ठिक नभएकी दिदीको तिहार समेत अधुरो रहेको अभिधार्थ द्योतनका सन्दर्भबाट प्रस्तुत नाटक वियोगान्त रहेको सङ्केत मिल्दछ । उपर्युक्त घटनाहरूको संयोजनका कारण प्रस्तुत नाटकको शीर्षक सार्थक रहेको छ ।

### ५.२.२ अङ्क दृश्य योजना

जीवनका अनेक आयामहरूलाई साहित्यिक कलात्मकताका साथ प्रस्तुत गर्ने सन्दर्भमा उपयुक्त तालमेल सहित नाट्य विधा मार्फत प्रस्तुत गर्दा पूर्णाङ्की नाटकमा विभिन्न अङ्कहरूको निर्माण गरिन्छ अनि भिन्न परिवेशलाई सहजताका साथ मञ्चमा प्रस्तुत गर्न दृश्य विभाजन   गरिन्छ । नाटकमा उपयुक्त ढङ्गले अङ्क र दृश्यको विभाजन गर्ने काम नै अङ्क र दृश्यको योजना हो । **बौलाही दिदीको अधुरो तिहार** खगेन्द्र सिटौलाद्वारा लिखित पूर्णाङ्की नाटक हो । प्रस्तुत नाटक पूर्वीय मान्यता अनुरूप रचिएको देखिँदैन । नेपाली सामाजिक स्थितिलाई सघन रूपमा प्रस्तुत गरिए तापनि नाटकमा विचार तत्त्व महत्त्वपूर्ण रूपमा आएको छ । **बौलाही दिदीको अधुरो तिहार** नाटक जम्मा दुई

अङ्कमा संरचित छ । जसमध्ये पहिलो अङ्कमा तिन दृश्य र दोस्रो अङ्कमा सात दृश्य समाहित छन् । यसरी प्रस्तुत नाटकमा जम्मा दस दृश्य रहेका छन् ।

प्रस्तुत नाटकको आदिभागका तिन दृश्यमा प्रस्तावना, आरम्भ, विकास जस्ता तिनवटै कार्यावस्था देखिन्छन् । पहिलो दृश्यको मङ्गली र सन्सरेको संवाद प्रस्तावनाका रूपमा देखिन्छ भने यसै दृश्यको आइते र जमिनदारको संवादबाट द्वन्द्वको सुरुवात भएको छ । मङ्गलीलाई लाहुरेसँग बिहे गर्न बाध्य बनाइनु द्वन्द्वको विकासका रूपमा रहेको छ । पहिलो अङ्कको दोस्रो दृश्यमा मङ्गलीको लोग्ने मर्नु र मङ्गली घरबाट निकालिनुले द्वन्द्वले एक किसिमले विकास नै हुने अवसर पाएको देखिन्छ । दृश्य तिनमा आएर भने सुकुम्बासीको छाप्रा जलाएको र मङ्गलीको बेहाल भएकै अवस्थामा जमिनदार महानन्दबाट बलात्कृत बनेको स्थितिलाई देखाई द्वन्द्वको चरम रूप दिइएको छ । दोस्रो अङ्क नाटकको मध्य र अन्त्य भाग हो । यसमा सातवटा दृश्य छन् । यहाँ मङ्गली र जमिनदार महानन्दको, नमुना र महानन्दको, सन्सरे र महानन्दकका बिचको द्वन्द्व नयाँ ढङ्गबाट विकसित भएको छ । दोस्रो अङ्कको पहिलो दृश्यमा नै मङ्गली बौलाएकी, दोस्रो दृश्यमा बोक्सीको आरोप लगाई मङ्गलीलाई यातना दिएको, मङ्गलीको पक्षमा नमुनाले बोलेकी र जमिनदार (महानन्द) सँग प्रतिवाद गरेको घटना वर्णित छ । तेस्रोमा सन्सरेको आगमन र चौथोमा महानन्दको पछौटे लट्टेलाई दिएको सजाय वर्णित छ । पाँचौँ दृश्यमा तिहारको प्रसङ्ग र छैटौँ दृश्यमा महानन्दले नमुनामाथि गरेको बलात्कार प्रयास रहेको छ । यहाँ द्वन्द्वले विकास हुने अवसर प्राप्त गरेको छ । यसै दृश्यको अन्त्यमा सन्सरेले महानन्दको पञ्जाबाट नमुनालाई बचाएको घटनाबाट द्वन्द्व चरमोत्कर्षमा पुगी उपसंहारतर्फ अगाडि बढेको देखिन्छ । यद्यपि वास्तविक उपसंहारभन्दा पनि यहाँ कथानक अर्को किसिमबाट विकास भएको स्थिति देखिन्छ । उपसंहारकै रूपमा रहेको दोस्रो अङ्कको सातौँ दृश्यमा पनि सन्सरेलाई प्रहरीले गिरफ्तार गर्न खोज्नु र सन्सरे भाग्नु जस्ता घटना द्वन्द्वको चरमोत्कर्ष नै हो । अतः यस पछिका घटनालाई मात्र उपसंहार मान्नु उपयुक्त हुन्छ । यसरी प्रस्तुत नाटकमा विभिन्न किसिमका नव नव घटनाको विकासले नाटकलाई जटिल बनाउँदै लगेको छ । दोस्रो अङ्कको सातौँ दृश्यको अन्त्यतिरको मङ्गली र बुढाका अभिव्यक्तिले यस नाटकको उपसंहारको कार्य गरेका छन् ।

### ५.२.३ कथावस्तु

**बौलाही दिदीको अधुरो तिहार** सामाजिक कथावस्तु भएको नाटक हो । संस्कृत साहित्य सिद्धान्तका सन्दर्भबाट हेर्दा यो उत्पाद्य स्रोतको कथावस्तु भएको नाटक हो भने पाश्चात्य विद्वान् अरिस्टोटलको सैद्धान्तिक आधारबाट हेर्दा कल्पना स्रोतको कथावस्तु प्रयोग गरिएको नाटक हो । यसरी समग्रमा प्रस्तुत नाटकको कथावस्तुको स्रोत प्रख्यात नभएर उत्पाद्य, काल्पनिक वा मौलिक देखिन्छ । भाषिक हिसाबले पूर्वी नेपालको, परिवेशगत हिसावले तराईको र कालगत हिसाबले २०४६ भन्दा अगाडिको सामाजिक परिस्थिति यहाँ देखिएको छ । प्रस्तुत नाटकका सबैजसो पात्रहरू तत्कालीन समय सुहाउँदा देखिन्छन् । अतः प्रस्तुत नाटकको कथावस्तु मौलिक सामाजिक देखिन्छ ।

**बौलाही दिदीको अधुरो तिहार** नाटकको कथावस्तु भूमिहीन सुकुम्बासी आइतेले झोडा फाँडेर घर बनाएको प्रसङ्गबाट अगाडि बढेको छ । उसको एक छोरो र एक छोरी गरी दुई सन्तान रहेका छन् । त्यस ठाउँको जमिनदार शोषक महानन्दले पछि आयोग गठन हुने र सुकुम्बासीले आफूले फाँडेर बसेको झोडा आफ्नो हुने आश्वासन देखाई झोडा फाँड्न लगाउँछ र  विभिन्न समयमा पैसा मागेर  दिक्क लगाउँछ ।  सामन्त महानन्दले आइतेलाई पनि झोडा फाँड्न लगाएको हुन्छ । उक्त झोडा फाँडेबापत महानन्दले आइतेलाई पैसा माग्छ । आइतेले उक्त पैसा तिर्न नसक्ने कुरा बताएपछि महानन्दले उसलाई पुनः भूमिहीन बनाउने धम्की दिन्छ । शोषक सामन्तहरूको यस्तो मनपरी तन्त्रलाई बालक सन्सरेले प्रतिकार गरे तापनि महानन्दको धम्कीका अगाडि सबै निरीह देखिन्छन् । यसै क्रममा सामन्त महानन्दले लिएर आएको एउटा लाहुरेले आइतेको घर जग्गा बापतको पैसा तिरि दिने तर बदलामा आइतेले उसकी छोरी मङ्गलीलाई लाहुरेसँग बिहे गरि दिनु पर्ने प्रस्ताव महानन्दले राख्दछ । महानन्दले सन्सरे, आइते र मङ्गलीको प्रतिवादका बाबजुद पनि बाध्य तुल्याएर १३ -१४ वर्षकी मङ्गलीको बिहे ४५ वर्षको लाहुरेसँग हुन्छ । मङ्गलीको बिहे भएको एक महिनापछि लाहुरेको लाहुरमै मृत्यु हुन्छ । त्यसपछि जेठाजु गन बहादुर जेठानी बाटुलीले मङ्गलीलाई पोइ टोकुवा, बोक्सी आदि आरोप लगाएर घरबाट निकालि दिन्छन् । आफ्नो घरबाट गलहत्याएर निकालिएकी मङ्गली माइत आउँदा सुकुम्बासी टोल नै आगोले जलाएर खरानी भएको देख्छे । सुकुम्बासीले विभिन्न समयमा महानन्देलाई पैसा दिएको तर हाल नदिएकाले घरमा आगो लगाएको, गोली ठोकी मारेको एवम् आइतेको छोरो सन्सरेलाई घरैमा जलाएको तथ्य सामन्त महानन्दे र उसका पछौटेको संवादबाट थाहा

हुन्छ । जङ्गलका मुडा काठहरू समेत महानन्दले एकलौटी बेचेर मोज गर्ने गरेको तथ्य समेत यहाँ खुलाइएको छ भने मन्त्रीहरू समेत सोझा जनतालई झुक्याएर सामन्तकै पक्षमा रहेको र भोट जित्ने गरेको जानकारी यहाँ मिल्दछ । यसरी डढेर उजाड भएको सुकुम्बारी बस्तीमा मङ्गली आएर रुन थाल्दछे । सामन्त महानन्देले मौका छोपी मङगलीलाई जबर्जस्ती करणी गर्दछ । यसरी पहिलो अङ्कको तिन दृश्य सकिन्छन् ।

दोस्रो अङ्क आठ वर्षपछिको भनी खुलाइएको छ । यस अङ्कको सुरुवातमै मङ्गली बौलाएको र गीत गाउँदै हिँडेको दृश्य देखाइएको छ । मातेर रल्लु भएको महानन्दलाई बौलाही मङ्गलीले आक्रमण गरी चिथोर्छे । त्यहाँबाट उम्किएको महानन्दले लट्टे झाँक्रीसँग मङ्गलीले आफ्नो नाम जोडेर आफ्नो बेइज्जत गरेकीले यो असत्य बोल्ने भनेर जोखानामा बकिदिन आग्रह गर्छ । झाँक्रीले महानन्दको कुरा सहर्ष स्वीकार गर्दछ । झाँक्रीको सिकुवामा चिन्ताको थान राखिन्छ । त्यहाँ मङ्गलीलाई बोक्सीको आरोप लगाइन्छ । मङ्गली महानन्दलाई गाली गर्न छोड्दिन । उसलाई बोक्सीको आरोपमा अनेकौँ यातना दिइन्छ । यसै समयमा शिक्षिका नमुना आइ पुग्छे र त्यसको प्रतिकार गर्दछे । महानन्द र नमुनाका बिचमा वाद प्रतिवाद चल्दछ ।

दोस्रो अङ्कको तेस्रो दृश्यमा बौलाही मङ्गलीको गीतसँगै नाँच चल्दै गर्दा उसको भाइ सन्सरेको आगमन हुन्छ । सन्सरेले आफ्नी दिदी मङ्गलीलाई चिन्दछ । उनीहरूको बिचमा गफ गाफ हुँदै गर्दा नमुना आइ पुग्छे । नमुना र सन्सरेका बिचमा सामान्य गफ गाफ हुन्छ । सन्सरेले आफू आगोबाट बचेर पश्चिम भागेको र साहुकोमा बसेको, साहुले एक बालिकालाई जबर्जस्ती बलात्कार गर्न खोज्दा साहुलाई कुटेको र १० वर्ष जेल बसेको कुरा सुनाउँछ । त्यसपछि नमुनाको आग्रहमा सन्सरे पनि उनैको घरमा गएर बस्तछ ।

दोस्रो अङ्कको चौथो दृश्यमा नमुनाको घर देखाइएको छ । लट्टे भाँक्री मङ्गलीलाई बोक्सीको आरोप लगाउँदै त्यहीँ आइ पुग्छ । सन्सरे धामीतन्त्रको कडा प्रतिकार गर्दछ । लट्टे आफूलाई देवता चढ्ने कुरो दर्साउँदै सन्सरेलाई लडाउने धम्की दिन्छ तर ऊ असफल हुन्छ र डोकामा छोपिन पुग्दछ । डोकामा छोपिएको भाँक्रीलाई मङ्गली सिस्नोले प्रहार गर्दछे । लट्टे माफी मागेर त्यहाँबाट उम्कन्छ ।

दोस्रो अङ्कको पाँचौं दृश्य नमुनाको घरको  छ । नमुना र सन्सरेको माया एवम् नमुनाको स्याहारका कारण मङ्गली ठिक हुँदै जान्छे । विगतमा घटेका घटनाहरू सन्सरेलाई सुनाउँछे । साथै नजिकै आइ रहेको भाइटीका सम्झी हर्षित हुन्छे ।

दोस्रो अङ्कको छैटौं दृश्य गाउँको एउटा चौतारामा महानन्द बसेकोबाट सुरु हुन्छ । महानन्द आफ्ना लठैतहरूलाई माथ्लो गाउँमा गएर खसी काटी तयार गर्न अराउँछ र लट्टेलाई गोडा मिच्न लगाउँदै कुनै नयाँ युवतीको चाहनामा बसि रहन्छ । त्यही समयमा नमुना आइ पुग्छे । महानन्द नमुनालाई एक्लै भएको मौका छोपी हातपात गर्न खोज्दछ । सोही  समयमा सन्सरे आइ पुग्छ र महानन्दको प्रतिकार गर्दछ । त्यसपछि महानन्द र सन्सरेका बिचमा झगडा हुन्छ । सामन्तको विरोध गरेकोमा बामे भन्दै महानन्दले सन्सरेलाई जेल हाल्ने धम्की दिन्छ । निमुखाको पक्षमा बोलेकाले सन्सरे बामे भएको भन्दै आफ्नो सत्ता कहिल्यै ननासिने धम्की दिन्छ । सन्सरेको प्रहार सहन गर्न नसकेपछि महानन्द आफूलाई समाजसेवी भएको पुष्टि गर्न खोज्दछ । सन्सरे महानन्दले गरिब सुकुम्बासीमाथि गरेको अन्यायको पर्दाफास गर्दछ । साथै आगामा लगाएर मार्न लागेको सन्सरे म नै हुँ भनेर जानकारी समेत गराउँछ । महानन्द सन्सरेको प्रहार सहन गर्न नसकी विभिन्न किसिमका आश्वासनहरू देखाएर त्यहाँबाट उम्कन खोज्छ तर सफल नभएपछि कानुन अनुसार कार्यबाही गर्न भन्छ । कानुन जमिनदार, शोषक र सामन्तीहरूको पक्षमा वकालत गर्ने भएकाले सामन्तीहरूको कार्यबाहीको निर्णय जन अदालतले गर्दछ भन्दै सन्सरे महानन्देलाई छाडि दिन्छ ।

दोस्रो अङ्कको सातौं दृश्य नमुनाको घरको रहेको छ । भाइटीकाको दिन भएकाले सन्सरे र मङ्गलीका बिच भएका हर्षित संवादबाट थालिएको यस दृश्यमा मङ्गली भाइटीका लगाइ दिन आतुर देखिन्छे । नमुना केही समयका लागि बाहिर निस्केकी हुनाले मङ्गली नमुनालाई खोज्न बाटातिर निस्कन्छे । यही समयमा प्रशासनका व्यक्तिहरू आई इन्सपेक्टरको आदेश भन्दै सन्सरेलाई पक्रन्छन् । सन्सरे भाइटीका नलगाई कहीँ पनि नजाने कुरा व्यक्त गर्दछ । यत्तिकैमा महानन्द आइ पुग्छ । महानन्द र सन्सरेका बिचमा भनाभन हुन्छ । सन्सरे नाटकीय ढङ्गबाट महानन्द र प्रहरीलाई मुक्का प्रहार गरी भाग्दछ । मङ्गली घर आइ पुग्दा घर सुनसान हुन्छ साथै उसले अत्यन्त मिहिनेतपूर्वक गाँसेको माला पनि च्यातचुत भएको देख्छे । ऊ अचानक चिच्याउन पुग्छे । यसै समयमा बुढा पात्रको प्रवेश हुन्छ । उसले सन्सरेलाई प्रहरीले लखेटेको कुरा दर्साउँछ । मङ्गली आक्रोशित भई खुकुरी

निकाल्न चाहन्छे । मङ्गली 'आन्द्राको माला रगतको टीका अबको तिहार हुँदैन फिका' भन्दै तिहार मनाउन नपाएका तमाम शोषित पीडित दिदी बहिनीहरूलाई सम्बोधन गर्छे र सबैलाई उठ्न जाग्न अनुरोध गर्दै प्रहरी गएकै बाटोतिर लाग्दछे । अन्त्यमा बुढो पनि अति भए पछि मान्छे हतियार बोक्न बाध्य हुन्छ, अब मङ्गली पनि हतियार बोकेकी रणचण्डी, क्रान्ति नायिका भएकीले सबैले उनको पछि लाग्नु पर्ने विचार व्यक्त गर्दै मङ्गली गएतिरै लाग्दछ ।

**बौलाही दिदीको अधुरो तिहार** नाटकको कथावस्तु नाटककारको उद्देश्य पूर्ति गर्न सक्षम रहेको छ । सामन्त, शोषक वर्गले भूमिहीन सुकुम्बासी वर्गमाथि गरेको अन्याय अत्याचार एवम् निमुखा महिलाहरूमाथि गरेको अत्याचारलाई यसले स्पष्ट रूपमा देखाउन सकेको छ । त्यस्तै पञ्चायत कालमा प्रशासनको आडमा सामन्तहरूले सुकुम्बासीहरूलाई झोडा फाँड्न लगाएको र पछि उनीहरूकै उठीबास लगाई सम्पूर्ण जग्गा आफ्नो कब्जामा लिएको यथार्थलाई समेत यस नाटकको कथावस्तुले समेट्न पुगेको छ । यसरी यस नाटकको कथावस्तु सुगठित बनेको देखिन्छ ।

### ५.२.४ परिवेश

वि.सं.२०४७ सालमा प्रकाशित **बौलाही दिदीको अधुरो तिहार** नाटकको कथावस्तु २०४६ सालभन्दा अगाडिको रहेको देखिन्छ । यस नाटकमा बहुदलीय व्यवस्थाको प्रारम्भ हुनुभन्दा अगाडिको सामाजिक स्थिति झल्किएको छ । नेपाली ग्रामीण परिवेशमा नै जन्मी हुर्की बहुदलीय व्यवस्था प्राप्त गर्नका लागि क्रान्तिकारी भूमिका निर्वाह गरेका खगेन्द्र सिटौलाले सोही समाजको चित्रण प्रस्तुत नाटकको माध्यमबाट गरेका छन् ।

प्रस्तुत नाटकमा ग्रामीण परिवेशका सोझा सिधा, भूमिहीन, कृषकहरूले सामन्त शोषकहरूबाट शोषित हुनु परेको कुरालाई देखाइएको छ । सुकुम्बासी समस्या र राज्य व्यवस्थाबाट लिइएको दमनको नीतिलाई स्पष्ट पार्दै गरिब, निरीह नेपाली जनतामाथि शासक एवम् शोषक वर्गले गरेको अन्याय अत्याचारको पर्दाफास गर्नु यस नाटकको मुख्य पक्ष रहेको छ । खासगरी २०४६ साल अघि थिचोमिचोमा परेका गरिबहरू नै क्रान्तिमा होमिएर गरिब र निरीहका पक्षमा सङ्गठित बन्दै गएको कुरा समेत यहाँ देखाइएको छ । गरिब र निरीहका पक्षमा बोल्नेलाई बामे भन्दै प्रशासनले कडा कार्यबाही गर्ने र सामन्ती शोषकको संरक्षण गर्ने तत्कालीन अवस्थालाई यहाँ कलात्मक रूपमा देखाइएको छ । सामन्तहरूले जग्गा, जङ्गल सबैमा भोग र मोज गर्दै पछौटे र सेवकलाई मात्र केही आश्रय

दिने र अरुलाई जे मन लाग्यो त्यही गर्ने यथार्थ यहाँ चित्रण भएको छ । सामन्तीकै अत्याचार र बलात्कारबाट धेरै छोरी चेली बौलाही बनेको वास्तविकता समेत यहाँ उदाङ्गिएको छ । शिक्षिका नमुना र सन्सरेकै माध्यमबाट पनि नयाँ क्रान्तिको आवश्यकता रहेको र त्यसमा सबै जना लाग्नु पर्ने चेतनाको विकास भएको देखिन्छ । अन्त्यमा मङ्गली क्रान्तिकी नायिका वा रणचण्डी बनेको र बुढाले यिनका पक्षमा सबै लाग्नु पर्ने विचार व्यक्त गरेको छ ।

यसरी प्रस्तुत नाटकमा नेपालमा बहुदलीय व्यवस्थाको प्रारम्भ हुनु अगाडिको सामाजिक अवस्था नै कथावस्तुको परिवेश बनेर आएको देखिन्छ । उत्पाद्य कथावस्तु भएको यस नाटकमा नेपाली समाजबाट नै यस प्रकारको कथावस्तुको परिवेश लिने काम गरिएको छ ।

**५.२.५ द्वन्द्व**

नाटकको मूल तत्त्व नै द्वन्द्व हो । द्वन्द्व दुई समूहका बिचमा हुन्छ । अर्थात् दुई परस्पर विरोधी पात्रहरूमा हुन सक्छ । दुई समूह वा दुई परस्पर विरोधी पात्रहरूका बिचको द्वन्द्व बाह्य हो भने मानसिक छटपटिको कारणले एउटै व्यक्ति भित्रको तर्क वितर्क चाहिँ आन्तरिक द्वन्द्व हो । **बौलाही दिदीको अधुरो तिहार** नाटकमा आन्तरिक द्वन्द्व नभएको होइन तर बाह्य द्वन्द्व नै सशक्त रूपमा देखिएको छ ।

**बौलाही दिदीको अधुरो तिहार** नाटकमा मूलतः सुकुम्बासी र सामन्त महानन्द बिचको द्वन्द्व, मङ्गली र महानन्द बिचको द्वन्द्व, सन्सरे र महानन्द बिचको द्वन्द्व र नमुना र महानन्द बिचको द्वन्द्वले नाटकलाई वियोगान्त बनाएको छ । यी सबै द्वन्द्व बाह्य द्वन्द्वमा आधारित छन् । सुकुम्बासीहरूलाई पैसा लिएर पछि आयोग गठन गरी जग्गाको लालपुर्जा मिलाइ दिने आश्वासन दिँदै सामन्त महानन्दले सुकुम्बासीलाई झुक्याएको र शोषण गरेको छ । पछि सुकुम्बासीले सामन्त महानन्दलाई पैसा दिन नसक्दा महानन्दले लठैतहरू लगाई सुकुम्बासी बस्ती जलाएर खरानी पारेको छ । अझ सुकुम्बासीलाई गोली ठोक्ने र जिउँदै जलाउने जस्ता जघन्य अपराध समेत प्रशासनको मिलेमतोमा सामन्तबाट भएको छ । यसरी प्रस्तुत नाटकमा सामन्त र सुकुम्बासीका बिचको द्वन्द्व बेजोड देखिन्छ । अर्को शब्दमा भन्नु पर्दा यो सामन्ती शासन र सर्वहारा वर्गका बिचको द्वन्द्व हो भन्न सकिन्छ ।

**बौलाही दिदीको अधुरो तिहार** नाटकमा नाटकका दुई प्रमुख पात्र सन्सरे र महानन्दको बिचको द्वन्द्व महत्त्वपूर्ण देखिन्छ । सन्सरे सत् पात्रको प्रतिनिधि हो भने महानन्द

असत् पात्रको प्रतिनिधि हो । सन्सरे र महानन्द बिचको द्वन्द्व वैचारिक देखिन्छ । महानन्द पञ्चायती सामन्तवादी शासन सत्ताको पक्षमा छ भने सन्सरे गणतन्त्रात्मक समतामूलक राज्य सत्ताको पक्षमा देखिन्छ । महानन्दमा आफ्नो शिर नझुक्ने, सत्ता नगिर्ने अहम्वादी सोच छ । ऊ यस्तो सामन्ती व्यवस्थालाई प्रशासनको सहयोगले टिकाउन चाहन्छ । यसको ठिक विपरीत सन्सरे महानन्द जस्ता सामन्ती जमिनदारी प्रथाको उन्मूलनमा लाग्दछ । ऊ महानन्द मात्र होइन त्यस्तो तन्त्रको अन्त्यका लागि लागि परेको कम्युनिस्ट विचार धाराको व्यक्ति हो । सन्सरे महानन्दलाई कार्यबाही गर्ने सन्दर्भमा पनि जन अदालतलाई निर्णय गराउन चाहन्छ । सन्सरे गरिब, असहाय, निम्न वर्गीय कृषक, सुकुम्बासीको पक्षमा र शोषित पीडित जनता, नारी आदिका पक्षमा छ भने महानन्द सामन्तीतन्त्र र पञ्चायती शासनका पक्षमा देखिन्छ । यसरी महानन्द  र सन्सरेको द्वन्द्व महत्त्वपूर्ण देखिन्छ ।

**बौलाही दिदीको अधुरो तिहार** नाटकमा मङ्गली र महानन्दका बिचको द्वन्द्व महत्त्वपूर्ण छ । मङ्गली नाटकको प्रमुख नारी पात्र हो । ऊ शोषित, पीडित जनताकी छोरी एवम्  बलात्कारको सिकार बनेकी प्रतिनिधि नारी पात्र हो । ऊ महानन्द जस्तो सामन्तबाट पटक पटक बलात्कृत भएकी छ । अन्ततः ऊ बौलाही बन्न पुग्दछे । बौलाए पनि उसमाथि ज्यादती गर्न छोडिँदैन । शारीरिक र मानसिक पीडा दिइ नै राखिन्छ । अन्ततः ऊ क्रान्तिकारी बनेर शोषक सामन्तीका विरुद्ध हतियार उठाउन बाध्य भएकी छ । समग्रमा भन्दा महानन्द र मङ्गलीका बिचमा भौतिक रूपमा नै द्वन्द्व भएको छ ।

**बौलाही दिदीको अधुरो तिहार** नाटकमा नमुना र महानन्दका बिच पनि द्वन्द्व भएको छ । नमुना जमिनदार महानन्दले नारीमाथि गरेको शोषण र दमनको खुलेर विरोध मात्र गर्दिन सशक्त प्रतिकार समेत गर्दछे । मङ्गलीलाई बोक्सीको आरोपमा सजाय दिइँदा छुट्याउनु, मङ्गली र सन्सरेलाई पाल्नु, लट्टेलाई पिट्नु, महानन्दका हरेक कार्यको विरोध गर्नु नमुना र महानन्द बिचको द्वन्द्व चर्काउने घटनाहरू हुन् । कडा प्रतिकारका बाबजुद पनि अन्ततः बलात्कार को सिकार बन्न बाध्य नमुना समतामूलक सोच भएकी शिक्षित नारी पात्र हुन् । यहाँ सम्पत्ति र सत्ताका आडमा जे सुकै गर्न सकिन्छ भन्ने हैकमवादी सोच र सबैलाई समान गर्नु पर्छ भन्ने समतामूलक सोचका बिचमा द्वन्द्व भएको छ ।

**बौलाही दिदीको अधुरो तिहार** नाटकमा  मङ्गली र जेठाजु (गन बहादुर) जेठानी (बाटुली) बिचको द्वन्द्व पनि महत्त्वपूर्ण छ । मङ्गलीको  बुढो लाहुरे लाहुरमा मरेकोमा

त्यसको दोषी मङ्गली हो भन्ने ती दुईको धारणा रहेको छ भने मङ्गली त्यो घटनामा आफ्नो दोष नरहेको पुष्टि गर्न सङ्घर्षरत छे ।

यस बाहेक पनि **बौलाही दिदीको अधुरो तिहार** नाटकमा विभिन्न पात्रहरूका बिचमा द्वन्द्व देखाइएको छ । लट्टे र नमुना, लट्टे र सन्सरेबिच पनि द्वन्द्व देखाइएको छ । त्यसैगरी महानन्दका भरौटे र जसेकी स्वास्नीका बिचको द्वन्द्व पनि यहाँ प्रस्तुत छ ।

प्रस्तुत नाटमा द्वन्द्वले चरमोत्कर्ष प्राप्त गर्न सके पनि अवसानको स्थिति चाहिँ प्राप्त गर्न सकेको छैन । समग्रमा भन्दा **बौलाही दिदीको अधुरो तिहार** नाटकमा बाह्य द्वन्द्वको सशक्त प्रयोग देख्न सकिन्छ । द्वन्द्व विधानका दृष्टिले विवेच्य नाटक उत्कृष्ट देखा परेको छ ।

### ५.२.६ चरित्र चित्रण

नाटकमा चरित्र महत्त्वपूर्ण तत्त्व हो । पूर्वीय तथा पाश्चात्य दुबै सन्दर्भमा नाटकमा चरित्रलाई अत्यन्त प्राथमिकताका साथ उठाइएको छ । अझ आधुनिक चिन्तकले त कथावस्तु समेत चरित्रको आधारमा नै सञ्चालन हुने भएकाले चरित्रको स्थान नाट्य तत्त्वका सन्दर्भमा पहिलो मान्दछन् । वास्तवमा नाटकको कथावस्तु चरित्रको क्रियाकलापकै आधारमा विस्तारित हुने भएकाले यसको उच्च महत्त्वलाई नकार्न सकिँदैन । **बौलाही दिदीको अधुरो तिहार** नाटकका पात्रहरू प्रायशः वर्गगत रहेका छन् । यहाँका सुकुम्बासी, आइते, सन्सरे, मङ्गली नमुना आदि शोषित वर्गका र महानन्द, सिपाही आदि शोषक वर्गका पात्रका रूपमा देखिन्छन् । यस नाटकका केही प्रमुख र सहायक पात्रको चर्चा अलग-अलग रूपमा निम्नानुसार गरिएको छ ।

#### क) मङ्गली

मङ्गली विवेच्य नाटककी प्रमुख नारी चरित्र हो । प्रस्तुत नाटकको प्रारम्भदेखि अन्त्यसम्म मङ्गलीको उपस्थिति रहेको छ । मङ्गलीलाई नाटकबाट अपसारित गर्ने हो भने नाटकको संरचना नै भत्किने देखिन्छ । मङ्गलीकै केन्द्रीयतामा यस नाटकको शीर्षकीकरण गरिएकाले पनि उसको नाटकमा अनिवार्यता देखिन्छ । यस नाटकको पहिलो अङ्कका सबै दृश्यमा र दोस्रो अङ्कको छैटौं दृश्यमा बाहेक सबैमा मङ्गलीलाई देखाइएको छ । शोषित, पीडित जनताका छोरीहरू सामन्त वर्गबाट कसरी लुटिन्छन् र विक्षिप्त बन्छन् भन्ने कुरा देखाउनु यस नाटकको मुख्य उद्देश्य देखिन्छ । अतः **बौलाही दिदीको अधुरो तिहार** नाटककी प्रमुख पात्रका रूपमा यहाँ मङ्गलीलाई देखाइएको छ । महानन्द जस्ता सामन्तहरूबाट अवला नारीले भोग्नु परेको दर्दनाक स्थितिलाई यहाँ मङ्गलीका माध्यमबाट

नाटककारले देखाएका छन् । साथै पीडाको चरम स्थितिबाट पीडित नारीले मुक्तिका लागि हतियार बोक्नु पर्छ भन्ने नाटककारको उद्देश्य पूरा गर्ने पात्र समेत मङ्गली नै भएकाले यस नाटककी प्रमुख पात्र हो ।

**ख) सन्सरे**

सन्सरे यस नाटकको सहायक पात्र हो । सन्सरेले नाटकको कथानक विकासमा सहायक भूमिका खेलेको छ । सन्सरे पहिलो अङ्कको पहिलो दृश्य र दोस्रो अङ्कको ३, ४, ५, ६ र ७ दृश्यमा देखिएको छ । सानैमा निकै क्रान्तिकारी स्वभावको देखिएको सन्सरेलाई सुकुम्बासी बस्तीका घर जलाउँदा सामन्तहरूले घरसँगै जलाउन चाहे तापनि ऊ उम्कन सफल भएको छ । सामन्त व्यवस्थाको अन्त्यका लागि वैचारिक हिसाबले लागेको सन्सरे महानन्दको कब्जामा परेकी नमुनालाई छुटाउन सफल भए तापनि आफ्नो अभियानमा भने सफलता हाँसिल गरेको नाटकमा देखाइएको छैन । कम्युनिस्ट आन्दोलनमा लागेको सन्सरे राष्ट्रबाट सामन्ती व्यवस्थाको अन्त्य नगरी नछाड्ने विश्वासमा देखिन्छ । दिदी मङ्गलीको मनोवैज्ञानिक उपचारमा खटिएको सन्सरे अन्ततः प्रहरी पक्राउमा परे तापनि त्यहाँबाट उम्कन सफल भएको छ । ज्यादै हिम्मतिलो साहसी सन्सरे यस नाटकको प्रमुख सकारात्मक पुरुष पात्रका रूपमा रहेको छ । अर्को शब्दमा भन्दा सन्सरे यस नाटकको नायक हो भन्न सकिन्छ । अनुकूल चरित्रको सन्सरे पञ्चायती व्यवस्थाको अन्त्यका लागि मन, वचन र कर्मले लागेको साहसी युवा वर्गको प्रतिनिधि पात्र हो । सन्सरे स्थिर, बद्ध, अनुकूल पात्रका रूपमा नाटकमा उपस्थित भएको छ ।

**ग) महानन्द**

महानन्द यस नाटकको प्रमुख असत् पात्र हो । शासन संयन्त्रको आडमा गाउँका सोझा, निमुखा गाउँलेलाई उसले चरम शोषण गरेको छ । सामन्तहरूको प्रतिनिधित्व गर्ने महानन्द बहुदलीय व्यवस्था प्रारम्भ हुनुअघिको सामन्तका रूपमा नाटकमा चित्रित छ । सुकुम्बासीहरूलाई जग्गा पास गरि दिने बहानामा पटक पटक पैसा असुल गर्नु, लाहुरेको पैसा खाई निरीह आइतेलाई फँसाई उसकी बालिका छोरी मङ्गलीको विवाह प्रौढ लाहुरेसँग गरि दिनु, विधवा बनेकी मङ्गलीलाई बलात्कार गर्नु, सुकुम्बासीलाई गोली ठोक्न लगाई उनीहरूको हत्या गर्नु, सुकुम्बासी बस्तीमा आगो लगाउनु, मङ्गलीलाई बोक्सीको आरोप लगाइ यातना दिनु, सन्सरेलाई आगोमा हाल्न लगाउनु, शिक्षिका नमुनालाई बलात्कार

गर्ने कुचेष्टा गर्नु, गाउँमा जबर्जस्ती खसी काट्न लगाई भोज गर्नु, निर्दोष सन्सरेलाई पुलिसको फन्दामा पार्ने चेष्टा गर्नु जस्ता घटनाहरूले महानन्द प्रतिकूल पात्र हो भन्ने कुरा पुष्टि हुन्छ । सन्सरे नाटकीय ढङ्गबाट उम्कने क्रममा सन्सरेले प्रहार गरेको मुक्का सहन गर्न नसकी भुइँमा लडेको, भाइटीका लगाउनबाट बञ्चित गर्ने क्रुर शासनको अन्त्यका लागि खुकुरी बोकेर मङ्गली निक्लेको र त्यसको 'बुढा' नामक पात्रले सबैको समर्थन गरेको कुरा राखेबाट महानन्द जस्ता सामन्तीको अन्त्य हुन सक्ने कल्पना मात्र नाटकमा गर्न सकिन्छ । सामन्त वर्गको प्रतिनिधिका रूपमा रहेको महानन्द स्थिर स्वभावको असत् पात्रका रूपमा नाटकमा देखिएको छ । नाटकमा महानन्दको उपस्थिति पहिलो अङ्कको १ र ३ दृश्यमा अनि दोस्रो अङ्को १, २, ६, ७ दृश्यमा भएको छ ।

**घ) नमुना**

नमुना यस नाटककी सहायक नारी पात्र हो । नमुनाले यस नाटकमा बहुदलीय व्यवस्था आउनु केही अगाडिको समयमा शिक्षण पेसामा आएको स्वतन्त्रताको चेतना बोक्ने प्रतिनिधि पात्रको भूमिका निभाएकी छिन् । परम्परागत रूपमा महिलाहरूलाई कमजोर सम्झी गरिएको शोषण, अत्याचार, सामन्तवादी प्रवृत्ति आदिको खुलेर तार्किक एवम् साहसपूर्ण प्रतिकार गर्नु नमुनाको चारित्रिक विशेषता हो । निसहाय पागल नारीलाई साहरा दिई उपचार गर्नमा समेत मद्दत गर्नु, एक प्रगतिशील पुरुष (सन्सरे) लाई सामान्य रूपमा आफ्नो घरमा राख्नु उनको परम्परागत सोचाइभन्दा माथिको उदार तथा उच्च कोटीको चेतना रहेको छ । अन्ततः महानन्दको पञ्जामा परेकी नमुना तत्कालीन समयमा जतिसुकै चेतना भएका नारी पनि समाज र त्यसका शासकका अगाडि निरीह बन्नु पर्दथ्यो भन्ने प्रमाणका रूपमा नाटकमा चित्रित छे । विचारमा दृढ, प्रगतिशील चेतना, बहुदलको आन्दोलनताकाकी शिक्षिका भएर सामन्तहरूको विरोध गर्न सक्नु उनको विशेषता हो । अनुकूल, स्थिर तथा सहायक पात्रका रूपमा नमुनाले यस नाटकमा मञ्चीय भूमिका निभाएकी छे ।

**ङ) आइते**

आइते यस नाटकको सहायक पात्र हो । उसको उपस्थिति यस नाटकमा पहिलो अङ्कको पहिलो दृश्यमा मात्र देखिन्छ । ऊ भूमिहीन सुकुम्बासीहरूको प्रतिनिधि पात्र हो । अत्यन्त इमानदार सोझो आइतेलाई सामन्त महानन्दले शोषण गरेको छ । ऊ आफ्नी

कलिली छोरी मङ्गलीलाई ४५ वर्षे लाहुरेलाई जिम्मा लागाउनु पर्ने बाध्यतामा परेको छ । झोडा फाँडेर खेत आफ्नो नाममा पार्ने नाममा विभिन्न किसिमका त्याग गर्न विवश आइतेकी पत्नीको २ सन्तान प्राप्तिपछि मृत्यु भएको  छ । मङ्गली र सन्सरेको हेरविचारमा दत्तचित्त आइते अन्ततः महानन्दको आग्रहमा प्रहरीले चलाएको  गोली लागी मरेको छ । नाटकको पृष्ठभूमि निर्माण गर्नमा उसको भूमिका महत्त्वपूर्ण रहेको छ ।

**ङ) बाटुली**

बाटुली यस नाटककी सहायक पात्र हो । मङ्गलीकी जेठानीका रूपमा आएकी बाटुली नाटकमा असत् पात्रका रूपमा उपस्थित भएकी छ । उसले ग्रामीण, अशिक्षित, रूढिवादी पूर्ण परम्परामा जेलिएकी नारीहरूको प्रतिनिधित्व गरेकी छ । आफ्नी देवरानीलाई बोक्सी, पोइ टोकुवा, वस्तु टोकुवा आदि आरोप लगाई घरबाट निकाल्ने बाटुली यस नाटकको पहिलो अङ्कको दोस्रो दृश्यमा मात्र देखिएकी छे । यस नाटकमा  बाटुली असत् पात्रका रूपमा उपस्थित भएकी छ ।

**च) गन बहादुर**

गन बहादुर मङ्गलीको जेठाजु, बाटुलीको श्रीमान् एवम् लाहुरेको दाजुका रूपमा नाटकमा प्रस्तुत भएको छ । ऊ यस नाटकमा पहिलो अङ्कको दोस्रो दृश्यमा मात्र उपस्थित भएको छ । उसले बाटुलीसँग मिलेर मङ्गलीलाई विभिन्न किसिमका आरोप लगाई मङ्गलीलाई घरबाट निकाल्न  महत्त्वपूर्ण भूमिका खेलेको छ । प्रस्तुत नाटकमा असत् पात्रका  रूपमा ऊ देखिएको छ । लडाइँमा मरेको आफ्नो भाइ मार्ने आरोप मङ्गलीलाई लगाउने उसले नाटकमा घृणित व्यवहार सम्पन्न गरेको छ । गन बहादुर यस नाटकको सहायक पात्र हो ।

**छ) लट्टे**

लट्टे यस नाटकको सहायक पात्र हो । सामन्त महानन्दको पछौटे बनेको लट्टे रुढिवादी मानसिकताले  ग्रसित छ ।  धामीका रूपमा देखिएर आफ्नो स्वार्थ पुरा गर्ने लट्टे महानन्दको चाकरी गर्नमा तल्लीन छ । उसले महानन्दको पछि लागेर चिन्ता बसी अवला मङ्गलीलाई बोक्सी सावित गर्न खोज्दै सिस्नो पानी लगाएको छ । लट्टे प्रस्तुत नाटकमा असत् पात्रका रूपमा उपस्थित भएको छ । लट्टेको उपस्थिति यस नाटकमा छास्स छुस्स देखिएको छ । मूलतः ऊ जमिनदार महानन्दको पछौटेका रूपमा नाटकमा चित्रित छ ।

**ज) बुढो**

बुढो यस नाटकको सहायक पात्र भए तापनि अत्यन्त महत्वपूर्ण पात्र हो । ऊ नाटककारको मुख पात्रका रूपमा नाटकमा उपस्थित छ । नाटककारले यस नाटकको विचारलाई यसै पात्रका माध्यमबाट व्यक्त गराएका छन् । नाटकको अन्तिम दृश्यको अन्तिम संवादमा देखिएको बुढोले सारगर्भित भनाइ राखेपछि नाटकको अन्त्य भएको छ । क्रान्तिमा लागी सामन्तको अन्त्य गरी समतामूलक समाजको निर्माणका लागि अब सबैले बलिदान दिन तयार बन्नु पर्ने महान् भनाइ बुढोले यस  नाटकको अन्त्यमा व्यक्त गरेको छ । अनुकूल पात्रका रूपमा उपस्थित बूढो नाटककारको मुख पात्र हो ।

यी बाहेक पनि यस नाटकमा लाहुरे, बिर्खे, अडे, स्याउले, वीरे, पुलिस र अन्य पात्रहरू रहेका छन् । यी पात्रहरू गौणप्रायः देखिन्छन् । लाहुरेको नेपथ्यीय कार्य व्यापारले अर्थात् विदेशमा भएको मृत्युले नाटकको प्रमुख पात्र मङ्गलीको जीवनमा प्रभाव पारेको छ । नाटकको कार्य व्यपारलाई लाहुरेको उपस्थितिले निकै प्रभाव पारे तापनि अन्य पात्र गौण देखिन्छन् । यिनीहरूको उल्लेख्य भूमिका नाटकमा देखिँदैन । पुलिसको भूमिका भने सामान्य रूपमा देख्न सकिन्छ ।

**बौलाही दिदीको अधुरो तिहार** नाटकमा कथानकीय घटनाले अपेक्षा गरे अनुसारकै पात्रहरूको चयन गरिएको छ । प्रायशः महत्त्वपूर्ण भूमिकामा देखिएका मङ्गली, सन्सरे, महानन्द जस्ता पात्रहरूको चारित्रिक विकासका लागि अन्य पात्रको उपस्थिति गराइएको छ ।

## **५.२.७ संवाद**

संवाद नाटकको प्रमुख तत्त्व हो । नाटकमा पात्रहरू हुन्छन् र यिनको परस्पर संवादले  नाटकको कार्य व्यापार अगाडि बढेको हुन्छ । पात्रका चरित्रलाई पनि संवादले नै उजिल्याएको हुन्छ । नाटकमा नाटककार स्वयम् उपस्थित भएर आफ्ना विचार प्रस्तुत गर्न नपाउने हुँदा आवश्यकता अनुसार मुख पात्र सिर्जना गरेर आफ्ना विचार वा धारणा प्रस्तुत गरेको हुन्छ ।

विवेच्य नाटकको संवाद सामान्य किसिमको देखिन्छ । कतै कतै भने पात्र अनुकूल संवादको प्रयोग भएको पाइँदैन । सन्सरेको बाल्यकालको संवाद ज्यादै क्रान्तिकारी देखिन्छ । महानन्दको घर छोडेर जाने धम्कीलाई चुनौती दिँदै सन्सरे भन्छ 'भाग्दैनौं हामी मरिमरि फाँडेपछि पनि भाग्दैनौं, पैसा पनि तिर्दैनौं ...(पृ ५)।'

त्यसै गरी औपचारिक  शिक्षा नलिएको र लामो समय जेलमा बिताएको सन्सरे महानन्दलाई भन्छ ‘म तँसँग रूपयाँ माग्ने हुइनँ । म तँजस्ता उपियाँ र उपियाँका संरक्षकहरूको अन्त्य माग्ने हुँ । म त्यसैको लागि लागेको हुँ । महानन्दे तँ त्यति मात्र नसोच् मेरो लडाइँ त्यतिसँग मात्र हैन, यस परिपाटीका संरक्षकहरूले हुर्काएको वातावरण र संस्कृतिसँगकै मूल लडाइँ हो (पृ ५३) ।’

यसरी केही स्थानमा सन्सरेले पूर्ण शिक्षित व्यक्तिको संवाद बोलेको देखिन्छ । मङ्गलीको गीतिमय संवादले नाटकलाई रोचक पनि तुल्याएको छ । मङ्गली गीति लयमा आफूलाई दुःख दिने लट्टेको विरोध गर्दै भन्छे :-

‘मकै खायो बोकाले झ्याँक्रीलाई खायो डोकाले

धामी र डोको एकै ठाउँ  धामीलाई  लिएर खोलामा जाउँ (पृ ३४)।’

प्रस्तुत नाटकका प्रायजसो सबै पात्रका संवाद शिष्ट नै देखिन्छन् । यदाकदा ग्रामीण भाषा र थेगोको प्रयोगले नाटकमा  स्वाभाविकता थपेको छ । समग्रमा हेर्ने हो भने नाटकको संवाद मध्यम स्तरको देखिन्छ । सामान्य कृत्रिमतालाई बेवास्ता गर्ने हो भने यसका संवाद सरल र स्वाभाविक देखिन्छन् ।

### ५.२.८ भाषाशैली

**बौलाही दिदीको अधुरो तिहार** नाटकको भाषा मध्यम स्तरको रहेको छ । तद्भव शब्दको प्रयोगले भाषामा सरल र स्वाभाविकता थपेको छ । यदाकदा गीतका टुक्राहरूको प्रयोगले भाषालाई अझ उत्कृष्टतातर्फ अग्रसर गराएको छ । केही स्थानमा बालभाषाका संवाद समेत प्रस्तुत भएका छन् ।

आस्था आत्था नि पोल्यो घामैले (पृः १)

नाटकमा  यार, लेकिन, अच्छा जस्ता हिन्दी भाषाका शब्दहरूको प्रयोग भएको छ । त्यस्तै क्या, त, ए, हँ, लौ, खै जस्ता निपातको प्रयोग भएको छ । मुटुटुटु, हुतुतुतु, हुँहुँ, जुरुक्क, हाँहाँ, गुजुजुजु, गड्याङ्गुडुङ् जस्ता अनुकरणात्मक शब्दको प्रयोग पनि पाइन्छ । मास्टरनी, प्रहरी, लेकिन जस्ता आगन्तुक भाषाका शब्दहरूले नाटकको भाषालाई स्वाभाविकता थपेका छन् । नाटकमा तत्सम र तद्भव स्रोतका शब्दहरूको प्रयोग अधिक पाइन्छ ।

यसरी प्रस्तुत नाटकको भाषाशैली सरल सहज र प्रभावकारी देखिन्छ । तत्सम स्रोतका चलन चल्तीका शब्दको चयनले नाटकलाई बोधगम्यता थपेको छ । समग्रमा भन्दा लेखकको उद्देश्य पाठकसामु प्रेषण गर्न यस नाटकको भाषा सफल देखिन्छ ।

### ५.२.९ उद्देश्य

**बौलाही दिदीको अधुरो तिहार** नाटकको उद्देश्य सामन्ती सरकारका विरुद्ध जन लहर सिर्जना गर्नु देखिन्छ । यहाँ महानन्द जस्ता सामन्तले गरिब निमुखा जनतालाई कसरी शोषण गर्छन् भनी देखाइएको छ । घटनाक्रमको अन्तमा त्यस्ता शोषकको अन्त्यका लागि क्रान्तिकारी पुरुष पात्रको सिर्जना गरिएको छ भने यस उद्देश्यमा पूर्ण रूपमा समर्पित नारी मङ्गलीलाई क्रान्तिको मार्गमा लगाइएको छ । सन्सरे देशबाटै सामन्ती शासनको निर्मूल पार्न लागेको छ भने मङ्गली सशस्त्र रूपमा यस आन्दोलनमा होमिएकी छ । नाटकको अन्त्यमा लेखकले आफ्नो मुख पात्र सिर्जना गरी सबैले अब मङ्गली र सन्सरेले लिएको सामन्ती प्रथा अन्त्य गर्ने बाटोमा लाग्नु पर्ने धारणा प्रस्तुत गरिएको छ । नाटकमा मार्क्सवादी सिद्धान्त अनुरूप समाजलाई चिनाउने र अग्रगमनमा लैजानु पर्ने धारणा व्यक्त गरिएको छ । खासगरी गरिब, किसान, मजदुर एवम् सुकुम्बासीले सामन्तबाट भोगेको समस्यालाई टड्कारो रूपमा देखाइएको छ ।

यसरी नाटककारले प्रस्तुत नाटकमा मार्क्सवादी सिद्धान्त अनुरूप समाजको विकास र क्रान्तिको आवश्यकता देखाएका छन् । द्वन्द्वात्मक भौतिकवादलाई यहाँ नाटककारले जीवन्त प्रस्तुत गरेका छन् । समग्रमा लेखकले आफ्नो उद्देश्य अनुरूपको कथानक, पात्र, संवाद, प्रभाव आदि नाटकीय पक्षको सफल संयोजन गरेका छन् ।

## ५.३ निष्कर्ष

खगेन्द्र सिटौलाद्वारा लिखित **बौलाही दिदीको अधुरो तिहार** नाटकको शीर्षक आफैँमा प्रभावकारी, सार्थक र घटना अनुकूल देखिन्छ । जम्मा दुई अङ्क १० दृश्य र ६५ पृष्ठको संरचना रहेको यस नाटकमा ग्रामीण जन जीवनको परिवेश समावेश गरिएको छ । अत्यन्त सुगठित घटना प्रधान कथावस्तु रहेको यस नाटकमा २०४६ सालको आन्दोलनका केही अगाडिको ग्रामीण समाजको कथावस्तुगत परिवेश समेटिएको छ । मूलतः शोषक र शोषितका बिचको द्वन्द्वलाई देखाइएको यस नाटकमा बाह्य द्वन्द्व नै सशक्त र सबल देखिन्छ । मङ्गली नामक स्त्री पात्रकै केन्द्रीयतामा संरचित प्रस्तुत नाटकमा महानन्द, सन्सरे

जस्ता प्रमुख स्तरकै पात्र र  नमुना, आइते, बाटुली, गन बहादुर, लट्टे आदि सहायक एवम् प्रहरी, सुकुम्बासी आदि गौण पात्रहरूको उपस्थिति देखिन्छ ।  यस नाटकमा प्रयुक्त संवाद पनि स्वाभाविक किसिमको रहेको छ । भाषा शैलीगत दृष्टिले पनि प्रस्तुत नाटक स्वाभाविक र सरल देखिन्छ । निपात, अनुकरणात्मक शब्द आदिले भाषालाई जीवन्त बनाएको देखिन्छ भने तद्भव र प्रचलित तत्सम स्रोतका शब्दको प्रयोगले नाटक बोधगम्य बनेको छ । मार्क्सवादी दर्शनमा आधारित उद्देश्य भएको प्रस्तुत नाटकका सबै घटनाहरू उद्देश्य पूर्तिमा सबल देखिन्छन् । खासगरी नाटकमा शोषक र शोषितका बिचको द्वन्द्वात्मक स्थितिलाई देखाई द्वन्द्वात्मक भौतिकवादको सामाजिक रूपान्तरण प्रक्रियालाई घनीभूत रूपमा प्रस्तुत गरिएको छ । यसरी समग्रमा **बौलाही दिदीको अधुरो तिहार** नाटक सशक्त र प्रभावकारी बन्न पुगेको   देखिन्छ ।

## ५.४ रातो तारा चम्किएपछि नाटकको विश्लेषण

**रातो तारा चम्किएपछि**  नाटककार खगेन्द्र सिटौलाको वि.सं. २०४७ असोजमा भारद्वाज प्रकाशनद्वारा प्रकाशित नाट्य कृति हो । प्रस्तुत नाटक दुई अङ्क आठ दृश्य र ६१ पृष्ठमा संरचित छ । समाजलाई विकसित तथा सकारात्मक, उन्नत सामाजिक, सांस्कृतिक रूपान्तरणको मार्गबाट जहिल्यै टाढा धकेलि रहने पुँजीवादी रुढ संस्कारको परम्पराले जरा गाडेका कारण नै सर्वसाधारणमाथि विभिन्न किसिमका विभेदको पराकाष्टीय रूपले राज गरेको कुरालाई सिटौलाले कृतिमा प्रस्तुत गरेका छन् । कम्युनिस्टहरूले अपनाउने लोकहितकारी प्रगतिवादी चिन्तनको प्रबलता भएमा मात्र समाजका विकारको अन्त्य हुने कुरा प्रस्तुत गर्दै सिटौलाले परम्पराका ती जड मान्यताका विरुद्ध सशक्त आवाज उठाएका छन् र त्यसको कार्यान्वयनमा जोड दिएका छन् । यहाँ प्रस्तुत कृतिको विश्लेषण कथावस्तु, परिवेश, द्वन्द्व, चरित्र चित्रण, संवाद, भाषाशैली, उद्देश्य जस्ता नाट्य तत्वका आधारमा गरिएको छ भने विश्लेषणको क्रममा यस नाटकलाई शीर्षक र अङ्क दृश्य योजनाका आधारमा पनि केलाइएको छ ।

### ५.४.१ शीर्षक

**रातो तारा चम्किएपछि** प्रतीकात्मक शीर्षक भएको नाटक हो । 'रातो' पद क्रान्तिको प्रतीक हो भने 'चम्किनु' विजयको प्रतीक हो । समग्रमा 'रातो तारा चम्किएपछि' पदावली

समाजमा हुने गरेका वा भएका अन्याय अत्याचारका विरुद्धमा आवाज उठाउने जनपक्षीय क्रन्तिकारी समूहको विजयको प्रतीकका रूपमा आएको छ ।

२०१७ पछि नेपालमा पञ्चायत व्यवस्थाको उदय भयो र शक्तिलाई आफ्नो मुठीमा लिएर नेपाली जनताका हक अधिकारहरू खोस्ने काम गऱ्यो । दलहरूमाथि प्रतिबन्ध लगाइयो र बहुदलीय व्यवस्थाको अन्त गरी निर्दलीय व्यवस्था कायम गरियो । यस व्यवस्थाका शासकहरूले निम्न वर्गीय नेपाली जनतामाथि शोषण गर्न थाले । समय बित्दै जाँदा नेपाली जनतामा चेतना बढ्न थाल्यो र उनीहरू पञ्चायती शासनका विरुद्धमा सङ्गठित हुन थाले । त्यही सङ्गठित शक्तिले पुरानो शक्तिको अस्तित्व नामेट पाऱ्यो र जन पक्षीय चरित्रको हातमा शासनको बागडोर सुम्पियो । अर्थात् नयाँ नेपाल बनाउन चाहने सङ्घर्षशील चरित्रले प्राप्त गरेको २०४६ सालको ऐतिहासिक जन आन्दोलन यस नाटकको आधारभूमि हो । सम्पूर्ण नेपाली जनताहरू हँसिया र मार्तोल अङ्कित रातो झन्डामुनि गोलबन्द भएर अत्याचारी शासनमाथि विजय प्राप्त गरेका छन् । यथास्थितिवादी सामन्ती शासनको अन्त्य गर्दै क्रान्तीकारी समूहको विजय यस नाटकमा देखाइएको हुनाले नाटकको शीर्षक सार्थक देखिन्छ ।

### ५.४.२ अङ्क र दृश्य योजना

**रातो तारा चम्किएपछि** नाटक दुई अङ्क आठ दृश्यमा विभाजित छ । पहिलो अङ्कमा पाँच दृश्य रहेका छन् भने दोस्रो अङ्कमा तिन दृश्य रहेका छन् । जम्मा ६१ पृष्ठ भएको विवेच्य नाटकको पहिलो अङ्कका ५ दृश्य क्रमशः आठ, पाँच, तिन, अठार र दश पृष्ठमा संरचित छन्  भने दोस्रो अङ्कका तिन दृश्य क्रमशः छ,  सात, सात पृष्ठमा संरचित छन् ।

पहिलो अङ्कको प्रथम दृश्यको प्रारम्भ मनोनित राष्ट्रिय पञ्चायत सदस्य हंशराज आफ्नो बैठक कोठामा बसेर केही लेखि रहेको अवस्थामा उसको कामदार बलिरामको प्रवेश भएबाट हुन्छ । यहीँबाट विवेच्य नाटकको कथावस्तुको सुरुवात भएको छ । यस दृश्यमा रा. प. स. हंशराज, जि. प. सभापति विनोद र  हंशराजको कामदार बलिरामका बिचमा विविध विषयमा कुराकानी भएका छन् । हंशराज र बलिरामका बिचमा गाँजा, बहुमूल्य मूर्ति, कस्तुरीको विना एवम् सुन्दरीहरू कसरी काठमाडौं पुऱ्याउने भन्ने विषयमा छलफल भएको छ भने विनोद र हंशराजका बिचमा पञ्चायती शासनका विरोधी खासगरी खानदानी

मान्छेहरूका खतरनाक दुस्मनका रूपमा उभिएका कम्युनिस्टहरूको समूल अन्त्य कसरी गर्न सकिन्छ भन्ने विषयमा छलफल भएको छ । 'खासगरी कम्युनिस्ट क्या बामेहरूको झिल्को कहिं देख्नु त के शङ्का मात्र पाइयो भने पनि निमिट्यान्नै पार्ने काममा अलिकति पनि हेलचेक्र्याईं गर्नु हुन्न (पृ. ५) ।' त्यसैगरी नोकर चाउरे र नोकर्नी गौंथलीका मनमा उठेका विद्रोहका भावहरू पनि यस दृश्यमा आएका छन् ।

प्र. जि. अ. को कार्यालयमा प्र.जि.अ. विनोद र डी.एस्. पी. शर्मा बसि रहेको अवस्थामा रा.प.स. एवम् जमिनदार हंशराजको प्रवेश भएबाट पहिलो अङ्कको दोस्रो दृश्यको प्रारम्भ भएको छ । यस दृश्यमा जमिनदारहरूका जमिनमा काम गर्ने मोहीहरूलाई जमिनबाट हटाउने र त्यसको विरोधमा आउने सबैलाई कम्युनिस्टको आरोप लगाई तिनीहरूमाथि कार्यवाही अभियान सञ्चालन गर्ने विषयमा प्र.जि.अ., डी.एस् .पी. र हंशराजका बिचमा छलफल भएको छ । जमिनदारहरूले मोहीहरूलाई जमिनबाट निकालि दिएपछि त्यसको विरोध गर्न वामपन्थीहरू नै आउँछन् भन्ने उनीहरूको ठहर छ । 'अँ, तिनीहरूलाई लखेटेपछि त्यस कुराको चर्को विरोध गरेर समाजमा अशान्ति झिक्ने भनेका बामेहरू नै हुन्छन् । हामीलाई बामे चिन्न र पक्रन पनि सजिलो हुन्छ (पृ १०) ।' त्यस्तै जमिनदारहरूको जमिनमा लगाएको गाँजा कसरी जोगाउने भन्ने विषयमा पनि उनीहरूका बिचमा यस दृश्यमा कुराकानी भएको छ ।

तिन पृष्ठमा विस्तारित पहिलो अङ्कको तेस्रो दृश्य प्रहरीले कृषकहरूलाई हातमा बाँधेर प्रहरी चौकी ल्याएको घटनाबाट प्रारम्भ भएको छ । जमिनदार मालिकहरूका जमिनमा काम गर्ने सोझासिधा जनताहरूलाई कम्युनिस्टको आरोप लगाएर पञ्चायत प्रशासनले कुट्ने, पिट्ने, जेल हाल्ने काम यस दृश्यमा भएको छ ।

प्रथम अङ्कको चौंथो दृश्य गाउँका एक बृद्धा गजनाथ र उनकी छोरी रमा पूजा गर्नका लागि मन्दिरतर्फ जाँदै गरेको घटनाबाट प्रारम्भ भएको छ । पूजा गर्न जाँदै गर्दा उनीहरूमाथि पञ्चायतका मतियार मन्दु र धन्दुले आक्रमण गरेर घाइते बनाउँछन् र रमालाई बलात्कार गर्ने प्रयास समेत गर्दछन् । सोही क्रममा आक्रोश र मुक्ति नाम गरेका दुई कम्युनिस्ट कार्यकर्ताहरू आइ पुग्छन् । मन्दु र धन्दुसँग उनीहरूको युद्ध हुन्छ । पञ्चायतका गुण्डाहरूलाई भगाएपछि आक्रोश र मुक्तिले गजनाथको प्राथमिक उपचार गर्दछन् । साथै धर्मका नाममा हुने गरेका खोक्रा आडम्बरका बारेमा पनि यस दृश्यमा कुराकानी भएका छन् ।

पाँचौं दृश्य गजनाथ र उनकी छोरी रमा प्र.जि.अ. सोमनाथलाई उनकै कार्यकक्षमा भेट्न आएको दृश्यबाट भएको छ । उनीहरू मन्दु र धन्दुका विरुद्धमा उजुरी गर्न आएका छन् । तर प्र.जि.अ.ले उल्टै उनीहरूलाई जेल हाल्ने काम गरेको छ । त्यस्तै स्कुलका लागि आएको च्यादर प्रधान पञ्चले लगेर आफ्नो घरमा लगाएको घटना पनि यस दृश्यमा वर्णित छ । यस दृश्यको अन्त्यमा सर्व साधारण जनतालाई दुख दिएर पञ्चायतका मतियारहरूले कतिसम्मका कुकृत्यहरू गर्दथे भन्ने कुरा देखाइएको छ ।

**रातो तारा चम्किएपछि** नाटकको दोस्रो अङ्कमा तिन दृश्य रहेका छन् । अङ्क दुईको दृश्य एक केशर, राजेन्द्र र ललितलाई पञ्चायत प्रशासनले कम्युनिस्टहरूलाई दबाउनका निम्ति विभिन्न स्थानमा परिचालन गरेको दृश्यबाट प्रारम्भ भएको छ । कम्युनिस्टहरूको बढ्दो लोकप्रियताले गर्दा पञ्चायती शासक अत्यन्तै डराएको र कम्युनिस्टहरूको शान्तिपूर्ण कार्यक्रममाथि आक्रमण गरेको दृश्य पनि यसमा रहेको छ ।

दृश्य दुई हंशराजको कामदार बलिराम हतारिँदै हंशराजलाई घरबाट भगाउन आएको दृश्यबाट प्रारम्भ भएको छ । राजनैतिक दलहरूको आन्दोलनका कारण नेपालमा बहुदलीय प्रजातन्त्र आउँछ र पञ्चायतको हार हुन्छ र रा.प.स. हंशराजले भाग्नुपर्ने हुन्छ । हंशराज आफू जोगिनका लागि महिलाको लुगा लगाएर भागेको दृश्य यहाँ देखिन्छ ।

दोस्रो अङ्कको दृश्य तिन विद्यालयको प्राङ्गणमा धनपाल र गजनाथबिच संवाद भइ रहेको दृश्यबाट प्रारम्भ भएको छ । गाउँ घरका बुढा पाकाहरू सबै कम्युनिस्टमा लागेर आफ्नो अस्तित्वका लागि लडाइँ गरेको एवम् जेल नेल सहेका घटनाहरू यहाँ वर्णित छन् । बहुदलीय प्रजातन्तत्रको प्राप्तिपछि पञ्चायत शासकले जेल हालेका सबै राजनीतिक बन्दीहरू कैद मुक्त भएर हँसिया र मार्तोल अङ्कित झन्डा माथि माथि उठाउँदै विजय उत्सव मनाएको दृश्य यहाँ देखिन्छ । यस दृश्यमा सबैले समान अवसर पाउनु पर्छ । कोही ठुलो कोही सानो भन्ने हुनु हुँदैन । विभिन्न जात जातिका बिचमा जातीय विभेद हुनु हुँदैन । सबैमा भावनात्मक सम्बन्ध हुनु पर्दछ भन्ने कुरा स्पष्ट पारिएको छ ।

प्रस्तुत नाटकको पहिलो दृश्य नाटकको प्रारम्भ विन्दु हो भने दोस्रो दृश्यबाट नाटकको विकास भएको छ । नाटकको आठौं दृश्य नाटकको उपसंहार खण्ड हो । प्रस्तुत नाटकमा संयोजित सबै दृश्यहरू गतिशील छन् । नाटककारको विचार स्पष्टसँग व्यक्त गर्न नाटकका दृश्यहरू सक्षम देखिन्छन् ।

### ५.४.३ कथावस्तु

नाटककार खगेन्द्र सिटौलाको **रातो तारा चम्किएपछि** नाटक नेपाली समाजको राजनीतिक पृष्ठभूमिमा आधारित रहेको छ । यस नाटकको कथावस्तु राजनीतिक घटनाको यथार्थ पक्षको उद्घाटन र त्यसका विसङ्गतिहरूको अनावरणतर्फ केन्द्रित छ । यसमा खास गरी पञ्चायत कालीन राजनीतिक चरित्रको उद्घाटन गर्दै कम्युनिस्ट विचार धाराको पक्षधरताका रूपमा कथावस्तुलाई नाटकीय स्वरूप प्रदान गरिएको छ । यस कारण प्रस्तुत नाटकको कथावस्तुको स्रोत नेपाली समाजको पञ्चायत कालीन राजनीतिक विसङ्गति र नाटककार स्वयम्को वैचारिक सन्दृष्टि रहेको देखा पर्दछ ।

दुई ओटा अङ्क रहेको यस नाटकको अङ्क एकको पहिलो दृश्यमा राष्ट्रिय पञ्चायत सदस्य हंशराज र जिल्ला सभापति विनोदको संवादमा आधारित घटना समाविष्ट छ । पुराना मूर्ति चोरी गर्ने, कस्तुरी र चरेसको काला बजारी गर्ने हंशराज उच्च तहका पञ्चायत शासकलाई भेट्न काठमाडौं प्रस्थान गर्ने भएपछि विनोद उसलाई राजाबाट तक्मा पाउने प्रलोभनमा आफ्नो सन्देश प्रेषण गर्न चाहन्छ । पञ्चायत विरोधी वामपन्थीहरूको उग्र दमन गर्नमा र आफ्ना हजारौँ बिघा जमिन संरक्षण गर्न एवम् निम्न वर्गीय श्रमिक जनताका विरुद्ध शासन सञ्चालन गर्नमा उनीहरू केन्द्रित रहन्छन् । उनीहरू कम्युनिस्टबाट त्रस्त रहेको कुरा चाउरे नोकरबाट थाहा हुन्छ । यसरी आफ्नो दमनकारी राजनीतिक खेललाई यथावत् राख्न उनीहरू एकजुट हुन्छन् र निम्न वर्गीय जनतामा कम्युनिस्टहरूको वैचारिक प्रभाव पर्दै गएको अवस्थाप्रति चिन्तित समेत बन्छन् । यसै अवस्थामा हंशराज दुई महिनापछि आफू काठमाडौंबाट फर्कने कुरा गरेपछि यो दृश्य समाप्त हुन्छ ।

दृश्य दुईमा हंशराज, प्र.जि.अ. सोम प्रसाद, डी.एस्. पी. शर्माको संवाद रहेको छ । यसमा जिल्ला स्तरमा कम्युनिस्टहरूको वर्चस्व स्थान पत्ता लगाई उनीहरूको विनाश गर्नलाई अपनाउने रणनीति उद्घाटित छ । मोहीहरूको शोषण गर्ने र मोहीका पक्षमा बोल्ने कम्युनिस्टको पहिचान गरी तिनलाई मार्नतर्फ उनीहरू एकजुट हुन्छन् । अर्कातर्फ काला बजारी र लागू औषधमा समेत सक्रिय उनीहरू राष्ट्रिय र अन्तर्राष्ट्रिय मान्यता अनुरूप गाँजा र चरेसको खेती सामन्यतया नष्ट गरेको समाचार टिभीमा प्रशारण गर्ने र अन्तर्तहमा त्यस्ता काला बजारीलई यथावत् राखी त्यस आम्दानीलाई पञ्च प्रशासकका सबै भरौटेलाई बाँड्नु पर्ने धारणा राख्छन् ।

तेस्रो दृश्यमा हंशराजको जग्गा कमाउने किसानहरूलाई जबर्जस्त पक्राउ गरी थानामा ल्याइन्छ र उनीहरूलाई कडा रूपमा कम्युनिस्टका सुराकीहरूबारे बताउन दबाब दिइन्छ । किसानले हंशराजका मोही भएकाले आफूहरू निर्दोष रहेको र कम्युनिस्टबारे आफू अज्ञात रहेको बताउँछन् । यसै दृश्यमा एक महिला निर्दोषमाथि अन्याय गरेकाले यसको सजाय मालिक र हाकिमहरूले नै भोग्नु पर्ने बताउँछे । यसपछि उनीहरूलाई कम्युनिस्ट हुन् भन्दै सजायका निम्ति भित्र लगिन्छ र कडा यातना भोग्न उनीहरू बाध्य हुन्छन् ।

दृश्य चारमा ग्रामीण किसान गजनाथ र उसकी छोरीमाथि पञ्चायतका मन्डले धन्दु र मन्दुले हामी मन्त्रीका छोरा हौं भन्दै कुटपिट र अनैतिक गाली गलौज गरेको घटनालाई प्रस्तुत गरिएको छ । यस कुटाइबाट घाइते भएको गजनाथलाई कम्युनिस्ट कार्यकर्ता मुक्ति र आक्रोशले प्राथमिक उपचार गरि दिन्छन् । कम्युनिस्टहरू डरलाग्दा र धर्मका विरुद्धमा हुन्छन् भन्ने कुरा सुनेको गजनाथले मुक्ति र आक्रोशबाट कम्युनिस्टको वास्तविकता थाहा पाउँछ । यथार्थतः धार्मिक रुढिवाद एवम् धार्मिक शोषणका विरुद्धमा आवाज उठाउने कम्युनिस्टलाई दोषी बनाएर राजनीतक, सामाजिक उत्पीडन र शोषण गर्ने पञ्चायती मन्डलेका विरुद्धमा कम्युनिस्टहरू लागि परेको कुरा गजनाथले थाहा पाउँछ । यसैगरी निम्न वर्गीय जनताको शोषण गर्ने, अनावश्यक लुटपाट र यौनिक हिंसा गर्ने तथा नेपाली समाजलाई सर्वदा अशान्तिको दलदलमा फसाउँने ती मन्डलेहरूका विरुद्ध सङ्घर्ष गरि रहने कम्युनिस्टका विचारलाई समेत गजनाथले उनीहरूबाट बुझ्ने मौका पाउँछ । समाजको परिवर्तन र समतामूलक सामाजिक न्याय व्यवस्थाका निम्ति कम्युनिस्टहरू धेरै सचेत र सङ्घर्षशील रहेको कुरा उसले बोध गर्दछ । रमाले समेत नारीहरू पनि कम्युनिस्ट हुन सक्छन् भन्ने कुरा बोध गर्दछे । आफ्नो बचावट, उपचार र स्पष्ट विचारका निम्ति गजनाथले यस दृश्यको अन्त्यमा मुक्ति र आक्रोशलाई धन्यवाद दिन्छ ।

पहिलो अङ्कको पाँचौं दृश्यमा गजनाथ र रमा बाबुछोरी मन्डले धन्दु र मन्दुहरूको दुर्व्यवहारका विरुद्ध न्याय पाउनका निम्ति प्र. जि. अ. सोम प्रसाद समक्ष निवेदन दिन जान्छन् । सोम प्रसाद धन्दु र मन्दुलाई व्यवस्थाका असल कार्यकर्ता हुन् भन्दै त्यस्तो आरोप नलगाउन उनीहरूलाई आग्रह गर्दछ । कम्युनिस्ट कार्यकर्ताले भनेको पञ्चहरू खराब हुन्छन् भन्ने कुरा रमाबाट थाहा पाएपछि सोम प्रसाद उनीहरूलाई पनि बामे हुन् भन्दै सुब्बा मार्फत कार्यवाहीका लागि अन्तै पठाउँछ । नाटकको अन्तिम अवस्थामा उनीहरू जेलबाट छुटेको सूचना पाइएकाले सम्भवतः उनीहरूलाई यसै बेला जेल चलान गरिएको हो भन्ने

कुरा थाहा पाउँन सकिन्छ । यसै बेला प्र.अ. सवक, विद्यालय सञ्चालक समिति सदस्य श्रमलाल र संस्थापक सल्यान तिनै जना वि.व्य.स. अध्यक्ष प्रधान पञ्च हाम बहादुरले विद्यालयको टिन चोरी गरेको भन्दै उजुरी दिन आइ पुग्छन् । उनीहरूलाई पनि सोम प्रसादले प्रधान पञ्चका विरुद्ध नबोल्न दबाब दिन्छ । विद्यालयका तर्फबाट न्याय माग्न आएका उनीहरू भ्रष्टाचारीलाई कार्यबाही गरिनु पर्ने माग राख्दै भौतिक रूपमा विद्यालय खस्कँदै गएको कुरा जानकारी गराउँछन् । तर, सोम प्रसाद उनीहरूलाई पुनः पञ्चायतका विरुद्ध नबोल्न धम्की दिन्छ र हाम बहादुरले भ्रष्टाचार नगरेको कुरा बताउँछ । विद्यालयलाई सहयोग गर्ने झुटो आश्वासन सहित सोम प्रसाद उनीहरूलाई बिदा गर्छ । त्यसै बेला हाम बहादुर प्रवेश गर्छ र सोम प्रसादसँग सवक लगायतका व्यक्तिहरू बामे हुन् भन्दै झुटो आरोप लागाएर हाम बहादुरले भ्रष्टाचार नगरेको कुरा बताउँछ । न्यायका पक्षमा बोल्ने प्र.अ. लगायतका व्यक्तिलाई कार्यबाही गर्ने कुरा सहित यो दृश्य समाप्त हुन्छ ।

प्रस्तुत नाटकको दोस्रो अङ्कको पहिलो दृश्यमा पञ्चद्वारा पालित गुन्डाहरू केशर, राजेन्द्र र ललित व्यवस्थाका विरोधीहरूलाई नष्ट गर्ने कुरा गर्दछन् । उनीहरू काँग्रेस र कम्युनिस्ट मिले भने पञ्चायत व्यवस्था कमजोर हुन सक्छ भन्ने उच्च प्रशासनिक संयन्त्रका जटिलता र भयलाई समेत व्यक्त गर्दछन् । खास गरी भाडाका यी गुन्डाहरू गोली चलाएर भए पनि वामपन्थीहरूलाई नष्ट गर्ने कुरा गर्दै होटलभित्र पस्छन् । यसै बेला बाहिरपट्टि कम्युनिस्ट कार्यकर्ता मुक्ति पञ्चायतका दुर्वृत्ति विरुद्ध क्रान्तिकारी भाषण गर्दछ । उसको वैचारिक र ओजपूर्ण भाषण सुन्नका निम्ति मान्छेको भिड लाग्दछ । प्रहरी प्रशासनले यस भिडमा अन्धाधुन्द बल प्रयोग गर्दछ र मुक्तिलाई टाउकामा लठ्ठी प्रहार गरी घिसारेर लगिन्छ । यसै बेला अर्को जुझारु क्रान्तिकारी कम्युनिस्ट कार्यकर्ता आक्रोश भाषण गर्न थाल्छ र भिड पुनः एकत्रित हुन्छ । उसले मूलतः आफूहरू प्रहरीका विरुद्ध नभएर पञ्चायती शोषण र उत्पीडनका विरुद्ध सङ्घर्ष गरि रहेको छर्लङ्ग पार्छ । कुटपिट र हत्याले मान्छे मरे पनि विचार सदैव जीवित रहने र पञ्चायतका विरुद्ध क्रान्तिकारी अभियान निरन्तर रहने उसको भाषण सहित यस दृश्यको अन्त्य हुन्छ ।

दोस्रो दृश्यमा निर्दलीय पञ्चायती व्यवस्था समाप्त भएको र बहुदलीय व्यवस्था घोषणा भएको कुरा व्यक्त भएको छ । पञ्चायत सदस्य हंशराजले आफ्नो कारिन्दा बलिरामबाट हरेक सडकमा क्रन्तिकारीहरूको उर्लंदो भिड बढ्दै गएको कुरा थाहा पाउँछ । बेच्न लान लागिएका चेलिबेटीहरूबाट हंशराज लगायतका व्यक्तिहरूको कर्तुत समेत खुलि

सकेको कुरा बलिरामले जानकारी गाराउँछ । मन्त्रीहरू समेत पलायन भइ सकेकाले अब चाँडो गरी भाग्नु पर्ने कुरा हंशराजले थाहा पाउँछ । भिड आफ्नो निवासतिर बढ्दै आएकाले सम्भावित खतराबाट बच्न कान्छीका नारी पहिरन लगाएर हंशराज र बलिराम भागेको प्रसङ्गसँगै यो दृश्य समाप्त हुन्छ ।

प्रस्तुत अङ्कको तेस्रो वा अन्तिम दृश्य राजनीतिक गतिरोधले निकास पाएको अथवा सामन्तवादको निरङ्कुश चरित्र समाप्त भएको अवस्था र क्रान्तिकारी वामपन्थीहरूले पूर्णतया निर्दलीयता समाप्त पारेको घटनासँग सम्बद्ध रहेको छ । यसमा भुटो  आरोपमा आफ्नी छोरी सहित जेल सजाय भोग्न बाध्य गजनाथ र उसको पुरानो साथी धनपाल लिम्बूको संवाद रहेको छ । धनपाल समेत दसौँ वर्ष जेल सजाय भोगेको र कम्युनिस्ट विचारा धाराप्रति समर्पित रहेको  बताउँछ । उनीहरू धार्मिक अन्धता र शोषणको विरोध तथा वर्गीय उत्पीडनको विपक्षमा रहेको कम्युनिस्ट मान्यतालाई उच्च विचारका साथ मूल्याङ्कन गर्द छन् । वास्तविक रूपमा धर्म, जात, लिङ्ग आदि पक्षका सङ्कीर्णतामा विभाजित नभई  वर्गीय रूपमा निम्न वर्गीय शोषित समुदाय एकजुट भए मात्र निरङ्कुश सामन्ती व्यवस्थाको अन्त्य हुने विचारलाई उनीहरूले व्यक्त गरेका   छन् । निरङ्कुश पञ्चायती शासकहरूलाई कुटपिटभन्दा पनि न्यायिक सजाय दिनु पर्ने कुरालई व्यक्त गर्दै उनीहरू विजयी भइयो भन्दैमा आक्रोशित नहुन समूहलाई आह्वान गर्द छन् । यसै बेला रमा सहितका व्यक्तिहरूको समूह हातमा हँसिया र मार्तोलको झन्डा बोकी क्रान्ति गीत गाउँदै विजय जुलुसमा रमाइ रहेका हुन्छन् । यसै क्रान्तिकारी गीतसँगै प्रस्तुत नाटकको कथावस्तु समाप्त हुन्छ ।

यसरी **रातो तारा चम्किएपछि** नाटकमा पञ्चायती शासन व्यवस्थाका भ्रष्ट राजनीतिक दुराचार, आततायी प्रवृत्ति एवम् क्रूरता र त्यसबाट प्रपीडित रहेका जन समुदायको क्रान्तिकारी आन्दोलनलाई मुख्य विषय वस्तु बनाइएको छ । पञ्चायती राजनीतिक उत्पीडनका कारण ग्रामीण जन जीवनमा आइ परेका गम्भीर समस्या र त्यसै समस्याबाट उत्पन्न साम्यवादी वैचारिक हतियारले कसरी बहुदलीय व्यवस्थालाई पुनर्स्थापित गऱ्यो भन्ने कुरा प्रस्तुत नाटकमा अभिव्यक्त गरिएको छ । कथावस्तुका सन्दर्भमा आएका यी विविध घटना र तिनको आरोह अवरोहहरूले यस नाटकको कथावस्तुको स्रोत पञ्चायती राजनीतिक एवम् निरङ्कुश शासन व्यवस्था र नाटककारको वैचारिक स्पष्टता तथा दृढता हो भन्ने कुरा प्रस्ट हुन आउँछ ।

### ५.४.४ परिवेश

प्रस्तुत नाटकले इतिहासको काल खण्डको समयसँग मिल्दो समाजलाई प्रस्तुत गरेको भन्ने पक्षलाई हेर्ने हो भने यसमा नेपालमा २०४६ सालमा निर्दलीय पञ्चायती व्यवस्थाका विरुद्ध जन पक्षीय चरित्रले गरेको आन्दोलन र विजय प्राप्ति सम्मको समय सम्बोधित छ । समाजका नराम्रा प्रभावले मान्छेहरूलाई सिकार बनाएको समाज यसमा रहेको छ । यसरी जनताको चेतनाको स्तर, क्रियाकलाप, समाजमा संस्थागत भएको मान्यता आदिलाई वि. सं. २०४६ पूर्वको नेपाली समाज र त्यस समयलाई यस नाटकले प्रस्तुत गरेको छ । कृतिमा काल अन्तर्गत समेटिने अर्को पक्ष कृतिले लिएको समय हो । यसमा विश्लेष्य कृतिको कथावस्तु सुरु भएर अन्त्यसम्म पुग्दा कति समय व्यतीत भयो भन्ने कुरालाई हेरिन्छ । **रातो तारा चम्किएपछि** नाटकमा बितेको समयलाई सङ्केत गर्ने विभिन्न आधारहरू रहेका छन् । नाटकको सुरुमा पञ्चायतका शासकहरूले उच्च पदस्थ व्यक्तिहरूलाई खुसी बनाउनका लागि गाँजा, चरेस, सुन्दरीहरू भेला गरेको सन्दर्भबाट सुरु भएर व्यवस्थाको विरोधमा उत्रिएका चरित्रको दमन एवम् नवीन क्रान्तिकारी विचारधारा भएका कम्युनिस्टहरूको विजय भएको घटना समाविष्ट भएको छ । यस आधारमा हेर्दा यस नाटकमा कम्तीमा १ वर्षको समय रहेको कुरा घटना सन्दर्भले स्पष्ट पार्दछ । स्थानिक परिवेका रूपमा हेर्दा प्रस्तुत नाटकमा तोकिएको स्थान र नतोकिएको स्थान गरी हेर्नु पर्ने देखिन्छ । तोकिएका स्थानहरूमा रा.प.स. हंशराजको घर, सी. डी. ओ. कार्यालय, डी. एस्. पी. कार्यालय र स्कुल प्राङ्गण रहेका छन् भने सिङ्गो देशभरि नै पञ्चायत विरुद्धको आन्दोलन चर्किएको हुनाले नेपालका ग्रामीण भेगहरू प्रस्तुत नाटकको स्थानिक परिवेशको रूपमा आएका छन् । नाटकको कथावस्तुको स्रोत तत्कालीन राजनीतिक घटनाक्रम भएकाले गर्दा पञ्चायती व्यवस्था र त्यसका विरुद्धमा जन पक्षीय चरित्रले निर्वाह गरेको भूमिका परिस्थितिगत परिवेशका रूपमा आएको छ ।

समग्रमा देश, काल, परिस्थिति अन्तर्गत पर्ने सुहाउँदा पत्याउँदा स्थान, स्थान अनुसारका पात्र, तिनको चेतना अनि तिनले घटाउने घटना आदिको त्रिपक्षीय अन्वयबाट **रातो तारा चम्किएपछि** नाटकको परिवेश निर्माण भएको छ ।

### ५.४.५ द्वन्द्व

**रातो तारा चम्किएपछि** नाटकमा आन्तरिक द्वन्द्वभन्दा बाह्य द्वन्द्व सशक्त रूपमा देखिन्छ तथापि आन्तरिक द्वन्द्व नभएको चाहिँ होइन । प्रस्तुत नाटकमा दुई परस्पर विरोधी शक्तिका बिचमा द्वन्द्व भएको छ । एकातर्फ राज्य सत्ता रहेको छ भने अर्कातर्फ क्रान्तिकारी विचार भएका जन पक्षीय चरित्रहरू रहेका छन् । प्रस्तुत नाटकमा पञ्चायती व्यवस्था र त्यस व्यवस्थाका मतियारहरूले सर्वसाधारण जनतामाथि गरेका शोषण, दमनका विरुद्धमा नवीन क्रान्तिकारी विचार धारा भएका जन पक्षीय चरित्रले आन्दोलन छेडेका छन् । यस आन्दोलनमा व्यवस्थाका पक्षधरले क्रान्तिको नेतृत्व गर्ने व्यक्तिहरूमाथि अन्धाधुन्ध लाठी प्रहार गरी उनीहरूलाई घाइते समेत बनाएका छन् । नाटकको अन्तमा सामन्ती व्यवस्थाको पराजय र जन पक्षीय चरित्रको विजय भएको देखाइएको छ । यस आधारमा हेर्दा प्रस्तुत नाटकमा बाह्य द्वन्द्व सशक्त रूपमा देखिन्छ । प्रस्तुत नाटकको पात्र हंशराज र उसको नोकर चाउरेमा आन्तरिक मनोद्वन्द्व पाइन्छ । निर्दलीय पञ्चायती व्यवस्थाको अन्त भएर बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको घोषणा भएको खबर सुन्नासाथ हंशराजको मनमा विभिन्न किसिमका कुराहरू खेलेका छन् । आन्तरिक मनोद्वन्द्वका कारण होस समेत गुमाएर हंशराजले लगाएको लुगामै दिशा पिसाबसम्म गरेको छ भने नोकर चाउरेले घर बढारेर सफा गरे झैँ आफ्नो मन सफा गर्न नसकेकाले उसको मनमा समेत विभिन्न किसिमका कुराहरू खेलेका छन् । अतः प्रस्तुत नाटकमा आन्तरिक द्वन्द्व पनि देख्न सकिन्छ ।

प्रस्तुत नाटकमा पञ्चायती चरित्र र तिनको अस्तित्व मेटी नयाँ नेपाल बनाउन चाहने चरित्रका बिचको द्वन्द्व र जन पक्षका चरित्रले प्राप्त गरेको विजय देखाइएको छ । यस कारण विश्लेष्य नाटकमा बाह्य द्वन्द्व सबल रूपमा आएको छ ।

### ५.४.६ चरित्र चित्रण

**रातो तारा चम्किएपछि** नाटकमा हंशराज, आक्रोश, मुक्ति प्रमुख पात्रका रूपमा आएका छन् भने बलिराम, चाउरे, गौंथली, विनोद, सोम प्रसाद, शर्मा, गजनाथ, रमा, धनपाल, आक्रोश, मुक्ति, सवक, सल्यान, श्रमलाल, हाम बहादुर, केशर, राजेन्द्र, ललित मन्दु, धन्दु सहायक पात्रका रूपमा तथा विद्यार्थीहरू, जन समुदाय, प्रहरीहरू, किसानहरू, महिलाहरू आदि गौण पात्रका रूपमा रहेका छन् । तल यिनै पात्रहरूको सामान्य विश्लेषण गरिएको छ ।

**क) हंशराज**

हंशराज **रातो तारा चम्किएपछि** नाटकको पुरुष चरित्र हो । नाटकमा उसको सक्रिय भूमिका रहेको छ । हंशराजको उपस्थिति नाटकमा राष्ट्रिय पञ्चायत समितिको मनोनीत सदस्य एवम् जमिनदारको रूपमा भएको छ । हंशराज यस नाटकको प्रतिकूल चरित्र हो । ऊ आफ्नो स्वार्थ सिद्ध गर्नका लागि जस्तासुकै कार्यहरू गर्न पनि पछि पर्दैन । ऊ राजालाई खुसी पार्न हरतरहले लागि परेको छ । ऊ राजालाई खुसी पार्नका लागि मूर्ति चोरेर, कस्तुरी भेला गरेर, गाँजा चरेस भेला गरेर अनि उद्योगमा काम लगाइ दिने आश्वासन दिएर गाउँका सोझासिधा युवतीलाई राजाकहाँ पुऱ्याउने काम गर्दछ । यसको पुष्टि हंशराज र बलिरामबिच भएको तलको संवादले गर्दछ ।

बलिरामः कस्तुरी ५० तोलासम्म मात्र फेला पार्न सकियो ।

हंशराजः चरेस नि त ?

बलिरामः १२/१५ ढाकर जति भेला पारियो

हंशराजः अनि ठिटीहरूको व्यवस्था मिलाइस् त ?

बलिरामः मिलाएको छ हजुर ! अहिलेलाई १२/१५ वटी हुन सक्ने सम्भावना छ । (पृ. १,२)

यसो गरेबापत उसले मान पदवी पाएको छ । यसरी नै राजालाई खुसी पारेर उसले गोरखा दक्षिण बाहु प्रथम पनि पाएको छ । त्यति मात्र नभइ उसले प्रशासनको आड लिएर हजारौं बिगाहा जमिन जोडेको छ । हंशराज पञ्चायती शासन व्यवस्थाको प्रतिनिधि पात्र हो । कम्युनिस्टहरूको विरोधमा लागेको उसले सर्वसाधारण जनताको भलो चाहने कम्युनिस्टहरूलाई वर्गशत्रुका रूपमा हेरेको छ । “खासगरी कम्युनिस्ट क्या बामेहरूको झिल्को कहिं देख्नु त के शंका मात्र पाइयो भने पनि निमिट्यान्नै पार्ने काममा अलिकति पनि हेलचेक्र्याँइ गर्नुहुन्न (पृ. ५) ।” त्यति मात्र नभइ सर्व साधारण किसान र श्रमिक जनतालाई जाली मुद्दामा फँसाउने काम हंशराजले गरेको छ । नाटकको अन्तमा कम्युनिस्टहरूले विजय प्राप्त गरेका छन् र पञ्चायतको हार भएको छ । आफ्नो व्यवस्थाको हार भएपछि हंशराज कम्युनिस्टहरूबाट बच्नका लागि महिलाको लुगा लगाएर घरबाट भाग्दछ । यस आधारमा हेर्दा हंशराज बद्ध, मञ्चीय, प्रतिकूल पात्रका रूपमा नाटकमा उपस्थित भएको छ ।

**ख) आक्रोश र मुक्ति**

आक्रोश र मुक्ति यस नाटकका प्रमुख पुरुष पात्र हुन् । यिनीहरू यस नाटकका नायक हुन् । यिनीहरूको उपस्थिति यस नाटकमा कम्युनिस्ट कार्यकर्ताका रूपमा भएको छ । यिनीहरू गरिब, निमुखा, निम्न वर्गीय श्रमिक, किसान वर्गका पक्षधर हुन् । यिनीहरूले भ्रष्ट पञ्चायती शासनको विरोध गरेका छन् । जनतालाई समान अवसर दिलाउने कार्यका लागि यिनीहरू आफ्नो ज्यानको समेत परवाह नगरी अनवरत रूपमा लागि परेका छन् । त्यस्तै उनीहरू बृद्धबृद्धा र असहाय नारीहरूका साहरा बनेका छन् । “खबरदार ! महिलामाथि यसरी हातपात नगर । बलत्कारलाई मनोरञ्जन भन्ने तेरो कुन राजनीतिको निर्देशक सिद्धान्त हो ?” (पृ.२१,२२) पञ्चायती व्यवस्थाका गुन्डाहरूको आक्रमणमा परी घाइते भएका व्यक्तिहरूको उपचारमा समेत उनीहरू सामेल भएका छन् । “बदमास चोरहरूले चोटै पारेछन् बुबालाई त ! त्यो झोलामा औषधी होला ल्याउनुहोस् त आक्रोश जी (पृ.२३) ।” यिनीहरू सच्चा कम्युनिस्टको प्रतिनिधिका रूपमा नाटकमा आएका छन् । कम्युनिस्टहरूले साठी वर्ष नाघेका बृद्ध बृद्धाहरूको हत्या गर्छन्, चेलीबेटीहरू बेच्छन्, मन्दिर भत्काउँछन् भनेर पञ्चायती व्यवस्थाले गरेको झुटो प्रचारको विरोध गर्दै कम्युनिस्टहरूलाई खोक्रो आडम्बर बोकेर सत्ताको आडमा रहेर गरिब निमुखा श्रमिक जनताहरूलाई दुःख दिने, उनीहरूलाई विविध यातना दिने क्रूर शासकको मात्र विरोध गर्ने सच्चा देशभक्तिले ओतप्रोत जन पक्षीय सङ्गठनका रूपमा चिनाएका छन् । “कम्युनिस्ट यथार्थमा बुढापाका, अशक्त, केटाकेटीहरूको बेग्लाबेग्लै हितको व्यवस्था रुचाउँछन् ।...धर्म मान्छु भन्दा भन्दै पनि जवर्जस्त नमान भन्ने कुरा आउँछ के त (पृ.२६ र ३१) ।” जुन देशमा बोल्न पाइँदैन, भेला हुन पाइँदैन, मौलिक अधिकारबाट वञ्चित गरिएको हुन्छ, मुलुकलाई भ्रष्टाचार र तस्करीले चुर्लुम्म डुबाएको हुन्छ, साँचो बोल्ने र जनताका आँखा खोल्ने बत्तीहरूलाई गोली ठोकिन्छ, उसको बाँच्ने अधिकार लुटिन्छ त्यस देशमा जनताको सरकार र जनताको दिन फर्काउन कम्युनिस्टहरूको जन्म हुने कुरा मुक्ति र आक्रोशले गरेका छन् । नाटकको अन्तमा कम्युनिस्ट कार्यकर्ताहरूकै सक्रियतामा देशमा प्रजातन्त्र आएको छ । अर्थात् कम्युनिस्टहरू देशमा प्रजातन्त्र ल्याउन सफल भएका छन् । यस आधारमा उनीहरू यस नाटकमा प्रगतिवादी, बद्ध, मञ्चीय, गतिशील, वर्गीय एवम् अनुकूल चरित्रका रूपमा प्रस्तुत भएका छन् ।

**ग) सोम प्रसाद**

सोम प्रसाद **रातो तारा चम्किएपछि** नाटकको सहायक पुरुष पात्र हो । यस नाटकमा उसको उपस्थिति प्रमुख जिल्ला अधिकारी (सी.डी.ओ.) का रूपमा भएको छ । ऊ वामपन्थीहरूको समूल अन्त्य गर्ने कार्यमा लागि परेको छ । सी. डी. ओ. सोम प्रसाद डी. एस्. पी. शर्मा र हंशराज मिलेर निम्न वर्गीय निमुखा श्रमिक किसानहरूलाई वामपन्थीको आरोप लगाई विभिन्न किसिमका यातना दिँदै पञ्चायतको जेलमा हाल्ने काम गरेका छन् । त्यस्तै गाँजा खेती सम्पूर्ण रूपले नष्ट गराएको झुटो समाचार टेलिभिजनबाट प्रसारण गराई रा. प. स. एवम् जमिनदार हंशराजको गाँजा खेतीको संरक्षण गर्ने काम सोम प्रसादले गरेको छ । “टेलिभिजनका मान्छे बोलाएर त्यस्तै एक दुई ठाउँमा गाँजा जलाएको देखाउने । बरु खेती गर्ने भनेर एक दुई बामेहरूलाई समेत गाँजा कृषकको रूपमा उभ्याइ दिने । फसाउनै पनि सजिलो छ (पृ. १२) ।” सोम प्रसादले भ्रष्ट गुण्डाहरूले दुःख दिएको, चेलीबेटीमाथि हातपात गरेको, गाउँमा शान्ति सुव्यवस्था कायम नभएको भनी शान्ति सुव्यवस्था कायम गरि पाऊँ भनेर प्रशासन समक्ष निवेदन हाल्न आउने निमुखा जनताहरूलाई उल्टै कम्युनिस्ट भएको आरोप लगाई जेलमा हाल्ने र विभिन्न किसिमका यातना दिने काम गरेको छ । यस आधारमा नाटकमा बद्ध, स्थिर, प्रतिकूल चरित्रका रूपमा सोम प्रसादको उपस्थिति रहेको छ ।

**घ) विनोद**

विनोद **रातो तारा चम्किएपछि** नाटकको सहायक पुरुष पात्र हो । उसको उपस्थिति यस नाटकमा जिल्ला पञ्चायत सभापतिको रूपमा भएको छ । विनोद पञ्चायती सत्ताको सेवक हो । ऊ हंशराजको आज्ञा अनुसार काम गर्दछ । विभिन्न ठेकापट्टाहरूबाट रकम सङ्कलन गरी पञ्चायतको कोष भर्ने काम गर्दछ ।“...ठेक्कापट्टाबाट पनि कमिसन प्रतिशत भाग शान्ति उठाउने काम त भइरहेकै छ हजुर !”(पृ.४) साथै हंशराजको कम्युनिस्टहरूको अन्त्य गर्ने अभियान एवम् गुण्डाहरू पालेर सर्व साधारणलाई दुःख दिने कार्यमा उसले सक्दो सहयोग पुऱ्याएको छ । विनोद यस नाटकमा भ्रष्ट कर्मचारीका रूपमा उपस्थित भएको छ । ऊ शासकको गुलामी गरेर भए पनि पदवी पाउने, तक्मा झुन्ड्याउने सुरमा छ । “यसपालि नयाँ वर्षमा त एउटा तक्माको पनि ठुलै आशा गरेको छु । माननीयज्यूले मेरो लागि माथि सिफारिस गरिबक्सनु पऱ्यो नि ? ” (पृ.४) विनोद कर्मचारी वर्गको प्रतिनिधि पात्र हो । नाटकमा बद्ध, स्थिर, प्रतिकूल पात्रका रूपमा विनोदको उपस्थिति रहेको छ ।

ङ) **बलिराम**

बलिराम यस नाटकको पुरुष पात्र हो । ऊ हंशराजको कामदार हो । उसले हंशराजको आज्ञा अनुसार मूर्ति चोर्ने, कस्तुरीको विना भेला गर्ने, केटीहरू भेला गर्ने र राजा समक्ष पुऱ्याउने जिम्मा लिएको छ । त्यस्तै पञ्चायती व्यवस्था असफल भएपछि हंशराजलाई घरबाट भगाउने कार्यमा समेत उसको हात रहेको छ । "चाँडो भाग्नु पऱ्यो माननीयज्यू । यहाँबाट छिटो भाग्नु पऱ्यो (पृ.५०) ।" बलिराम बद्ध, मञ्चीय र व्यक्तिगत चरित्र हो ।

च) **शर्मा**

शर्मा यस नाटकको पुरुष पात्र हो । ऊ पञ्चायती व्यवस्थाको रक्षक भएर डी. एस्. पी. का रूपमा नाटकमा प्रस्तुत भएको छ । उसले रा. प. स. हंशराजको जमिन कमाएर बिहान बेलुकाको छाक टार्ने श्रमिक किसानहरूलाई पुलिस लगाएर त्यहाँबाट हटाउने काम गरेको छ । डी. एस्. पी. शर्मा पञ्चायती व्यवस्थाको मतियार हो । ऊ बद्ध, स्थिर, प्रतिकूल चरित्रका रूपमा नाटकमा उपस्थित भएको छ ।

छ) **गजनाथ**

गजनाथ एक गाउँले बृद्ध किसान हो । ऊ धर्म कर्ममा विश्वास गर्ने धार्मिक व्यक्ति पनि हो । पूजा गर्नका लागि आफ्नी छोरीसँग मन्दिरतर्फ जाँदै गर्दा ऊ पञ्चायती व्यवस्थाले पालेका गुन्डाहरूको निर्मम आक्रमणमा परी घाइते समेत हुन पुगेको छ । त्यति मात्र नभइ ऊ गाउँमा गुन्डाहरूको आक्रमणले गर्दा बस्न, गरी खान गाह्रो भयो, शान्ति सुरक्षा कायम गरि पाऊँ भनी मन्दु र धन्दु नाम गरेका गुन्डाहरूको नाम समेत किटान गरी पञ्चायत प्रशासन समक्ष उजुरी जाहेरी गर्ने एक मात्र किसान हो । उजुरी गरेपछि उसलाई पञ्चायती प्रशासनले कम्युनिस्ट कार्यकर्ताको संज्ञा दिई जेलमा हालेर विविध किसिमका यातना दिन्छ । पञ्चायती शासनको अन्त भई देशमा प्रजातन्त्र प्राप्त भएपछि जेलबाट निस्कँदा ऊ सच्चा कम्युनिस्ट कार्यकर्ता एवम् कम्युनिस्टको मार्ग दर्शक सिद्धान्तको वकालत गर्ने व्यक्ति भएर निस्कन्छ । यस आधारमा गजनाथ बद्ध, गतिशील चरित्रका रूपमा नाटकमा उपस्थित भएको छ ।

ज) **रमा**

रमा यस नाटककी नारी पात्र हो । ऊ गाउँले किसान गजनाथकी छोरी हो । पुरुष पात्रको बहुलता भएको यस नाटकमा रमाको त्यति धेरै भूमिका भने रहेको छैन । तथापि

यस नाटकमा रमाको उपस्थिति अनिवार्य देखिन्छ । रमा आफ्नो बाबुसँग पूजा गर्न मन्दिर जाँदै गरेको अवस्थामा गुन्डाहरूको आक्रमणमा परेकी छे । त्यस बेला रमालाई कम्युनिस्ट कार्यकर्ताले ती नराधम गुन्डाहरूको पन्जाबाट जोगाएका हुन्छन् । तिनै नराधम गुन्डाहरूलाई कार्यवाही गरि पाऊँ भनी प्रशासनमा मुद्दा जाहेरी गर्न जाँदा कम्युनिस्टको आरोपमा जेल पर्दछे । पञ्चायती शासकले पालेका मतियारहरूबाट आफ्नो सतीत्व बचावटका निम्ति सङ्घर्ष गर्ने एक नारी चरित्रका रूपमा यस नाटकमा रमाको उपस्थिति रहेको छ । यस आधारमा रमा तत्कालीन नेपाली समाजमा दिनानुदिन बढ्दै गएको महिला हिंसाको चपेटामा परेका महिलाहरूको प्रतिनिधि पात्र हो । जेलबाट मुक्त हुँदा ऊ कम्युनिस्ट कार्यकता भएर निस्कन्छे । रमा यस नाटकमा बद्ध, मञ्चीय, गतिशील महिला चरित्रका रूपमा उपस्थित भएकी छ ।

**झ) धनपाल**

धनपाल बृद्ध किसान हो । यस नाटकमा नाटककारको मुखपात्रको रूपमा उपस्थित भएको छ । ऊ निरङ्कुश पञ्चायती शासकको विरुद्धमा कम्युनिस्टको झन्डा बोकेर स्वतन्त्रताको आन्दोलनमा होमिएको छ । आन्दोलनमा होमिएका कारण उसले ७० वर्ष नाघेपछि जेलको यातना भोग्नु परेको छ । ऊ कम्युनिस्ट विचारले प्रभावित भएको छ । “समाजमा हुने अत्याचार, शोषण र अरु कुरा हेर्दा र यो कुराहरूको अगाडि कम्युनिष्ट नीतिलाई हेर्दा मलाई हामी जस्ता गरिब दुःखीहरूको भलाइ यसैबाट हुन्छ भन्ने लागेर म बुढो पनि कम्युनिष्ट विचारले प्रभावित भएको दश वर्ष भयो (पृ. ५८) ।” धनपाल सचेत नागरिक हो । ऊ जातीय राजनीतिको विरोध गर्दछ । “उसै नाकबाट विचार निस्कने, भावना छुट्टिने भए रुसमा चुच्चे-चुच्चे नाक भएका लेलिन र जारको बिच लडाँइ हुने थिएन । चिनमा थ्याप्चे-थ्याप्चे नाक भएका माओत्सेतुङ्गका लाल कम्युनिस्ट र च्याङ्गकाइसेकका मान्छेहरूबीच लडाँइ हुने नै थिएन (पृ. ५८) ।” ऊ नाकको भेद, वर्णको भेद भन्दा शोषक, शोषित, असल, खराब छुट्याउन सक्ने किसिमको राजनीति हुनु पर्छ भन्ने कुरामा अडिग छ । यस आधारमा धनपाल प्रगतिवादी, क्रान्तिकारी, गतिशील, बद्ध चरित्रका रूपमा नाटकमा उपस्थित भएको छ ।

**ञ) सवक, श्रमलाल र सल्यान**

सवक, श्रमलाल र सल्यान यी तिन चरित्रहरू यस नाटकमा समाजसेवीका रूपमा उपस्थित भएका छन् । सवक जनज्योति नि. मा. वि. हरान गाउँको प्रधानाध्याक, श्रमलाल विद्यालय व्यवस्थापक समितिको सदस्य र सल्यान चाहिँ विद्यालयको संस्थापक हो । यी तिनै जना प्रधान पञ्च हाम बहादुरले विद्यालयका लागि आएको टिन लगी आफ्नो घरमा लाएको कार्यप्रति सी. डी. ओ. समक्ष उजुरी पेस गर्न प्रशासनमा आएका हुन्छन् तर सी. डी. ओ. ले उल्टै प्रधान पञ्चकै पक्ष लिई उनीहरूलाई त्यत्तिकै पठाइ दिन्छ । यी पात्रहरूको नाटकमा त्यति धेरै भूमिका नरहे पनि पञ्चायती शासकहरूको करतुतको पर्दाफास गर्न भने यिनीहरूको महत्त्वपूर्ण भूमिका रहेको छ । यस नाटकमा स्थिर पात्रका रूपमा यिनीहरूको उपस्थिति रहेको छ ।

**ट) हाम बहादुर**

हाम बहादुर यस नाटकमा प्रधान पञ्चका रूपमा उपस्थित भएको छ । ऊ भ्रष्ट व्यक्ति हो । गाउँमा विकासका लगि निकासा भएको सबै बजेट ऊ आफैं ह्वाम पार्दछ । यसका साथै जनज्योति नि.मा.वि. का लागि भनेर निकासा भएको टिन समेत उसले लगेर आफ्नो घरमा लगाएको छ । हाम बहादुर भ्रष्ट व्यक्ति हो । यस नाटकमा शोषक, भ्रष्ट, स्थिर, व्यक्तिगत चरित्रका रूपमा हाम बहादुरको उपस्थिति भएको छ ।

**ठ) ललित, मन्दु, धन्दु, केशर,राजेन्द्र**

ललित मन्दु, धन्दु, केशर र राजेन्द्रको उपस्थिति यस नाटकमा गुन्डाको रूपमा भएको छ । उनीहरू पञ्चायती शासकले पालेका गुन्डाहरू हुन् । उनीहरूलाई सरकारले दिनको रु ५०० र होटल, लज खर्च दिएर कम्युनिस्टहरूको सुराकी गर्न खटाएको छ । यिनीहरू सरकारको आडमा गाउँ घरमा आतङ्क मच्चाउँदै हिँडेका छन् । छोरीचेलीहरूमाथि हातपात गर्दै हिँडेका छन् । यस आधारमा यिनीहरू प्रतिकूल चरित्रका रूपमा नाटकमा उपस्थित भएका छन् ।

**ड) चाउरे र गौंथली**

चाउरे र गौंथली राष्ट्रिय पञ्चायत सदस्य एवम् जमिनदार हंशराजका नोकर नोकर्नी हुन् । यिनीहरू मालिकको घर बढार्ने, लुगा धुने कार्यमा तल्लीन छन् । उनीहरूभित्र पनि नैराश्य भने जागेको छ तर बाहिर प्रकट गर्न सक्दैनन् । उनीहरूले लुगाको मैलो र घरको

फोहोर सफा गर्न सके पनि मनको मैलोलाई भने सफा गर्न सकेका छैनन् ।"...मैले कति कसिङ्गर बढारेँ बढारेँ । तर आफ्नो दुःख भने कहिल्यै बढार्न सकिन । गरिबको दुःख कुचाले बढार्दा जाने भए यो चाउरे दिनमा सय खेप जिउ बढार्थ्यो (पृ. ६) ।" यी दुवै अर्काकामा नोकर बसेर आफ्नो गुजारा चलाउने निम्न वर्गीय व्यक्तिहरूका प्रतिनिधि पात्र हुन् ।

उपर्युक्त पात्र बाहेक यस नाटकमा समूह पात्रहरूको समेत उपस्थिति रहेको छ । विद्यार्थीहरू, जन समुदाय, प्रहरीहरू, किसानहरू, महिलाहरू यस नाटकमा उपस्थित समूह पात्रहरू हुन् ।

### ५.४.७ संवाद

खगेन्द्र सिटौलाद्वारा लिखित **रातो तारा चम्किएपछि** नाटक मञ्चन गर्नका निमित्त लेखिएको नाटक हो । यस कारण पनि यस नाटकको संवाद स्वाभाविक सरल र सङ्क्षिप्त खालको छ । साथै प्रतिक्रियावादी सामन्ती सोच भएका व्यक्तिहरूले कम्युनिस्टहरूको विरुद्धमा गरेको भ्रामक कुप्रचारको विरोधमा नाटकको माध्यमबाट कम्युनिस्टबारे सही जानकारी जनतालाई दिने उद्‌देश्य उनको रहेको छ । अशिक्षित कृषक जनतालाई यस्ता कुरा बुझाउनका लागि पनि संवादको स्वस्फुर्त आयोजना गरिएको छ । उदाहरणका लागि केही अंशहरू निम्नानुसार उद्‌धृत गर्न सकिन्छ :

गजनाथः मैले सुनेको छु असल मान्छे कम्लिस्ट भन्न पनि रुचाउँदैनन् अरे ! व्यवहार नै राम्रो हुँदैन अरे म त ती अघिका गुण्डाहरूलाई पो कम्लिस्ट रहेछन् भन्थें त ।

मुक्तिः त्यसो होइन नि बुबा ! कम्युनिस्टहरू त साह्रै असल, अरुको भलाई गर्ने, दयालु र विवेकी मात्र होइन न्यायप्रिय पनि हुन्छन् । आइमाई, केटाकेटी, बुढापाका र अन्यायमा परेकाहरूको पक्ष लिनु त उनीहरूको धर्म हो (पृ :२५) ।

प्रस्तुत नाटकमा प्रयोग भएका संवादहरू सरल हुँदाहुँदै पनि पनि कतै कतै आफ्ना विचार र चिन्तन थोपर्ने चासोले दार्शनिकताको भारी बोकाएको जस्तो देखिन्छ । जस्तैः

धनपाल : त्यही त म सबैलाई भन्छु नाकबाट विचार निस्कँदैन । मान्छेले मान्छेको विचार र भावनालाई छुट्याउनु पर्छ । उसै नाकबाट विचार निस्कने, भावना छुट्टिने भए रुसमा चुच्चे चुच्चे नाक भएका लेलिन र जारको बीच लडाई हुने थिएन । चिनमा थ्याप्चे थ्याप्चे नाक भएका माओत्सेतुङ्का लाल कम्युनिस्ट र च्याङ्गकाइसेकका मान्छेहरू बीच लाडाई

हुने नै थिएन । त्यसैले जातीयता, नाकको भेद विभेद वा कालो गोरो भन्दा शोषक, शोषित, असल खराब आदि छुट्याउन सक्नु पर्छ (पृ. ५८) ।

प्रस्तुत नाटकमा संवादको भाषा परिस्थिति र पात्रको मनस्थिति अनुसार फरक फरक देखिन्छ । मालिक र कामदारका बिच, नोकर नोकरका बिच, कम्युनिस्ट कार्यकर्ताहरूका बिच, कम्युनिस्ट कार्यकर्ता र गाउँलेहरूका बिच भएका संवादहरूले फरक फरक मनस्थितिलाई दर्साएका छन् । नाटकमा झर्को लाग्ने र अनावश्यक संवादको प्रयोग पाइँदैन । संवाद प्रसङ्ग र विषय सापेक्ष छ । अभिनयका हिसाबले पनि संवाद उपयुक्त छ । सरल कथ्य भाषाका कारण अभिनय प्रभावकारी हुन सक्ने देखिन्छ । नाटकका कतिपय पात्रहरूद्वारा नाटककारका मौलिक विचार पनि अभिव्यक्त भएका छन् । प्रस्तुत नाटकमा संवादको प्रयोग अत्यन्त सचेतताका साथ भएको देखिन्छ ।

### ५.४.८ भाषाशैली

कुनै पनि कृतिको विश्लेषण गर्दा त्यसमा समाख्याता तथा पात्रहरूले प्रयोग गरेको भाषा, त्यसलाई बाहिर प्रकट गर्दा प्रयोग गरिएको कौशल आदिलाई हेरिन्छ । नाट्य विधामा समाख्याताको रूपमा सूत्रधार रहने र त्यसको भूमिका पनि शून्य प्रायः हुने हुँदा पात्रहरूले प्रयोग गर्ने भाषा र शैलीले नै विश्लेषणीय पक्षका रूपमा स्थान पाउँछ । कुनै पनि कृतिको विश्लेषण गर्दा त्यसमा समाख्याता तथा पात्रहरूले प्रयोग गरेको भाषा, त्यसलाई बाहिर प्रकट गर्दा प्रयोग गरिएको कौशल आदिलाई हेरिन्छ । नाट्य विधामा समाख्याताको रूपमा सूत्रधार रहने र त्यसको भूमिका पनि शून्य प्रायः हुने हुँदा पात्रहरूले प्रयोग गर्ने भाषा र शैलीले नै विश्लेषणीय पक्षका रूपमा स्थान पाउँछ ।

**रातो तारा चम्किएपछि** नाटकका पात्रले प्रयोग गरेको भाषाशैलीको पक्ष पनि महत्त्वपूर्ण रहेको छ । यस नाटकका प्राय पात्रहरू ग्रामीण पृष्ठभूमिमा हुर्किएका, त्यहींको रहन सहनलाई आत्मसात् गरेका छन् । त्यसैले ती पात्रले बोल्ने भाषा सामान्य बोली चालीको बोध्य, सुगम्य रहेको छ । यस नाटकको भाषा सरल, सहज, छरितो र सङ्गठनका दृष्टिले पनि सफल रहेको छ । उक्ति वैचित्र्य, उक्ति चमत्कार, व्यक्तित्वको अभिव्यक्ति र भावुकता, आलङ्कारिकता तथा दार्शनिकताको झलक यस नाटकमा कमै पाइन्छ । प्रस्तुत नाटकमा शिक्षित, साक्षर, अशिक्षित तिन किसिमका पात्रहरूको सँयोजन गरिएको छ र पात्र अनुकूलकै भाषाको प्रयोग गरिएको छ । यस्तै प्रस्तुतिको शैलीमा पनि अतिशय कलात्मक

चातुर्य छैन । छोटा र सरल वाक्यात्मक संरचनाका वाक्य त्यहाँ रहेका छन् । केही पात्रहरूको भाषामा भने आगन्तुक शब्द प्रयोगको लोभ रहेको पाइन्छ भने पात्रको स्वभाव अनुकूल प्रस्तुतिगत कृत्रिमताको पनि प्रयोग गरिएको पाइन्छ । यसका साथै प्रगतिवादी, कम्युनिजमलाई मन पराउने सामाजिक रूपान्तरणका संवाहक पात्रहरूले प्रयोग गरेको भाषामा पारिभाषिक शब्दको प्रयोग पनि रहेको छ । यसरी विभिन्न पक्षको विशिष्ट भूमिका सम्पादन गर्ने गरी आएका विभिन्न पात्रहरूको भाषिक प्रयोगको आआफ्नो लय प्रस्तुत नाटकमा रहेको छ । समग्रमा भने नाटकको भाषाशैली तत्सम, तद्भव र आगन्तुक तिनवटै स्रोतका शब्दको प्रयोग भएको सरल, सहज र बोधगम्य भाषाको स्वाभाविक प्रस्तुति रहेको पाइन्छ ।

### ५.४.९ उद्देश्य

**रातो तारा चम्किएपछि** नाटकको शीर्षकले नै जन पक्षीय चरित्रहरूको विजय भन्ने बुझाउँछ । नाटककारले प्रस्तुत नाटकका माध्यमबाट नयाँ नेपाल निर्माणका लागि दिलोज्यान दिएर लागि परेका जन पक्षीय चरित्रहरूको विजय देखाउँदै पुरानो सत्ताले कम्युनिस्टहरूप्रति गरेको भ्रामक कुप्रचारको विरोधमा जनतालाई कम्युनिस्टबारे सही जानकारी दिने उद्देश्य लिएका छन् । त्यस्तै नेपालमा हुने गरेको विकृति र विसङ्गतिको तीव्र आलोचना गर्दै दीनहीन नेपाली जनताको कारुणिक अवस्थाको चित्रण गर्ने पनि नाटककारको उद्देश्य रहेको देखिन्छ । नेपालमा हुने गरेको जातिवादी कुराहरूले समाजमा अशान्ति मच्चाउने कुराप्रति सङ्केत गर्दै नाटककारले धनपाल र गजनाथ पात्रका बिचमा भएको संवादका माध्यमबाट जातीयता वा नाकको विभेद भन्दा पनि वर्गीय भावनाको कदर गरिनु पर्छ भन्ने सन्देश यस नाटकको उद्देश्य बनेर आएको छ ।

समाजमा हुने गरेका अन्याय, अत्याचार, शोषण, वर्गीय, जातीय, आर्थिक, सांस्कृतिक विभेद आदिको निर्मूल गरिनु पर्छ । नेपालमा यस किसिमका विभेदको अन्त्य नभएसम्म सर्वसाधारण नेपाली जनताको दुखको अन्त्य हुँदैन । यस्ता विभेदको अन्त्य नवीन विचार, धारणा भएका क्रान्तिकारी कम्युनिस्टहरूले मात्र गर्न सक्छन् भन्ने उद्देश्य नाटककारले यस नाटकमा राखेका छन् ।

## ५.५ निष्कर्ष

नाटककार खगेन्द्र सिटौलाद्वारा लेखिएको **रातो तारा चम्किएपछि** नाटक दुई अङ्क आठ दृश्य, ६१ पृष्ठमा संरचित छ । नाटकमा पञ्चायती शासन व्यवस्थाका भ्रष्ट राजनीतिक दुराचार, आततायी प्रवृत्ति एवम् क्रूरता र त्यसबाट प्रपीडित रहेका जन समुदायको क्रान्तिकारी आन्दोलनलाई मुख्य विषय वस्तु बनाइएको छ । पञ्चायती राजनीतिक उत्पीडनका कारण ग्रामीण जन जीवनमा आइ परेका गम्भीर समस्या र त्यसै समस्याबाट उत्पन्न साम्यवादी वैचारिक हतियारले कसरी बहुदलीय व्यवस्थालाई पुनर्स्थापित गऱ्यो भन्ने कुरा प्रस्तुत नाटकमा अभिव्यक्त गरिएको छ । कथावस्तुका सन्दर्भमा आएका यी विविध घटना र तिनको आरोह अवरोहहरूले यस नाटकको कथावस्तुको स्रोत पञ्चायती राजनीतिक एवम् निरङ्कुश शासन व्यवस्था र नाटककारको वैचारिक स्पष्टता तथा दृढता हो भन्ने कुरा प्रस्ट हुन आउँछ । मार्क्सवादी दर्शनमा आधारित उद्देश्य राखिएको प्रस्तुत नाटकका सबै घटनाहरू उद्देश्य अनुरूप अगाडि बढेको देखिन्छ । प्रस्तुत नाटकमा शोषक र शोषितबिचको द्वन्द्वात्मक स्थितिलाई मुख्य विषय वस्तु बनाई समाज रूपान्तरणको प्रक्रियालाई घनीभूत रूपमा प्रस्तुत गरिएको छ । समग्रमा शीर्षक, पात्र, परिवेश, अङ्क दृश्य योजना, द्वन्द्व, भाषाशैली, संवाद जस्ता पक्षको उचित समायोजन यस नाटकमा भएको छ ।

## ५.६ आधा क्षितिज उचाल्ने हातहरू नाटकको विश्लेषण

**आधा क्षितिज उचाल्ने हातहरू** नाटककार खगेन्द्र सिटौलाद्वारा लेखिएको तथा वि.सं. २०४७ फागुनमा भारद्वाज प्रकाशनद्वारा प्रकाशित नाट्य कृति हो । नाटककार सिटौला आफ्ना सहित्यिक कृतिहरूमा प्रगतिवादी वैचारिक आस्थालाई केन्द्रमा राख्दछन् । यस कारण उनका कृतिहरूले कलाको उपयोगिताको पक्षमा जोड दिएका हुन्छन् । अर्थात् साहित्यको उपयोगितावादी सिटौलाका कृतिहरूको मूल अभीष्ट रहेको हुन्छ । यही अभीष्टलाई फलीभूत गर्ने पक्षतिर केन्द्रित यस नाट्य कृतिले नेपाली समाज पितृसत्तात्मक सामाजिक संस्कारको परम्परालाई आत्मसात् गर्दै आएको अनि पुँजीवादी विभेदपूर्ण मान्यताले नेपालीहरू सिकार भएको पक्षलाई देखाएको छ । समाजलाई विकसित तथा सकारात्मक, उन्नत सामाजिक, सांस्कृतिक रूपान्तरणको मार्गबाट जहिल्यै टाढा धकेलि रहने पुँजीवादी रुढ संस्कारको परम्पराले जरा गाडेका कारण नै निम्न वर्गीय जनतामाथि लैङ्गिक विभेदको पराकाष्ठीय रूपले राज गरेको कुरालाई सिटौलाले कृतिमा प्रस्तुत गरेका छन् साथै

कम्युनिस्टहरूले अपनाउने  लोकहितकारी प्रगतिवादी चिन्तनको प्रबलता भएमा मात्र समाजका विकारको अन्त्य हुने कुरा प्रस्तुत गर्दै उनले परम्पराका ती जड मान्यताका विरुद्ध सशक्त आवाज उठाएका छन् र त्यसको कार्यान्वयनमा जोड दिएका छन् । यहाँ प्रस्तुत कृतिको विश्लेषण कथावस्तु, परिवेश, द्वन्द्व, चरित्र चित्रण, संवाद, भाषाशैली, उद्देश्य जस्ता नाट्य तत्वका आधारमा गरिएको छ भने विश्लेषणको क्रममा यस नाटकलाई शीर्षक र अङ्क दृश्य योजनाका आधारमा पनि केलाइएको छ ।

**५.६.१ शीर्षक**

**आधा क्षितिज उचाल्ने हातहरू** नाटककार खगेन्द्र सिटौलाले आफ्नो नाट्य विषय सन्दर्भलाई सही रूपमा सम्बोधन गर्न सक्ने गरी चयन गरेको तथा शब्द शक्तिका जुनसुकै पक्षहरूबाट हेर्दा पनि उपयुक्त र सशक्त देखिने गरी चयन गरेको शीर्षक हो । परस्पर अर्थगत सम्बन्ध बोकेका चार शब्दहरूको संयोजन र सिङ्गोमा पदावलीका रूपमा रहेको यस भाषिक एकाइले  कसैका सामर्थ्यवान् हातहरूलाई सम्बोधन गरेको छ ।

प्रस्तुत शीर्षकले एकमात्र अर्थको सीमितताबाट माथि उठेर विभिन्न अर्थ प्रस्तुत गर्ने सामर्थ्य बोकेको पाइन्छ । शीर्षकको पदावलीमा प्रयुक्त क्षितिज शब्दले आकाश धर्ती जोड्ने विन्दुलाई सङ्केत गर्छ तर नाटकमा यो क्षितिजले प्रतीकात्मक अर्थलाई मात्र व्यक्त गर्न सक्छ, जसमा आकाशसरीको मुक्ततालाई उचाइमा राखि रहन टेवा पुऱ्याउने जम्मा शक्तिमध्ये आधा चाहिँ  भूमिका निर्वाह गर्ने हातहरू प्रस्तुत शीर्षकमा उल्लिखित हातहरू नै हुन् भन्ने कुरालाई प्रस्तुत गरेको  छ । अनि ती हातहरू कठोर समस्याका बिच सङ्घर्ष गर्दै आफ्नो सशक्तता देखाइ रहने कम्युनिस्ट वैचारिक मार्ग दर्शनद्वारा प्रशिक्षित नारीकै हातहरू हुन् भन्ने कुरा नाटक पढ्दा स्पष्ट हुन्छ । अझ यस नाटकका सन्दर्भमा जीवनका विविध आरोह अवरोह पार गर्दै अगाडि बढ्दा लोकहितकारी कम्युनिस्ट पार्टीका कार्यकर्ता मित्रहरूको साथ सहयोग प्राप्त गरेपछि आफू बाँच्न मात्र होइन सिङ्गो समाजको सामाजिक रूपान्तरण गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने पात्र फिस्टी (चेतना) का हातहरू हुन् भन्ने कुरालाई बुझाएको छ, जुन धेरै उपयुक्त पनि छ ।

नाटकमा क्षितिज नामकी पात्रको उपस्थितिले शीर्षकले प्रस्तुत गर्ने अर्थको सम्बन्ध त्यही क्षितिज पात्रसँग जोडेर हेर्न सकिने मार्ग पनि प्रशस्त गरेको छ । अभिभावकलाई आफ्नो कुराले मुग्ध पारेर आधुनिकताका नाममा विकृतिलाई आत्मसात् गरेकी र त्यसको

पराकाष्ठासम्म पुगेर एड्स जस्तो रोग बोक्न पुगेकी पात्र क्षितिज बेला बितेपछि आफ्नो गल्ती बोध गरेर हिँड्दा जीवन बाँच्ने प्रेरणा दिने पात्र सुधा र फिस्टी (चेतना) नै हुन् । त्यसैले क्षितिजलाई बाँच्ने प्रेरणा प्रदान गर्ने सुधा र चेतनाका हातहरूलाई सम्बोधन गर्ने सन्दर्भमा पनि यो शीर्षक उत्तिकै उपयुक्त छ ।

यसरी समाजमा जरा गाडेर बसेका नराम्रा विकृति र विसङ्गतिहरूलाई चिर्दै समानता, स्वतन्त्रताले युक्त अनि अधिकारले सम्पन्न समाज निर्माण गर्न अग्रसर हुने हातहरूलाई नाटकमा आधा क्षितिज उचाल्ने हातहरू भनेर चिनाइएको छ । नाटक महिलाका दुरावस्थालाई देखाएर तिनलाई अधिकार सम्पन्न बनाउने कुरामा केन्द्रित भएकाले महिला सशक्ततालाई देखाइएको कारण ती हातहरू नारीहरूकै हातहरू हुन् भन्ने पनि सङ्केत गरेको छ । त्यसैले सिङ्गो नाटकमा उठाइएको विषय र उद्देश्यलाई सम्बोधन गर्न सक्षम शीर्षक **आधा क्षितिज उचाल्ने हातहरू** उपयुक्त र सार्थक देखिन्छ ।

### ५.६.२ अङ्क दृश्य योजना

जीवनका अनेक आयामहरूलाई साहित्यिक कलात्मकताका साथ प्रस्तुत गर्ने सन्दर्भमा उपयुक्त तालमेल सहित नाट्य विधा मार्फत प्रस्तुत गर्दा पूर्णाङ्की नाटकमा विभिन्न अङ्कहरूको निर्माण गरिन्छ अनि भिन्न परिवेशलाई सहजताका साथ मञ्चमा प्रस्तुत गर्न दृश्य विभाजन गरिन्छ । नाटकमा उपयुक्त ढङ्गले अङ्क र दृश्यको विभाजन गर्ने काम नै अङ्क र दृश्यको योजना हो । यसको कसीमा **आधा क्षितिज उचाल्ने हातहरू** नाटक हेर्दा यो जम्मा तिन अङ्क र ८ दृश्यमा विन्यस्त रहेको पाइन्छ । जसमा पहिलो अङ्कमा ठगिरामको घर प्रस्तुत भएको छ । यस अङ्कमा २ दृश्यहरू रहेका छन् । पहिलो अङ्कको पहिलो दृश्यमा छोरी पास भएको र छोरो फेल भएको स्कुलको रिजल्टले ठगिराम र उजेलीको मानसिकतामा परेको असर अनि सुत्केरी भएको १५ दिन नभइ जेठीले मुखियाको काम जोतिएर गर्नु परेको तर पारिश्रमिकमा ठगिएको सन्दर्भ रहेको छ भने दोस्रो दृश्यमा फिस्टी र उसको भाइ गोपीका बिच महिलाको स्वतन्त्रता र अधिकारबारे बालसुलभ द्वन्द्व प्रस्तुत छ ।

यस नाटकको दोस्रो अङ्क आयाम र दृश्य सङ्ख्या दुवै दृष्टिले सबैभन्दा ठुलो अङ्कका रूपमा रहेको छ । सरिता र आशारामको घरको परिवेश अनि सरिता र फिस्टी (यहाँ आइ पुग्दा नोकर्नीको भूमिकामा रहेकी) को संवादबाट सुरु भएको यो अङ्कमा

फिस्टीले विभिन्न समयमा विभिन्न दुख पाएको अन्य, पीडितका दुख देखेको आफू सक्षम शिक्षिका बनेको र सुधार समेत भएको घटना समेटिएका छन् । यो दोस्रो अङ्कमा जम्मा चार दृश्यहरू छन् । पहिलो दृश्य घरबाट निकालिएर नोकर्नी हुन पुगेकी फिस्टी र दाइजोका कारण अपहेलित भएकी मालिक पत्नी सरिताको दुख साटासाटको सन्दर्भ रहेको छ । साथै सासू विमला र पति आशारामको कुकृत्य पनि यसैमा रहेको छ । यसको दोस्रो अङ्कमा क्षितिजको घरमा उसैले आफ्ना नराम्रा स्वभावका साथीहरूसँग गरेको मदिरा पान सहितको नृत्य अभ्यास र विकृत विलासी जीवनको सन्दर्भ प्रस्तुत गरिएको छ । यस्तै तेस्रो दृश्यमा समाज परिवर्तनको सचेत अभियानमा लागेका सुधा, रचना आदिले गुन्डाहरूद्वारा बलात्कृत फिस्टीलाई उद्धार गरी अस्पताल पुऱ्याएको, उसलाई साथ दिई आफ्नै टिममा समावेश गरेको र क्षितिज जस्ता नराम्रो बाटोमा लागेका महिलाहरूलई पनि सम्झाउन लाग्ने सल्लाह गरेको सन्दर्भ छ । यस अङ्कको चौथो तथा अन्तिम दृश्यमा भने क्षितिजले एड्स रोग लिएर घर फर्किएको र आफ्नो विगतको गल्तीप्रति पश्चात्ताप गर्दै मृत्युको खोजी गरेको, यही कारण उसको परिवार नै शोकमग्न भएको तथा सुधा र फिस्टीले क्षितिज र उसकी आमालाई सम्झाएको सन्दर्भ  रहेको छ ।

अङ्क तिन यस नाटकको अन्तिम अङ्क हो । यसमा फिस्टीले शिक्षिका हुने सामर्थ्य गरे पश्चात् नाटकको अन्त्यसम्मको विषय सन्दर्भ रहेको छ । यस अङ्कमा रहेका दुई दृश्यहरूमध्ये पहिलोमा फिस्टीको शिक्षिका र समाज सचेत कार्यकर्ताको भूमिका समेत देखाउँदै लैङ्गिक विभेदका सिकार भएका पार्वती र कुमारीको पीडा र रुखेसको अमानवीय सोचाइलाई देखाइएको छ भने दोस्रो दृश्यमा प्रेम, महेश, फिस्टी लगायतको सामाजिक, राजनैतिक अभियानको सक्रियता, ठगिरामको  वैचारिक परिवर्तन र समानता, स्वतन्त्रताको स्वीकार अनि रूढ मान्यतालाई टिकाउन खोज्ने शिव शङकरको पराजयलाई देखाइएको छ । यसका साथै नाटकको अन्त्य भएको छ ।

यसरी **आधा क्षितिज उचाल्ने हातहरू** नाटकमा प्रस्तुत गरिएको विषय सन्दर्भलाई उपयुक्तताका साथ निश्चित उद्देश्यसम्म पुऱ्याउन योजना गरिएका विभिन्न अङ्क र दृश्यहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । जसमा पहिलो अङ्कले समस्याको उठान, दोस्रोले घटनाक्रमको विस्तृतताको प्रस्तुति अनि तेस्रो अङ्कको आयाम करिव उस्तै भए पनि यस नाटकको दोस्रो अङ्कको आयााम अपेक्षाकृत बृहत रहेको छ । यस बाहेक अङ्क दृश्य योजनामा प्रस्तुत नाटक सफल रहेको देखिन्छ ।

### ५.६.३ कथावस्तु

**आधा क्षितिज उचाल्ने हातहरू** ग्रामीण जन जीवनको सामाजिक विषय वस्तुलाई कथ्य सामग्रीका रूपमा उपयोग गरिएको नाट्य कृति हो । यसमा कृषि व्यवसायमा आश्रित एक परिवारलाई मुख्य रूपमा देखाइएको छ भने त्यसको पृष्ठभूमिमा सहरी जीवनसम्मको कथावस्तुलाई प्रस्तुत गरिएको छ । यस नाटकको कथावस्तु ग्रामीण कृषक ठगिराम र उजेलीकी छोरी फिस्टी स्कुलमा प्रथम भएर हँसिलो चेहराका साथ घर आइ पुग्दा आमा उजेली घरको कामको व्यस्तताले फतफताइ रहेको सन्दर्भबाट सुरु भएको छ । तर छोरीको शैक्षिक सफलताले नाटकमा आमालाई खुसी छर्न सकेको छैन । बरु पास हुनु पर्ने छोरो फेल भएको अनि फेल भए पनि छोरी चाहिँ पास र प्रथम भएको भन्ने चिन्ता जन्मिएको छ । उता बाबु ठगिराम पनि छोराछोरीको परीक्षाफल विपरीत भएको चिन्ता मदिराले समन गरी घर फर्कन्छ । यस्तै लैङ्गिक विभेद, छोरा छोरीको विभेद पनि नाटकमा छँदै छ । घरमा अब फिस्टीलाई स्कुलबाट निकाल्ने र फेल भएको छोरो गोपीलाई स्कुल पठाउने कुरा चलेको अनि छोरीलाई काममा जोति रहेको, छोरालाई केही काम नै नलगाएको सन्दर्भ यसमा छ । यही नराम्रो विचारलाई कार्यान्वयनतर्फ अगाडि बढाउँदा र फिस्टीले पढ्ने रहरलाई प्रस्तुत गर्दा यातना पाएको, गोपी र फिस्टीले यही विषयलाई बाल्य झगडाको रूपमा प्रस्तुत गर्दा त्यसको सजाय फिस्टीले नै पाएको कुरा नाटकमा देखाइएको छ । यसपछि परिवारबाट निकालिएकी फिस्टी कुनै धनाढ्यको घरमा नोकर्नीको भूमिकामा शरण लिन पुगेकी छे । उसले त्यहाँ पनि महिला र पुरुषको विभेदको चर्को रूप देखेकी छे । त्यहाँको घर मालिक आशाराम एम्. ए. लेभल पास गरेको भए तापनि सम्पन्नताको ढोंगमा नारी स्वतन्त्रताको अधिकार बिर्सिएको पाखण्डी मानसिकताको छ । त्यसैले बी.ए.पास गरेकी सुन्दरी र ज्ञानी पत्नी पाए पनि दाइजो नल्याएको भनेर चरम यातना दिइएको छ । उसकी आमा विमलाले पनि छोराकै आडम्बरी पक्षलाई समर्थन गरेकी छे । त्यस्तै आशारामकै बहिनी पनि त्यही दाइजो नल्याएको निहुँमा घर खान नसकी माइत फिर्नु परेको छ । यति गर्दा पनि चेत नखाएको आशारामले एकदिन पत्नीको नै हत्या गर्न पुगेको छ ।

नाटकको यसपछिको घटनाक्रम सहरी धनाढ्यको घर त्यहीँका पात्रसम्म पुगेको छ । नारी स्वतन्त्रताको दुरूपयोगको पक्षलाई यहाँ देखाइएको छ । क्षितिज, चाँदनी, रमिता जस्ता आधुनिकतालाई आत्मसात् गर्ने नाममा विकृतिलाई पछ्याउन पुगेका नारीहरूको विकृत जीवन पद्धति र परिवार समेतको जिम्मेवारी विहीनताको अवस्था रहेको छ । यसै कारण

नृत्यका नाममा कोठी पुगी दाम कमाउने लतमा परेका ती नारीहरू विकृतिलाई नै पछ्याउने युवकहरूको सङ्गतमा परेका छन् । अझ क्षितिजलाई तिनै युवकहरूमध्येको एकले विदेश घुमाउने नाममा कोठीमा बेचि दिएको छ । फलस्वरूप क्षितिज एड्स रोग लिएर केही वर्षपछि घर आइ पुगेकी छे । यता फिस्टी भने सङ्घर्षका अनेक चरण पार गर्दै महिला चेतना फैलाउने कम्युनिस्ट कार्यकर्ता बनेकी छे र क्षितिजकी मामाकी छोरी सुधासँग गएर दुई वर्ष अगाडि आफू नोकर्नीका रूपमा रहँदा यातना दिएर उपहास गर्दै लखेट्ने उही क्षितिजलाई जीवन बाँच्ने प्रेरणा दिएको सन्दर्भ छ । यस्तै धेरै छोरी जन्माएका कारण पतिबाट परित्यक्ता हुनु परेको पार्वतीको अनि निःसन्तान भएर अपजस व्यहोर्नु परेको कुमारीको व्यथाको सन्दर्भ पनि नाटकमा छ । निकै पात्रहरूले भूमिका प्रस्तुत गर्ने अवसर प्राप्त गरेको यस नाटकमा महेश, प्रेमा, फिस्टी (चेतना) आदिले राजनैतिक कार्यक्रमको लागि कलाको अभ्यास पनि गरेका छन् । यसमा विगतको आफ्नो लैङ्गिक विभेद गर्ने कमजोरीलाई गल्तीका रूपमा स्वीकार गर्दै फिस्टीको बाबु ठगिरामले अहिलेको उनीहरूको कार्यलाई साथ दिएको छ तर आफ्ना विधवा अकेला छोरीहरू विन्दु र सिन्धुको स्वतन्त्रता र राजनैतिक सक्रियता नरुचाउने शिव शङ्करले चाहिँ आफ्नो रूढि मानसिकता देखाएको छ र बहिनी छोरीलाई नियन्त्रणमा राख्न खोजेको छ । बहिनी र छोरीहरूले भने बरु परिवार त्याग्न सक्ने तर जनहितकारी कम्युनिस्ट पाटी र त्यसले अँगाल्ने मुक्ति र स्वतन्त्रताका कुरा छोड्न नसक्ने आवाजको बुलन्द गरेसँगै नाटकको अन्त्य भएको छ ।

यसरी मूल रूपमा फिस्टीले (चेतना) आफ्नो जीवनमा गरेको सङ्घर्ष, नारी भएकै कारण विभिन्न महिलाले भोग्नु परेको दुख जस्ता पक्षलाई देखाएको र तिनका माध्यमबाट हाम्रो समाजका नराम्रा परम्परा र संस्कारलाई देखाएर ती विरुद्ध नवीन स्वतन्त्र, र उन्नत समाज निर्माण गर्नु पर्ने कुरा प्रस्तुत गरेको यस नाटकमा नाटककारले उद्देश्य अनुरूप कथावस्तुको उठान, विस्तार र बैठान गरेका छन् ।

### ५.६.४ परिवेश

कृतिमा स्थान, काल र परिस्थितिको अन्वयले परिवेशलाई बताउँछ । त्यसैले अध्ययन गर्दा यी तिन पक्षलाई हेर्ने गरिन्छ । **आधा क्षितिज उचाल्ने हातहरू** नाटकको परिवेशलाई यसरी हेर्न सकिन्छ ।

**आधा क्षितिज उचाल्ने हातहरू** नाटकमा स्पष्ट रूपमा नाम तोकिएको स्थान विशेषको चित्रण छैन । कृतिमा घटेको घटना, समाजको अवस्था, जीविकाको पद्धति, पात्रहरूको सभ्यताको स्तर लक्ष्य आदि पक्षलाई हेरेर स्थानको अनुमान गर्नु पर्ने अवस्था रहेको छ । जस अनुसार हेर्दा नाटकको अधिकांश स्थानिक परिवेश ग्रामीण क्षेत्रको रहेको छ । मुख्य पात्र फिस्टीको जीवन भोगाइ, उसका बाबु आमाले घरमा गर्नु परेको काम आदिबाट यो कुरा स्पष्ट हुन्छ । दाउरा चिर्ने, हलो जोत्ने, धारा पधेँरा धाउने आदि सन्दर्भले कृषि व्यवसाय अपनाएर बस्नु परेको गाउँको चित्रण यसमा चित्रित भएको छ । यस बाहेक आशाराम र क्षितिजका घरको परिवेश भने सहरी सभ्यता अनुकूल रहेको पाइन्छ । ग्रामीण जनता शिक्षाको अवसरबाट वञ्चित भइ रहँदा आशारामले एम्. ए. पास गरेको छ भने बी. ए. पास गरेकी सरितासँग विवाह गरेको छ । फिस्टीलाई नोकर्नीका रूपमा राखेको छ । अनि सम्पन्नता सहितको विलासी जीवन बाँचेको छ । ठगिरामको परिवारले ग्रामीण स्थानको प्रतिनिधित्व गरि रहँदा आशारामको जस्तो जीवन गाउँमा सम्भव नभएका कारण यो सहर हो भन्ने कुराको सङ्केत मिल्दछ । यस्तै गरेर नाटकमा पात्र क्षितिज र उसका साथीहरू रहेको समाज पनि सहरी नै छ । विकृतियुक्त विलासी जीवन बाँच्न मदिरा सेवन, डान्स बार जाने चलन आदिले सहरी स्थानलाई सङ्केत गरेको छ । त्यति मात्र नभएर प्रासङ्गिक रूपमा क्षितिज र उसका साथी घुम्न जाने सन्दर्भमा नाटकमा विदेशी सहरको स्थानिक परिवेश पनि अटाउन पाएको छ । समग्रमा **आधा क्षितिज उचाल्ने हातहरू** नाटकले नेपाली ग्रामीण र सहरी साथै विदेशी सहरी स्थानिक परिवेशलाई प्रस्तुत गरेको छ ।

कृतिको विश्लेषणमा परिवेश अन्तर्गत आउने कालले उक्त कृतिमा समेटिएको समयलाई जनाउँछ । **आधा क्षितिज उचाल्ने हातहरू** नाटकले समेटेको समयको पक्षलाई यसरी हेर्न सकिन्छ ।

प्रस्तुत नाटकले समेटेको विषय वस्तु इतिहासको कुनै कालखण्डसँग मिल्दोजुल्दो छ । यस पक्षलाई हेर्ने हो भने यसमा नेपालमा २०४६ सालको आन्दोलनका कारण जनतामा आएको ज्ञान, चेतना प्राप्तिको ठिक पूर्वको समय सम्बोधित देखिन्छ । ग्रामीण क्षेत्रका अधिकांश बाल बालिकाहरूले स्कुलका प्रारम्भिक कक्षामा सामेल हुने अवसर पाए तापनि पछिल्ला वा प्रा. वि. माथिका कक्षामा महिलाहरू क्रमशः वञ्चित भएको, सम्पन्न र सहरी जीवन बाँच्नेहरूले शैक्षिक पहुँच राखेर महिलाहरूले पनि पढ्न पाए पनि लैङ्गिक समानता र स्वतन्त्रता स्थापित हुन नपाएको, पुँजीवादी समाजका नराम्रा प्रभावले मान्छेहरूलाई

सिकार बनाएको समाज यसमा रहेको छ । यसरी जनताको चेतनाको स्तर, क्रियाकलाप, समाजमा संस्थागत भएको मान्यता आदिलाई वि. सं. २०४६ पूर्वको  नेपाली समाज र त्यस समयलाई यस नाटकले प्रस्तुत गरेको छ ।

कृतिमा काल अन्तर्गत समेटिने अर्को पक्ष कृतिले लिएको समय हो । यसमा विश्लेष्य कृतिको कथावस्तु सुरु भएर अन्त्यसम्म पुग्दा कति समय व्यतीत भयो भन्ने कुरालाई हेरिन्छ । **आधा क्षितिज उचाल्ने हातहरू** नाटकमा हेर्ने हो भने पनि त्यहाँ बितेको समयलाई सङ्केत गर्ने विभिन्न आधारहरू रहेका छन् । नाटकको सुरुमा स्कुलको तल्ला कक्षामा पढ्ने फिस्टी नाटक सकिने अवस्थामा पुग्दा शिक्षिका र जुझारु समाज सुधारक अनि राजनैतिक कार्यकर्ता बन्नु, उजेलीको मृत्यु फिस्टी घरबाट हिँडेको निकै समयपछि हुनु र त्यसको पनि निकै समयपछि (वर्ष ?) प्रासङ्गिक रूपमा नाटकमा चर्चा गरिनु, सुरुको र अन्त्यको अवस्थामा ठगिरामको शारीरिक र मानसिक रूपमा व्यापक परिवर्तन आउनु, नाटकको बिचमा अझ उत्तरार्धमा देखिएकी क्षितिज मात्रको पनि २-३ वर्षभन्दा लामो जीवन कहानी उल्लेख गरिनुले यस नाटकले निकै वर्षको समयावधिलाई समेटेको देखिन्छ । वर्ष नै तोकेर भन्ने हो भने नाटकले कम्तिमा १० वर्ष लिएको कुरा यसमा रहेका घटना सन्दर्भले स्पष्ट पार्दछन् ।

परिवेशको अध्ययनमा परिस्थिति अन्तर्गत विश्लेष्य कृतिमा के कस्ता घटनाहरू घटेका छन् र तिनले के कस्तो परिस्थितीय वातावरण निर्माण गरेका छन् भन्ने कुरालाई हेरिन्छ । यसरी हेर्दा **आधा क्षितिज उचाल्ने हातहरू** सामाजिक रूपान्तरणका निम्ति लेखिएको नाट्य कृति भएका कारण विषम र सामान्य दुवै प्रकृतिका घटनाहरू घटेका देखिन्छन् । नाटकको बढी जसो भागमा परम्परागत सोचाइले युक्त पात्रहरूको भूमिका प्रबल बनेको र तिनको नियन्त्रण र शोषणको सिकार बालिका, महिला र कमजोरहरू बन्नु परेको तिक्त परिस्थिति प्रस्तुत भएको छ । यही कारण नै फिस्टीले स्कुल र घर समेत छोड्नु परेको, सरिता यातना भोगेर मर्नु परेको, पार्वतीले रुखेसको अपहेलना सहनु परेको जस्ता दुखद घटना नाटकमा घट्न पुगेका छन् । यस बाहेक नाटकको अन्त्यमा पनि शिव शङ्करको शासकीय स्वरूप देखिएकै छ तर ठगिरामको मानसिक परिवर्तन, शिव शङ्करको वैचारिक पराजयका घटनाले आशाका ज्योति पनि पुञ्जित भएका छन् । यसरी ग्रामीण र सहरी स्थानमा घटेका अधिक टिठ लाग्दा र न्यून प्रिय घटना परिस्थितिको संयोगबाट यो नाटक निर्माण भएको पाइन्छ ।

समग्रमा देश, काल, परिस्थिति अन्तर्गत पर्ने सुहाउँदा, पत्याउँदा स्थान, स्थान अनुसारका पात्र, तिनको चेतना अनि तिनले घटाउने घटना आदिको त्रिपक्षीय अन्वयबाट **आधा क्षितिज उचाल्ने हातहरू** नाटकको परिवेश निर्माण भएको पाइन्छ ।

### ५.६.५ द्वन्द्व

**आधा क्षितिज उचाल्ने हातहरू** नाटकमा देखाउन खोजिएको मुख्य पक्ष मनोविज्ञानभन्दा भिन्न रहेको छ । त्यसैले यसमा एकै व्यक्तिको मनमा खेल्ने अनेक कुराहरूले निर्माण गर्ने आन्तरिक द्वन्द्व  छैन । यहाँ भिन्न मानसिकता बोकेका भिन्न व्यक्ति बिचको बाह्य द्वन्द्व मुख्य रहेको छ । हाम्रो समाजमा रहेको रूढ मान्यताको विस्थापन र प्रगतिवादी साम्यवादी मान्यताको स्थापनाको निम्ति यो नाटक लेखिएका कारण पुरानो विचार बोक्ने र नयाँ विचार बोक्नेका बिचको द्वन्द्व यसमा रहेको छ । यस्तै नयाँ विचारका नाममा विकृतिलाई आत्मसात् गर्नेसँग प्रगतिवादको स्थापना गर्न चाहनेको पनि यसमा द्वन्द्व रहेको छ । जुनसुकै प्रकारले पनि शोषकका विरुद्ध शोषितको, अन्यायका विरुद्ध न्याय खोज्नेहरूको द्वन्द्व रहेको छ । नाटकका पात्र पात्रमा हेर्ने हो भने फिस्टीको परिवारको अन्य सदस्यसँग, सरिताको पतिसँग, पार्वतीको रुखेससँग, जेठीको मुखीयासँग यस्तै शिव शङ्करको छोरी र बहिनीसँग द्वन्द्व रहेको पाइन्छ । नाटकमा यो कतै सामन्य रूपमा त कतै भिन्न सोचाई राख्नेलाई मृत्युको मुखमा पुऱ्याउने हदसम्म पुगेको देखिन्छ । यसरी समग्रमा बाह्य द्वन्द्वलाई सशक्त रूपमा प्रस्तुत गरिएको यस नाटकमा उद्देश्यगत रूपमा हेर्ने हो भने परम्परागत मान्यतालाई मान्नेसँग समाजिक रूपान्तरणका विकृत अभियन्ताहरूले गरेको सङ्घर्ष प्रकट भएको पाइन्छ ।

### ५.६.६ चरित्र चित्रण

कुनै पनि कृतिमा उपस्थित भएर कुनै न कुनै रूपमा भूमिका निर्वाह गर्ने पात्र नै चरित्र हो र उसले त्यस कृतिको कहाँ कहाँ कस्तो कस्तो भूमिका निर्वाह गरेको छ वा ऊ कस्तो देखिन्छ भन्ने कुरालाई आधार बनाएर गरिएको विश्लेषण चरित्र चित्रण हो । **आधा क्षितिज उचाल्ने हातहरू** नाटक प्रत्यक्ष र अप्रत्यक्ष गरी करिब अढाई दर्जनभन्दा बढी पात्रको उपस्थिति भएको नाटक हो । यस नाटकमा भएका चरित्रहरूको चित्रणलाई यसरी प्रस्तुत गर्न सकिन्छ ।

### क) फिस्टी

फिस्टी यस नाटकमा दम्पती उजेली र ठगीरामकी छोरी अनि गोपीकी दिदीका रूपमा आएकी नारी पात्र हो । निकै लामो समयलाई समेटेको यस नाटकको सुरुदेखि अन्त्यसम्म नै स्पष्ट भूमिका सहित देखा परेकी फिस्टी नाटकको सुरुमा बाल पात्रका रूपमा रहेकी छ भने नाटकको अन्त्यमा शारीरिक र वैचारिक रूपमा परिपक्व जुझारु युवती बनेकी छ । नाटक लेखिँदाको समयको पितृसत्ताको प्रभाव रहेको नेपाली समाजकै प्रतिनिधित्व गर्ने अनपढ आमा बाबुकी छोरी फिस्टीले नारी हुनाका कारण महिलाले भोग्नु परेका र पर्न सक्ने अनेक रूपमा पीडाका सामान्यदेखि चरमसम्मका अवस्थाहरू भोगेकी, देखेकी छ । ऊ स्वयम् आफू नै मेधावी छात्रा हुँदाहुँदै पनि ४-५ कक्षाभन्दा माथि पढ्न पाएकी छैन । उसको अध्ययन क्षमता रूढ परिवारका लागि कलङ्कको दाग बनेको छ । उसले अध्ययनको निरन्तरताको लागि सङ्घर्ष गर्दा परिवारबाटै निष्कासित हुनु परेको छ । यसपछि सहरिया स्वतन्त्र केटी क्षितिजद्वारा पनि धेरै अपमानित भएकी छ । आफूले पढ्न पाउने आशामा नोकर्नी भएर बस्ता मालिक पत्नी सरिता दाइजो नल्याएका कारण मर्नु परेको देखेकी छ र आफू पनि प्रताडित भएकी छ । अन्त्यमा सुधाको सङ्गतमा पुगेकी फिस्टीले पछिल्लो समय चेतना नाम पाएकी छ । आफ्नो लक्ष्य प्राप्तिका लागि निरन्तर लागिपर्ने शिक्षिका तथा राजनीति सचेत महिलाका रूपमा स्थापित भएकी छ । अशिक्षित भएकै कारण लैङ्गिक विभेदलाई सदा पोषण गर्ने बाबु ठगिरामको मानसिकता परिवर्तन गर्न सक्षमता देखाएकी छ । यसरी नाटकको सुरुदेखि अन्त्यसम्म महत्त्वपूर्ण भूमिका सहित आउने सङ्घर्षलाई झेल्दै दुखद् जीवन बाँचे पनि अभीष्टबाट पछि हट्नु हुँदैन भन्ने प्रेरणाकी स्रोत बनेकी फिस्टी सिङ्गो नाटककै मुख्य पात्र, स्रष्टाको लेखनको उद्देश्यकी संवाहक, अनुकूल, कम्युनिस्ट वैचारिक आदर्शलाई आत्मसात् गर्ने, वर्गीय मञ्चीय, बद्ध पात्रका रूपमा रहेकी छ ।

### ख) ठगिराम

ठगिराम **आधा क्षितिज उचाल्ने हातहरू** नाटककी मुख्य पात्र फिस्टीको बाबु र उजेलीको पति हो । परम्परागत संस्कार र व्यवसायलाई आत्मसात् गर्दै आएको ऊ सुरुमा विचारले पनि रूढ छ । यसैले उसमा छोरो फेल हुनुले भन्दा पनि छोरी पास र प्रथम हुनुले चिन्ता थपिएको छ । अनि यो चिन्ताबाट मुक्त हुन मदिराको साथ लिन पुगेको छ । छोरीले पढ्न पाऊँ भनी गरेको अनुनय विनयले उसलाई कति पनि छुँदैन बरु यातना दिन लाग्दछ, जसका कारण छोरी फिस्टी घर छोडेर भाग्न पुगेकी छ । यस्तै छोरी हराउँदाको पीडाले

पत्नी उजेलीको चिन्तै चिन्तामा मृत्यु हुन पुगेको छ । यसरी जड परम्पराका कुसंस्कारहरूलाई ज्ञानको अभावका कारण बोकेर हिँड्न विवश ठगिरामले स्वाभाविक रूपमा सञ्चालित परिवारलाई तहसनहसको अवस्थामा पुऱ्याए तापनि नाटकको अन्त्यमा आइ पुग्दा कम्युनिस्ट विचारका आधुनिक र राम्रा मान्यतालाई बोध गरी स्वीकार गरेको छ । यसैले पछिल्लो समयमा ठगिरामले विगतका आफ्ना मूर्खताप्रति पश्चात्ताप गरेको छ र छोरीका सही निर्णयलाई सम्मान र सहयोग गरेको छ । यसरी नाटकको सुरुमा मूर्ख, परम्परावादी र जिम्मेवारी बोध नगर्ने खल पात्रका रूपमा देखिए तापनि अन्त्यसम्म आउँदा विचारमा परिवर्तन गरी सही बाटामा आाएको ठगिराम समग्रमा हेर्दा फिस्टीको जीवन चक्रलाई देखाउने र उत्कर्षमा पुऱ्याउने काममा सहयोग पुऱ्याउने पुरुष, सहायक, गतिशील, अनुकूल, वर्गीय, बद्ध, पात्रका रूपमा रहेको छ ।

**ग) उजेली**

उजेली **आधा क्षितिज उचाल्ने हातहरू** नाटककी मुख्य पात्र फिस्टीकी आमा ठगिरामकी पत्नी हो । परम्परागत मान्यतामा चलेको निम्न वर्गीय परिवारको गृहिणी ऊ अशिक्षित र अज्ञानी नै छे । त्यसैले ऊ आफू पीडित र ठगिरामद्वारा शासित त छे नै छोरीको प्रगतिलाई पनि नराम्रो दृष्टिले नै हेर्दछे । तर छोरी घर छोडेर हिँडेपछि चिन्ताले मर्न पुगेकी ऊ नाटकको सुरुमा मात्र मञ्चमा देखा परेकी छ । यसरी अज्ञान तथा पुँजीवादी मान्यतालाई अनुसरण गर्ने परम्परावादी समाजको सिकार भएका कारण नारी भएर पनि नारीको समस्या र पछौटेपन बुझ्न नसक्ने सोझी नारी पात्रका रूपमा यस नाटकमा उजेलीको भूमिका रहेको छ ।

**ग) सरिता**

सरिता **आधा क्षितिज उचाल्ने हातहरू** नाटकमा देखिएको सम्पन्न परिवारको घर मालिक आशारामकी शिक्षित सरला र सुन्दरी पत्नी हो । उसले बी.ए. सम्मको अध्ययन गरेकी छ । लैङ्गिक विभेदका अनेक रूपका पीडादायी घटना घटाउने परम्परावादी जड संस्कृतिलाई काखी च्याप्ने हाम्रो जस्तो समाजमा आधुनिक विचारले स्थापित हुन नपाउन्जेल चेतना भएका एक दुई जनाको प्रयास निरर्थक हुन्छ भन्ने कुराको उदाहरण यस नाटकमा सरिता बनेकी छ । दाइजो कम ल्याएका कारण एम्. ए. पास गरेर पनि छोरीलाई मान्छेको मूल्यले नहेर्ने घमण्डी र मूर्ख पति आशारामको चरम यातना पाएकी ऊ दाइजोको विरोध,

नारीको स्वतन्त्रता, समानता आदि कुराको आवाज उठाउँदै लोग्नेको प्रतिकार गर्दै गर्दा लोग्नेबाटै मारिएकी छ । यसरी आधुनिकता र लैङ्गिक, सामाजिक समानता, स्वतन्त्रतालाई स्वीकार गर्न नसक्ने समाजको रूढ विचारको सिकार बनेकी अनुकूल सहायक नारी पात्र तथा नवीन मान्यताको स्थापनार्थ बलिदान हुन पुगेकी इमानदार पात्रका रूपमा रहेकी छ । शिक्षित भएर पनि एक्ली भएका कारण समज रूपान्तरण गर्न त परै जाओस् आफैंलाई समेत बचाउँन नसक्ने कमजोरी बोकेकी पात्रका रूपमा पनि ऊ रहेकी छ ।

**घ) आशाराम**

आशाराम प्रस्तुत नाटकमा शैक्षिक प्रमाण पत्रले युक्त भएर पनि बुद्धिले हीन मूर्ख परम्परावादी मान्यता बोकेको पात्रको भूमिकामा आएको छ । आफूसँग भएको पैतृक सम्पत्तिको दम्भ बोकेको, नारीलाई मानवीय दृष्टिले नहेर्ने र आफ्नो सुसारे मात्र देख्ने अनि स्वास्नीले धेरै दाइजो ल्याउँदा आफ्नो प्रतिष्ठा बढ्ने नालायकीपन यसले बोकेको छ । यसैले उसले पत्नी सरिताका गुणका पक्ष भुलेर दाइजो नल्याउनुको कमजोरी मात्र देखेको छ र जिउँदै आगो लगाएर मारेको छ । यसरी आशाराम एम्.ए .पास गरेर पनि व्यावहारिक र सामाजिक हुन नसकेको खल पात्रका रूपमा नाटकमा रहेको छ ।

**ङ) क्षितिज**

क्षितिज **आधा क्षितिज उचाल्ने हातहरू** नाटकमा सुधाकी छोरीका रूपमा आएकी छ, जो सहरी परिवेशको सम्पन्न परिवारकी अवसर प्राप्त गर्न सफल युवती पनि हो । कलेजसम्मको अध्ययनको तहमा पुगी सकेकी ऊ पढ्नमाभन्दा मदिरा पिउने, नृत्य गर्ने अनि नराम्रो लतका युवा युवतीको सङ्गतमा परेकी छ । परिवारबाट समेत नियन्त्रण नगरी स्वतन्त्रता पाएकी उसले स्वतन्त्रतालाई भरपुर दुरूपयोग गरेकी छ । त्यसैले ऊ इमानदार सुधालाई पाखे भनेर उपहास गर्छे । विकृत जीवन बाँच्छे अनि विलासमा रमाएर कोठी प्रवेश मात्र गर्दिन केटा साथीसँग विदेश घुम्न गएर, बेचिएर एड्स रोगको कोसेली लिएर फर्कन्छे । अनि जीवनको पछिल्लो समय निराशाले युक्त विक्षिप्त जीवन बाँच्छे । पहिले आफैंले हेला गरेकी दिदी सुधा र सेविका फिस्टीसँग माफी पनि माग्छे र गल्तीको पश्चात्ताप गर्छे । यसरी प्रस्तुत नाटककी पात्र क्षितिज स्वतन्त्रताका लागि अवसर मात्र पाएर हुँदैन त्यसको सदुपयोग पनि गर्न सक्नु पर्छ । यदि स्वतन्त्रताको दुरूपयोग भयो भने झन धेरै घातक हुन्छ भन्ने

कुरा देखाउँने, बढी समय जीवनलाई बर्बादीको बाटोमा हिँडाउने गतिशील पात्रका रूपमा क्षितिज रहेकी छ ।

प्रस्तुत नाटकमा माथि उल्लेख गरिए बाहेक अरु पनि थुप्रै पात्रहरू रहेका छन्, जसले नाटकलाई सार्थक, सशक्त र उत्कृष्ट बनाउन कुनै न कुनै रूपमा भूमिका निर्वाह गरेका छन् । यसमा प्रेमा, महेश, प्रियकर्ण, अकेला, विन्दु, सिन्धु जस्ता पात्रहरू राजनीति सचेत भएर सामाजिक रूपान्तरणमा लागेका अनुकूल पात्रका रूपमा रहेका छन् भने विमला, शिव शङ्कर, रुखेस जस्ता पात्रहरूले नाटकको खल पक्षको भूमिकालाई अगाडि बढाएका छन् । यस्तै पार्वती, कुमारी आदिले परम्परागत र पुँजीवादी नराम्रा मान्यतालाई समाजले अङ्गीकरण गर्दा सिकार हुनु परेको कुरालाई देखाएका छन् । यसका अतिरिक्त बाल्य स्वभावले युक्त गोपी जस्ता पात्रहरूले नाटकमा  उपस्थित भएर आफूले समाजबाट सिकेको ज्ञानलाई प्रस्तुत गर्दै लगेका छन् ।

यसरी प्रस्तुत नाटकमा विभिन्न भूमिकामा आएका विभिन्न पात्रहरूले नाटकलाई सफल बनाउन सहयोग गरेका छन् ।

### ५.६.७ संवाद

रङ्गमञ्चमा पात्रहरूको प्रत्यक्ष उपस्थितिमा कार्य सम्पन्न हुने नाटक विधामा पात्रहरूका बोल चाल र क्रियाकलापले महत्त्वपूर्ण स्थान लिने भएका कारण त्यससँग जोडिने संवादको पक्ष अनिवार्य रहेको हुन्छ । पात्रहरूको परस्परको बोलचालको पक्षलाई संवादमा हेरिन्छ । यस अन्तर्गत **आधा क्षितिज उचाल्ने हातहरू** नाटकलाई हेर्ने हो भने संवादको सशक्तताले नै यसलाई फलागममा पुऱ्याएको देखिन्छ । पात्रको स्तर सुहाउँदो बोली व्यवहार अनि क्रिया अनुसारको प्रतिक्रियाले संवादको सबलतालाई देखाउँछ । यस नाटकमा भिन्न वैचारिक मानसिकताका पात्रबिचको संवादलाई तिनका मनमा उब्जेको क्रोधको पक्षले ऊर्जा थपेको छ भने समभावका पात्रको संवादमा देखिने स्वाभाविक चाञ्चल्य पनि यसमा रहेको छ । पात्रहरूको सक्रिय सहभागिताका साथ आएका छोटा छरिता अभिव्यक्तिहरूले नाटकको संवादको पक्षलाई उपयुक्त बनाएका छन् । यसरी प्रस्तुत नाटकको संवादले कृतिको उच्चाइलाई थप उत्कृष्टता प्रदान गर्ने कुरामा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

### ५.६.८ भाषाशैली

**आधा क्षितिज उचाल्ने हातहरू** नाटकका पात्रले प्रयोग गरेको भाषाशैलीको पक्ष महत्त्वपूर्ण रहेको छ । यस नाटकका प्राय पात्रहरू ग्रामीण पृष्ठभूमिमा हुर्किएका, त्यहीँको रहन सहनलाई आत्मसात् गरेका छन् । त्यसैले ती पात्रले बोल्ने भाषा सामान्य बोलीचालीको बोध्य, सुगम्य रहेको छ । यस्तै प्रस्तुतिको शैलीमा पनि अतिशय कलात्मक चातुर्य छैन । छोटा र सरल वाक्यात्मक संरचनाको वाक्य त्यहाँ रहेका छन् । नाटकमा रहेका क्षितिज जस्ता आधुनिकताका विकृतिलाई पछ्याउने पात्रहरूको भाषामा भने आगन्तुक शब्द प्रयोगको लोभ रहेको पाइन्छ भने पात्रको स्वभाव अनुकूल प्रस्तुतिगत कृत्रिमताको पनि प्रयोग गरिएको पाइन्छ । यसका अलवा प्रगतिवादी, कम्युनिजमलाई मन पराउने सामाजिक रूपान्तरणका संवाहक पात्रहरूले प्रयोग गरेको भाषामा पारिभाषिक शब्दको प्रयोग पनि रहेको छ । यसरी विभिन्न पक्षको विशिष्ट भूमिका सम्पादन गर्ने गरी आएका विभिन्न पात्रहरूको भाषिक प्रयोगको आआफ्नो लय प्रस्तुत नाटकमा रहेको छ । समग्रमा भने नाटकको भाषा शैली तत्सम, तद्भव र आगन्तुक तिनवटै स्रोतका शब्दको प्रयोग भएको सरल, सहज र बोधगम्य भाषाको स्वाभाविक प्रस्तुति रहेको पाइन्छ ।

### ५.६.९ उद्देश्य

खगेन्द्र सिटौलाद्वारा रचित **आधा क्षितिज उचाल्ने हातहरू** नाटक विद्यमान नेपाली समाजमा रहेको लैङ्गिक विभेदको चिरफार गर्न सक्षम रहेको छ । सिङ्गो समाजको उन्नति र प्रगतिका निम्ति नारी र पुरुषको समान हैसियत रहेको हुन्छ । नारी र पुरुष भनेका एक अर्काका पुरक हुन् । एकको अभावमा दोस्रोको अस्तितत्व सुरक्षित रहन्न भन्ने कुरा नाटकमा देखाइएको छ । समाजमा जरा गाडेर बसेका नराम्रा विकृति र विसङ्गतिहरूलाई चिर्दै समानता, स्वतन्त्रताले युक्त अनि अधिकारले सम्पन्न समाज निर्माण गर्न अग्रसर हुने हातहरूलाई नाटकमा आधा क्षितिज उचाल्ने हातहरू भनेर चिनाइएको छ । यस नाटकको मुख्य उद्देश्य भनेको महिलाका दुरावस्थालाई देखाएर तिनलाई अधिकार सम्पन्न बनाउनु हो ।

त्यसै गरी प्रस्तुत नाटकले क्षितिज नामक पात्रको चरित्रलाई देखाउँदै स्वतन्त्रता र समानताका लागि अवसर प्राप्त गरेर मात्र हुँदैन त्यसको सही सदुपयोग गर्न सक्नु पर्छ भन्ने कुरा पनि देखाएको छ ।

## ५.७ निष्कर्ष

नाटककार खगेन्द्र सिटौलाद्वारा लेखिएको **आधा क्षितिज उचाल्ने हातहरू** नाटक प्रायः ग्रामीण परिवेशको जन जीवनका माध्यमबाट अज्ञानतावश परम्परागत रूढ मान्यतालाई काखी च्यापेर हिँड्दा पछि पर्नु परेको कटु यथार्थलाई प्रस्तुत गर्दै ती नराम्रा पक्ष विरुद्ध सङ्घर्ष गर्दै नयाँ आधुनिक सामाज निर्माणार्थ लेखिएको कृति विशेष हो । सोझा सिधा र सामान्य मानिसहरूलाई पुँजीवादी अहम् बोकेका खल नायकहरूले उनीहरू अनुकूलको संस्कार र सभ्यताको पाठ रटाइ दिएका कारण सर्वसाधारण मानिसहरू जानी नजानी कठपुतली जीवन बाँच्नु परेको यथार्थलाई यसमा उजागर गरिएको छ र यसकै उत्पादनका रूपमा समाजिक, लैङ्गिक, सांस्कृतिक विभेदहरूले जरा गाडेको कुरा प्रस्तुत गरिएको छ । यस्तो नराम्रो परम्परालाई तोडेर नयाँ विभेदरहित स्वतन्त्र र सभ्य समाज निर्माण गर्नु पर्ने अनिवार्यता प्रस्तुत गर्दै त्यस्ता सशक्त प्रयासलाई पनि नाटकमा प्रस्तुत गरिएको छ । यी सबै पक्षलाई सिर्जनाको नाट्य विधा अन्तर्गतका कलाका साथ प्रस्तुत गर्दा स्रष्टाले उपयुक्त कथ्य चयन गर्न सामर्थ्य देखाएका छन् । यही विषयलाई उपयुक्त ढङ्गले प्रस्तुत गर्न शीर्षक, पात्र, परिवेश, अङ्क दृश्यको चयन, द्वन्द्व, भाषा शैली, संवाद जस्ता पक्षको उचित समायोजन पनि यस नाटकमा भएको छ । अतः प्रस्तुत नाटक नाट्य विधाका कौशलमा सचेतता अपनाएको उत्कृष्ट कृतिका रूपमा रहेको छ ।

## ५.८ पृथ्वीविचार र व्यवहार निबन्ध सङ्ग्रहको विश्लेषण

**पृथ्वीविचार र व्यवहार** खगेन्द्र सिटौलाको २०५९ सालमा २८२ औँ पृथ्वी जयन्तीको अवसरमा प्रकाशित एक मात्र विचार प्रधान निबन्ध सङ्ग्रह हो । प्रस्तुत निबन्ध सङ्ग्रह एक्स्प्लोर ग्रुप नेपालले प्रकाशन गरेको हो । नेपाली राष्ट्रियताको प्रबोधनलाई टेवा दिने उद्देश्यका साथ संरचित यस निबन्धात्मक सङ्ग्रहमा जम्मा उनन्तिस वटा निबन्धहरू सङ्गृहीत छन् । यस सङ्ग्रहमा सङ्गृहीत प्रायशः निबन्धहरूमा पृथ्वी विचारहरू अर्थात् पृथ्वी नारायण शाहले **दिव्योपदेशमा** प्रस्तुत गरेका विचारहरू संसारकै महत्त्वपूर्ण र महान विचारहरू हुन् भन्ने विषय प्रस्तुत गरिएको छ । यी विचारहरू व्यावहारिकताका दृष्टिले समेत उल्लेख्य छन् भन्ने विचार निबन्धकारको छ । यस सङ्ग्रहका निबन्धहरूको शीर्षक चयनको आधार पृथ्वी नारायण शाहको दिव्योपदेशलाई बनाइएको छ । वस्तुपरक भाषिक विन्यासमा आबद्ध यस सङ्ग्रहका निबन्धहरूका माध्यमबाट निबन्धकारले जातीय एकता, सिपमूलक शिक्षा, नेतृत्वको कुशलता, विधिमा आधारित शासन पद्धति, अन्याय रहित समाज

व्यवस्था, कृषि उत्पादनमा जोड, राष्ट्रिय सुरक्षा, भूयथार्थता अनुरूपको परराष्ट्र नीतिको अनुपालन आदि विषयहरू प्रतिपादन गर्ने प्रयत्न गरेका छन् । उक्त विषयहरूलाई अझ प्रभावकारी ढङ्गले पुष्टि गर्न निबन्धकारले दिव्योपदेशबाट प्रत्यक्ष उद्धरणहरूको समेत ग्रहण गरेका छन् । यस शोधकार्यमा यस सङ्ग्रहका निबन्धहरूको विश्लेषण विषय वस्तु, उद्देश्य र भाषाशैलीगत विन्यासका आधारमा गरिएको छ ।

### ५.८.१ विषय वस्तु

यस निबन्ध सङ्ग्रहमा जम्मा उनन्तिस वटा निबन्धहरू रहेका छन् । यी निबन्धहरूमा विषय वस्तुगत विविधता पाइन्छ । ‘सबै जातको फूलबारी, सबैको हक र हैसियत बराबरी’ यस निबन्ध सङ्ग्रहमा सङ्गृहीत प्रथम निबन्ध हो । वीर पुर्खाहरूले ठुलो दुख सहेर निर्माण गरेको विशाल नेपालमा धैरै जातिहरूको मिश्रण रहेको विचार यहाँ प्रस्तुत गरिएको छ । कुनै एक जातिको प्रभुत्व स्वीकार गर्न नसकिने भन्दै यो राष्ट्र सबै जातिको रहेको र सोही अनुरूप सबै जातिहरूले समान रूपमा हक पाउनु पर्ने विचार पृथ्वी नारायण शाहको रहेको थियो भन्ने धारणा यहाँ उल्लेख गरिएको छ । ‘सीप र प्रविधि सिकाऊ, दक्ष नागरिक बनाऊ’ निबन्धमा राष्ट्रको समृद्धिका लागि सिप र प्रविधिमूलक शिक्षामा जोड दिनु पर्ने विचार प्रस्तुत गरिएको छ । पृथ्वी विचारमा सिप र प्रविधिमूलक शिक्षामा जोड दिइएको पाइन्छ भन्ने निबन्धकारको विचार छ । प्राविधिक शिक्षामा महत्त्व दिएर जनतालाई बलियो बनाउन अग्रसर हुनु पर्ने विचार पृथ्वी नारायणमा रहेको थियो भन्ने धारणा प्रस्तुत गर्दै उनको विचारलाई व्यवहारमा उतार्न सबैले लागि पर्नु पर्ने विषय निबन्धमा प्रस्तुत गरिएको छ । ‘विश्वशान्तिका लागि अनाक्रमणको परराष्ट्र नीति’ शीर्षकीय निबन्धमा पृथ्वी नारायण शाहको राष्ट्रिय स्वाधीनतालाई बचाउन सक्ने विदेश नीति सम्बन्धी अवधारणालाई प्रस्तुत गरिएको छ । यहाँ अहस्थक्षेप र अनाक्रमणको नीतिमा आधारित पञ्चशीलको सिद्धान्तलाई पृथ्वी विचारले प्रत्यक्ष प्रभाव पारेको विषय प्रस्तुत गरिएको छ । पृथ्वी विचार द्वन्द्व र युद्धको नियन्त्रण गर्ने सिर्जनात्मक साधन हो भन्ने विचारको निरूपण यहाँ भएको छ । यदि पृथ्वी विचारलाई विश्व विचारका रूपमा प्रसारित गर्न सक्ने हो भने यो हाम्रो मुलुकका लागि गौरवको विषय हुन सक्ने विषय समेत प्रस्तुत गरिएको छ । ‘नेतृत्व असल हुनु र सहिदका परिवारलाई नबिर्सनु’ शीर्षकको निबन्धमा राष्ट्रलाई सही दिशामा रूपान्तरण गर्न सक्ने व्यक्तिले मात्र कुशल नेतृत्व प्रदान गर्न सक्छ भन्ने विषय प्रस्तुत गरिएको छ । राष्ट्र सङ्कट अवस्थामा परेको समयमा ज्यानको बलिदान दिने व्यक्ति सहिद हुने र राज्यले

उसको सम्मान सधैँ गरि रहनु पर्ने एवम् राज्यले उसको परिवारको समेत संरक्षण गरी सम्मान गर्नु पर्ने कुरा निबन्धमा प्रस्तुत गरिएको छ । यो पृथ्वी विचारको मूल विचारको रूपमा रहेको तर राज्यले त्यसलाई आत्मसात् गर्न नसकेका कारण सहिदहरूको भावनाको कदर हुन नसकेको विचार प्रस्तुत गरिएको छ । नेतृत्व राष्ट्रदेखि अन्तर्राष्ट्रियस्तरसम्म प्रभाव पार्ने क्षमताको हुनु पर्ने विचार दिव्योपदेशमा उल्लेख गरिएका कारण पृथ्वी विचार सार्वदेशिक विचारका रूपमा स्थापित हुन पुगेको धारणा यहाँ निरुपित छ । 'हरक्षेत्रमा इमानदार र बहुजातीयलाई जिम्मेवारी देऊ'शीर्षकको निबन्धमा पृथ्वी विचार जनमुखी राजनीति र प्रशासनका पक्षमा दृढ रहेको विषय प्रस्तुत गरिएको छ । योग्य र इमानदारको प्रतिनिधित्व भयो भने मात्रै राज्यका अनेक क्षेत्रको सही विकास हुने विषयको प्रकटीकरण यसमा भएको छ । षड्यन्त्रकारीहरूले राष्ट्रलाई दूर खाडलमा लैजाने भएकाले त्यसलाई सधैँ निषेध गर्नु पर्ने पृथ्वी विचार यहाँ प्रकटित छ । पृथ्वी नारायण शाह एकाधिकारवाद र एक जातीयतावादका विरोधी थिए भन्ने कुरालाई दिव्योपदेशमा प्रस्तुत विचारलाई साक्ष्यका रूपमा लिएर प्रस्तुत गरिएको छ । 'थिति बाँध्नु विधिले शासन चलाउनु' शीर्षकको निबन्धमा नेतृत्व अराजक भए विधिको शासनको अवसान हुने विचार पृथ्वी नारायणको रहेको थियो भन्दै विधि सम्मत तरिकाले शासन चलाउनु पर्ने विषय यस निबन्धमा प्रस्तुत गरिएको छ । लेखकले उनको यही विचारलाई आधुनिक कानुनी राज्यको अवधारणा भनेका छन् । यसरी न्यायशास्त्र बमोजिम राज्य सञ्चालन गर्नु भन्ने कथन पृथ्वी नारायण शाहको विचार अहिलेका सन्दर्भमा निकै सान्दर्भिक रहेको कुरा नै प्रस्तुत निबन्धको मुख्य विषय हो । 'राजस्व सङ्कलन गर हिनामिना नगर' शीर्षकको निबन्धमा पृथ्वी विचारले राजस्व सङ्कलन गर्नु भनेको राष्ट्रलाई आर्थिक हिसाबले बलियो बनाउनु हो भन्ने विषय प्रस्तुत गरिएको छ । भन्सारलाई आम्दानीको सन्सार बनाउने, बेरुजु बढाउने र स्रेस्ता मिलाएर खान पल्केकाहरू राष्ट्र विरोधी हुन् भन्ने पृथ्वी विचारलाई यस निबन्धमा प्रस्तुत गरिएको छ । 'स्वधर्मको पालन गर सञ्चारको विकास गर' शीर्षकको निबन्धमा पृथ्वी विचारले धार्मिक स्वतन्त्रतामा जोड दिएको विषय प्रस्तुत गरिएको छ । पृथ्वी नारायण शाह स्वयम्मा हिन्दू धर्मप्रति आस्थावान थिए यद्यपि उनले नेपाललाई बहुधार्मिक मुलुकका रूपमा प्रस्तुत गर्न चाहेको कुरा यहाँ प्रस्तुत गरिएको छ । पृथ्वी विचारले जनताको चेतनास्तरको विकासका निम्ति निरन्तर रूपमा जनसम्पर्क भइ रहनु पर्ने र सञ्चारको उपयुक्त नीतिको विकासमा जोड दिएको विषय समेत यहाँ प्रस्तुत छ । इतिहासका हरेक तथ्यहरूलाई हरेक

पुस्ताहरूमा विस्तार गदै जानु पर्ने कुरा प्रस्तुत गर्दै सञ्चारलाई सार्वकालिक महत्त्वको विषयका रूपमा प्रस्तुत गर्ने कार्य पृथ्वी विचारले गरेको छ भन्ने विचार निबन्धकारको देखिन्छ। 'अन्याय रहित समाज व्यवस्था सुनिश्चित गर' शीर्षकको निबन्धमा राजा, सरकार, पार्टी वा समाजले गर्ने अन्याय एउटै हो भन्दै अन्याय रहित समाज व्यवस्था निर्माण गरिनु पर्ने पृथ्वी विचारलाई निकै महत्त्वका साथ प्रस्तुत गरिएको छ। अन्याय कसरी भइ रहेको छ र त्यसको सूक्ष्म रूपमा खोजी गरिनु पर्ने र राज्य सञ्चालनमा संलग्न व्यक्तिहरूबाटै राज्यातङ्क सिर्जना हुने गरेकोप्रति सचेत रहनु पर्ने विचारलाई पृथ्वी विचारले महत्त्वका साथ अगाडि सारेको विषय निबन्धमा प्रस्तुत गरिएको छ। 'घुस र भ्रष्टाचारमाथि चोटिलो प्रहार गर' शीर्षकको निबन्धमा भ्रष्टाचार नियन्त्रणका विषयमा पृथ्वी विचारले जुन विचार प्रस्तुत गरेको छ यो नेपालका लागि मात्र नभएर विश्वव्यापी रूपमा भ्रष्टाचार नियन्त्रण गर्नका लागि उपयुक्त विचार रहेको विषय प्रस्तुत गरिएको छ। विश्वलाई घुस र भ्रष्टाचारले आर्थिक, सामाजिक, राजनैतिक तथा प्रशासनिक क्षेत्रमा अराजकता निम्त्याएको छ भन्दै त्यसलाई तह लगाउनका लागि पृथ्वी विचार बलियो वैचारिक हतियार भएको र विश्वमा यस्तो विचार कतै पनि नपाइने धारणा समेत यहाँ प्रस्तुत गरिएको छ। २०३६ सालपछि भ्रष्टाचारले नेपाललाई नराम्ररी समातेको र त्यसले २०४६ सालपछि अझ विस्तृत रूप लिएको विषय समेत निबन्धमा प्रस्तुत गदै पृथ्वी विचारलाई ग्रहण गरेर त्यसको सार्थक निराकरणका लागि सक्रिय हुनु पर्ने कुरा समेत निबन्धको विषय बनेर प्रस्तुत भएको छ। 'शोषण गर्ने विदेशीलाई देशभित्र आउन नदेऊ' शीर्षकको निबन्धमा राष्ट्रिय स्वाधीनता सबैभन्दा महत्त्वपूर्ण विषय हो भन्ने विचार पृथ्वी विचारले अघि सारेको छ। पृथ्वी नारायण शाहको यही विचार र राजनैतिक कुशलताका कारण अङ्ग्रेजले भारतलाई अधीनस्थ बनाउन सकेको तर नेपाललाई बनाउन नसकेको विचार निबन्धकारले अघि सारेका छन्। पृथ्वी विचारमा परतन्त्रविरोधी स्वाधीन अर्थतन्त्रसम्बन्धी मान्यता रहेको हुनाले नेपाली स्वतन्त्रता र स्वाधीन अर्थतन्त्रको आधार पृथ्वी विचार रहेको विषय निबन्धमा प्रस्तुत गर्दै उक्त विचारको सही अनुपालन गर्न आग्रह समेत गरिएको छ। 'स्वदेशी श्रम, सीप र उत्पादनको उपयोग गर' शीर्षकको निबन्धमा स्वदेशवादी आर्थिक नीति पृथ्वी नारायण शाहले अघि सारेका हुन भन्ने विषय प्रस्तुत गरिएको छ। स्वदेशी उत्पादनमा जोड दिई राष्ट्रिय अर्थतन्त्रलाई बलियो बनाउनु पर्ने विचार समेत प्रस्तुत गरिएको छ। 'निर्यात गर विदेशी मुद्रा आर्जन गर' निबन्धमा पनि पूर्वोक्त निबन्धमा प्रस्तुत विषयलाई नै प्रस्तुत गरिएको छ। विदेशी

सामग्रीको आयातलाई सकेसम्म निषेध गरी स्वदेशी सामग्री उत्पादन गरेर निर्यात गरी राष्ट्रिय अर्थतन्त्र बलियो बनाउनु पर्ने कुरा पृथ्वी विचारको मूल मर्म रहेको विषय यस निबन्धमा प्रस्तुत गरिएको छ । विदेशी मुद्रालाई भित्र्याउन सकियो भने मात्रै राज्य सम्पन्न बन्न सक्ने धारणा पृथ्वी विचारमा अन्तर्निहित रहेको धारणासमेत निबन्धको विषय बनेर आएको देखिन्छ । जडीबुटी, नेपालको जैविक विविधता, देशको भूबनोट अनुकूलको उत्पादन र निर्यातयोग्य प्राकृतिक उपहार हो र यिनको सही अनुसन्धान गरेर यिनको उपयोग गर्न सकेमा नगद निर्यात हुन सक्ने धारणा पृथ्वी विचारमा निबद्ध रहेको हुनाले त्यसलाई हामीले आत्मसात् गर्नु पर्ने विचार यहाँ प्रस्तुत गरिएको छ । 'राज्यको शक्ति भनेको नै जनता हो' भन्ने निबन्धमा पृथ्वी विचारले जनतालाई शक्तिको प्रमुख स्रोत रहेको र राज्य जनताप्रति सधैँ उत्तरदायी हुनु पर्ने विचार अघि सारेको कुरा प्रमुख विषय बनेर आएको देखिन्छ । पृथ्वी नारायण शाहले दरबार भनेको केवल प्रतीक मात्रै भएको र नेतृत्वशक्ति भनेकै जनताको शक्ति हो भन्ने  विचार अघि सारेको विषय यहाँ प्रस्तुत गएिको छ । प्रजातन्त्रवादी र राष्ट्रवादी हुनका लागि जनतालाई बलियो शक्ति मान्दै उनीहरूकै हित अनुकूल शासन सञ्चालन गर्नु पर्ने विचार पृथ्वी विचारको मूल मर्म रहेको धारणा यहाँ प्रस्तुत गरिएको छ । 'कृषि उत्पादन बढाऊ, खानी खोजी अभियान चलाऊ' निबन्धमा व्यवस्थित कृषि क्षेत्रसम्बन्धी पृथ्वी नीतिका विषयमा चर्चा गरिएको छ । कृषिभूमि बचाउन पृथ्वी विचारले महत्त्वपूर्ण विचार अघि सारेको छ र कृषिक्षेत्र छुट्याउन र कृषिक्षेत्रलाई बस्तीमुक्त बनउन यहाँ जोड दिएको छ भन्ने विषयसमेत यहाँ प्रतिपादित छ । यस विचारले विश्वभर दीर्घकालीन वैज्ञानिक पद्धति सम्बन्धी कृषि योजनाको माग गरेको कुरालाई यहाँ प्रस्तुत गरिएको छ । 'जनमतको कदर गर, प्रजातन्त्रमा विश्वास गर' निबन्धमा पृथ्वी विचारलाई नेपालको पहिलो प्रजातान्त्रिक विचार र व्यवहार हो भन्ने निबन्धकारको धारणा अभिव्यक्त भएको  छ । नेपालको एकीकरण संभव हुनुका पछाडि यही धारणाले प्रमुख भूमिका निभाएको विषय यहाँ प्रस्तुत छ । राज्य सञ्चालनको प्रमुख स्रोत र शक्ति जनता नै भएकाले जनमतको कदर गरिनु पर्छ भन्ने पृथ्वी विचार अहिले पनि उत्तिकै सान्दर्भिक रहेको कुरा नैबन्धिक विषय बनेर आएको छ । प्रजातन्त्रका सेनानीका रूपमा रहेका विश्व राजनेताहरूलाई पृथ्वी विचारले सम्यक् रूपमा प्रभाव पारेको धारणा समेत यहाँ प्रस्तुत गरिएको छ । 'सुरक्षा बन्दोबस्तलाई उच्च प्राथमिकता देऊ' निबन्धमा पृथ्वी नारायण शाह नेपालको सामरिक महत्त्वलाई बुझ्ने कुशल राष्ट्र नायक थिए भन्ने विषय प्रस्तुत गरिएको

छ । राष्ट्रिय सुरक्षाका विषयमा सधैँ सचेत रहनु पर्ने र सुरक्षा सङ्गठन चुस्त र दुरुस्त पार्न सधैँ सक्रिय रहनु पर्ने विचार यहाँ प्रस्तुत गरिएको छ । 'वातावरण जोगाएर आम्दानी बढाऊ' निबन्धमा पृथ्वी विचार विविधताले भरिएको नेपाली वातावरणको संरक्षणमा सचेत रहेको विचार प्रस्तुत गरिएको छ । जडीबुटी र वनको व्यापक विस्तार यहाँ रहेको हुनाले यिनको सुरक्षा गर्ने अनि यिनको उपयुक्त तरिकाले निर्यात गर्ने हो भने विदेशी मुद्रा सजिलै आर्जन गर्न सकिने धारणा पृथ्वी विचारले प्रस्तुत गरेको विचार अनुकरणीय रहेको धारणा यहाँ प्रस्तुत गरिएको छ । यसरी पृथ्वी विचारले वनजङ्गलको संरक्षणको विषयलाई अघि सारेर वातावरण संरक्षण गरी राष्ट्रिय आम्दानी बढाउनु पर्ने कुरा अघि सारेको विषय नै यस निबन्धको प्रमुख विषय बनेर आएको छ । 'राष्ट्रिय सुरक्षा र परिचयका लागि आफ्नो संस्कृतिको रक्षा गर' निबन्धमा पृथ्वी विचारले स्वदेशी संस्कृति समग्र नेपालीहरूको पहिचानको विषय भएकाले राष्ट्रिय सुरक्षाको महत्त्वपूर्ण विषयका रूपमा यसलाई लिइनु पर्छ भनेको कुरालाई प्रस्तुत गरिएको छ । आयातीत विदेशी संस्कृतिबाट दूर रहेर हामीले हाम्रै संस्कृतिमा रमाउने संस्कृतिको विकास गर्नु पर्छ भन्ने पृथ्वी विचार महत्त्वपूर्ण रहेको कुरा यहाँ प्रस्तुत गरिएको छ । विविधताबिचको एकता नै नेपाली संस्कृतिको विशेषता भएको र यसरी विकसित साझा संस्कृतिको संरक्षण सबैभन्दा महत्त्वपूर्ण हुने विचार समेत प्रस्तुत गरिएको छ । 'जनताको साथ लिने, उपनिवेशवादीलाई धपाउने' निबन्धमा अङ्ग्रेज उपनिवेशवादीलाई पराजयको स्वाद चखाउने पहिलो एसियाली नेता पृथ्वी नारायाण शाह थिए भन्ने विचार प्रस्तुत गरिएको छ । कतिपयले पृथ्वी नारायण शाहलाई विस्तारवादी नेताको रूपमा चिनाउने गरेको सन्दर्भ अघि सार्ने गरेकोप्रति निबन्धकारको विमति रहेको छ । उनले विभिन्न राज्यमा छरिएर रहेको विविधतापूर्ण नेपाली संस्कृतिलाई एकै ठाउँमा एकीकृत गरेका हुन् भन्ने विषयको प्रतिपादन यहाँ भएको छ । यसरी पृथ्वी नारायण शाह युद्ध, कुटनीति, वार्ता आदिका माध्यमबाट जनताको उल्लेख्य साथ लिएर उपनिवेशवादी विरोधी नेताका रूपमा परिचित बन्न पुगी नेपाललाई स्वतन्त्र राख्न सक्षम बन्न पुगेको कुरा नै निबन्धको प्रमुख विषय रहेको छ । 'भूयथार्थको परराष्ट्रनीति पालना गर' मित्रराष्ट्रहरूसँग उचित नीति अवलम्बन गर्ने सन्दर्भमा पृथ्वी विचार मेरुदण्ड नै रहेको विषय यहाँ प्रस्तुत गरिएको छ । निबन्धकारले विदेश नीतिका सम्बन्धमा यो विचार आदि विचारका रूपमा समेत रहेको धारणा प्रस्तुत गरेका छन् । दुई विशाल राष्ट्रहरूका बिचमा रहेको हाम्रो राज्यले असंलग्न परराष्ट्र नीतिको अवलम्बन गरेर हिँड्नु पर्ने उनको विचार अहिले पनि

उत्तिकै सान्दर्भिक रहेको विषय यहाँ प्रस्तुत गरिएको छ । यस सन्दर्भमा पृथ्वी विचार व्यवहारवाद र दूरदर्शिताको प्रमाण पनि हो भन्ने धारणा निबन्धकारको रहेको छ । 'प्रजातन्त्र र सुरक्षाका अङ्गहरूलाई मिलाएर लैजाऊ' निबन्धमा सुरक्षा र प्रजातन्त्र सम्बन्धी पृथ्वी विचार सार्वकालीन रहेको धारणा प्रस्तुत गरिएको छ । नेपाल एकीकरण जनताको उच्च सहभागिता र सेनाको कुशलतापूर्वक परिचालनबाट सम्पन्न भएको हुनाले जनता र सेनाको समन्वयकारी भूमिकाबाट राज्य सञ्चालन गर्नु पर्ने हुन्छ भन्ने विचार उनको थियो भन्ने विषय यस निबन्धमा प्रस्तुत गरिएको छ । सेनालाई मात्र महत्त्व दिएर अघि बढियो भने तानाशाही जन्मिन सक्ने र जनतालाई मात्रै महत्त्व दिएर सेनाको उपेक्षा गरियो भने सुरक्षा र अनुशासन कमजोर बन्न पुगी अराजकता र अस्थीरता निम्तिन सक्ने पृथ्वी विचारले प्रस्तुत गरेको धारणा अहिलेका सन्दर्भमा पनि उत्तिकै सान्दर्भिक रहेको विचार यस निबन्धको प्रमुख विषय हो । 'उचित तलब देऊ भ्रष्ट हुन नदेऊ' निबन्धमा पृथ्वी नारायण शाहको विचार असल शासनको मूल आधार हो भन्ने विषयलाई प्रस्तुत गरिएको छ । राज्यका सेवकका रूपमा रहेका कर्मचारीहरूलाई उचित तलव दिनु पर्ने र भ्रष्टाचारजन्य गतिविधिमा संलग्न हुन दिनु नहुने धारणा प्रस्तुत गरिएको छ । कर्मचारी पैसामुखी नभएर सेवामुखी हुनु पर्ने विचार प्रस्तुत गरिएको छ । यसका साथै राज्यले कर्मचारीको मनोबल उच्च राख्नु पर्ने धारणा पृथ्वी विचारको महत्त्वपूर्ण विषय रहेको कुरा यहाँ प्रस्तुत गरिएको छ । 'उत्तरतिर बाटो खोल ल्हासादेखि लुम्बिनी जोड' नेपालको समृद्धि, व्यापार र सुरक्षालाई सुदृढ बनाउनका लागि उत्तरतिर बाटो खोली उत्तरतिरको छिमेकी सम्बन्धलाई राम्ररी अघि बढाउनु पर्ने विषय यस निबन्धमा प्रस्तुत गरिएको छ । उत्तर र दक्षिण दुबैतिर सम्बन्ध राम्रो बनाइ राख्नका लागि उत्तरदक्षिण जोड्ने मार्ग बनाउन ध्यान दिनु पर्ने पृथ्वी विचार यहाँ प्रस्तुत छ । पृथ्वी नारायण शाहले राखेको प्रस्तुत विचार दूरगामी रहेको देखिन्छ जसको महत्त्व अहिले पनि उत्तिकै रहेको छ भन्ने विषय यहाँ प्रस्तुत गरिएको छ ।

### ५.८.२ उद्देश्य

निबन्धकार खगेन्द्र सिटौलाको **पृथ्वीविचार र व्यवहार** निबन्ध सङ्ग्रहमा सङ्गृहीत निबन्धहरू जातीय एकता, सिपमूलक शिक्षा, नेतृत्वको कुशलता, विधिमा आधारित शासन पद्धति, अन्याय रहित समाज व्यवस्था, कृषि उत्पादनमा जोड, राष्ट्रिय सुरक्षा, नेपाली स्वदेशी मौलिक संस्कृति, भूयथार्थता अनुरूपको परराष्ट्र नीतिको अनुपालन आदि

विषयहरूसँग सम्बन्धित रहेका छन् । पृथ्वी नारायण शाहले **दिव्योपदेश** मा अभिव्यक्त गरेको विचारलाई उपर्युक्त विषयहरूको चयनको आधार बनाएर नेपालको राजनैतिक, सांस्कृतिक, धार्मिक, जातिगत स्थितिका बारेमा प्रकाश पार्ने उद्देश्य निबन्धकारको रहेको देखिन्छ । यससँगै नेपालको भूसामरिक स्थिति, राष्ट्रिय सुरक्षाका लागि अपनाइनु पर्ने उपायहरू, प्रशासनिक सुदृढीकरणका विषयमा पृथ्वी नारायण शाहले अभिव्यक्त गरेका विचारहरूलाई अहिलेका सन्दर्भमा पनि उत्तिकै महत्त्वका साथ उपयोग गर्न सकिने उद्देश्यका साथ प्रस्तुत निबन्ध सङ्ग्रहको रचना भएको देखिन्छ । पृथ्वी नारायण शाहको दिव्योपदेशमा रहेका विचारहरू दूरगामी रूपमा सकारात्मक प्रभाव पार्ने प्रकृतिका रहेका र तिनलाई पृथ्वी विचारका रूपमा ग्रहण गरी निबन्धकारले वर्तमान नेपालले विभिन्न सन्दर्भमा उपयुक्तताका साथ ग्रहण गर्नु पर्ने विचार निबन्धहरूका माध्यमबाट प्रस्तुत गरेका छन् ।

आर्थिक र राजनैतिक रूपमा अस्थिर बन्दै गएको वर्तमान नेपालको स्थीरता र विकासका निम्ति पृथ्वी विचारले मार्ग निर्देशनको कार्य गर्न सक्ने आशय निबन्धात्मक रचनाका माध्यबाट निबन्धकारले प्रस्तुत गरेका छन् । राजनैतिक सङ्क्रमणशीलताले राष्ट्रिय अर्थनीतिमा प्रत्यक्ष प्रभाव पारेको वर्तमान नेपालका सन्दर्भमा राजनैतिक स्थिरता र आर्थिक विकासका विषयमा पृथ्वी नारायण शाहले प्रस्तुत गरेका विचारले महत्त्वपूर्ण भूमिका निभाउने विचार निबन्धकारको रहेको देखिन्छ । देशको हालको राजनैतिक अस्थिरताको कारक उपयुक्त नेतृत्वको अभावका कारण हो र त्यसले आर्थिक उन्नतिको बाटो समेत बन्द गरि रहेको छ भन्ने देखाउनु निबन्धकारको लक्ष्य देखिन्छ । 'नेतृत्व असल हुनु र सहिदका परिवालाई नबिर्सनु', 'राजस्व सङ्कलन गर, हिनामिना नगर', 'घुस र भ्रष्टाचारमाथि चोटिलो प्रहार गर' आदि निबन्धका माध्यमबाट राज्यमा कसरी राजनैतिक स्थिरता निर्माण गर्न सकिन्छ भन्ने कुरा प्रस्तुत गरेका छन् । राजनैतिक स्थिरता निर्माण गर्न सकियो भने मात्र सार्थक राजनैतिक संस्कारको निर्माण गर्न सकिन्छ भन्ने उद्देश्य यी निबन्धहरूमार्फत प्रस्तुत गर्न खोजिएको छ । अहिले राज्यमा राज्यका हरेक संयन्त्रमा घुस, भ्रष्टाचार लगायतका विकृत प्रवृत्तिहरूको विकास हुँदै गएको र त्यसले राज्यलाई खोक्रो बनाउँदै लगेकाप्रति निबन्धकार सचेत छन् र त्यसैको अभिव्यक्ति निबन्धका माध्यमबाट प्रस्तुत गर्ने प्रयत्न गरेका छन् । राज्यको यस्तो विकृतिको निराकरणका लागि पृथ्वी विचारलाई गहिरिएर अङ्गीकार गर्नु पर्ने विचार यी निबन्धहरूमा प्रस्तुत गर्न खोजिएको छ ।

**पृथ्वीविचार र व्यवहार** निबन्ध सङ्ग्रहमा निबद्ध कतिपय निबन्धहरूमा नेपालको सांस्कृतिक, जातीय र धार्मिक विविधताको सन्दर्भलाई समेत प्रस्तुत गर्दै हरेक विविधताबिच एकता कायम गर्न पृथ्वी विचार मुख्य मार्ग दर्शक हुन सक्ने विषयलाई प्रस्तुत गर्नु निबन्धकारको प्रमुख उद्‌देश्य रहेको देखिन्छ । अहिले धर्म र जातीयताका नाममा राष्ट्रलाई विखण्डनतिर लाने विभिन्न सङ्केतहरू देखा परि रहेको सन्दर्भलाई परोक्ष रूपमा प्रस्तुत गर्दै विभाजन हुन नदिन पृथ्वी विचारलाई अङ्गीकार गर्नु पर्ने सारवस्तुलाई 'स्वधर्मको पालन गर,' 'सञ्चारको विकास गर,' 'थितिले बाँध्नु, विधिले शासन चलाउनू' जस्ता निबन्धहरूमा प्रस्तुत गरिएको छ । त्यसैगरी यहाँ विदेशी संस्कृतिलाई अन्धानुकरण गर्ने कार्य भइ रहेको छ । यसले हाम्रो पहिचानलाई निरन्तर रूपमा समाप्त गर्ने कार्य गरि रहेको छ । यसतर्फ नेपालीहरू सचेत हुनु अनिवार्य छ भन्ने आशय विभिन्न निबन्धहरूका माध्यमबाट प्रस्तुत गरिएको छ । नेपालको सांस्कृतिक विविधतालाई अझ दह्रो बनाएर नेपाली संस्कृतिको विकास गर्न पृथ्वी नारायण शाहले अघि सारेका विचारहरूको आत्मसात् गर्नु पर्छ भन्ने विचार निबन्धकारले प्रस्तुत गर्न चाहेको देखिन्छ । 'शोषण गर्ने विदेशीलाई देशभित्र आउन नदेऊ,' 'हर क्षेत्रमा इमानदार र बहुजातीयलाई जिम्मेवारी देऊ' आदि निबन्धहरूले उपर्युक्त सन्देश दिने कार्य गरेका छन् । अहिले राष्ट्र राजनैतिक दृष्टिले सङ्क्रमणशीलताबाट अघि बढि रहेका कारण नेपालमाथि प्रभुत्व जमाउन चाहने कतिपय बिदेशी राष्ट्रहरूले परोक्ष रूपमा उपनिवेशवादी सोच लादि रहेको प्रति निबन्धकार संवेदनशील छन् र यसबाट राष्ट्रलाई स्वतन्त्र बनाउन पृथ्वी विचारलाई व्यावहारिक रूपमा आत्मसात् गरिनु पर्ने सन्देश 'शोषण गर्ने विदेशीलाई देशभित्र आउन नदेऊ,' 'सुरक्षा बन्दोबस्तलाई उच्च प्राथमिकता देऊ' आदि निबन्धहरूका माध्यमबाट प्रस्तुत गरिएको छ । राजनैतिक अस्थिरताका कारण देशको आर्थिक उन्नति हुन नसकेको सन्देश दिने कार्य निबन्धकारले गरेका छन् भने सार्थक राष्ट्रिय आर्थिक उन्नतिका निम्ति पृथ्वी विचारले भने अनुसार आन्तरिक स्रोत र साधनको अधिक उपयोग गर्नु पर्ने आशयसमेत निबन्धमा प्रस्तुत भएको देखिन्छ । यसरी नेपाललाई राजनैतिक, सांस्कृतिक, अर्थिक हिसाबले बलियो बनाएर अगाडि बढाउन पृथ्वी विचारले प्रमुख वैचारिक साधनको कार्य गर्ने सन्देश प्रायः निबन्धहरूका माध्यमबाट निबन्धकारले प्रस्तुत गरेका छन् । त्यसैगरी सिपमूलक शिक्षामा पृथ्वी विचारले विशेष जोड दिएको कुरा उल्लेख गर्दै राज्यले त्यसतर्फ विशेष ध्यान नदिने हो भने राज्यको विकास हुन नसक्ने सन्देश निबन्धमा प्रस्तुत गर्न खोजिएको छ । अन्याय रहित समाज व्यवस्थाको निर्माण र

प्रजातान्त्रिक शासन व्यवस्थाप्रतिको पृथ्वी नारायण शाहको दृढतालाई प्रस्तुत गर्ने निबन्धकारको चाहना रहेको देखिन्छ । यसका साथै प्रशासनिक सुदृढीकरण तथा प्रजातान्त्रिक र सुरक्षासम्बद्ध उनको विचार नेपाललाई समृद्ध बनाउन अहिले पनि उत्तिकै सक्षम रहेको आशय निबन्धकारको देखिन्छ । नेपालको विविधतापूर्ण वातावरणलाई उपयोग गरेर समृद्ध नेपालको निर्माण गर्न सकिने बारेमा पृथ्वी विचारले जुन अवधारणा अघि सारेको छ त्यसको अधिक उपयोग गरी राष्ट्रिय अर्थतन्त्रलाई अझ मजबुत बनाउन सकिने विचार समेत निबन्धकारले प्रस्तुत गरेका छन् ।

### ५.८.३ भाषिक विन्यास

निबन्धकार खगेन्द्र सिटौलाको प्रस्तुत सङ्ग्रहमा सङ्गृहीत निबन्धहरूको भाषा सरल, सहज र प्रभावकारी रहेको छ । पृथ्वी नारायण शाहको दिव्योपदेशमा अन्तर्निहित विचारलाई नै अझ प्रभावकारी ढङ्गले निरूपण गर्ने सन्दर्भमा उक्त रचनामा रहेका उद्धरणहरूलाई प्रत्यक्ष रूपमा यहाँ प्रस्तुत गरिएको छ । विषयको प्रतिपादनमा यिनको भूमिका महत्त्वपूर्ण रहेको छ । प्रस्तुत सङ्ग्रहमा रहेका निबन्धात्मक रचनाहरूमा सरल, संयुक्त र मिश्र तिनै प्रकृतिका नेपाली वाक्यात्मक ढाँचाहरूको प्रयोग भएको पाइन्छ । सरल वाक्यहरूको न्यून प्रयोग भेटिन्छ भने संयुक्त प्रकृतिका वाक्यहरूको प्रयोग अधिक रहेको पाइन्छ । यसका साथै जटिल वाक्यहरूको समेत प्रयोग देखिन्छ । प्रस्तुत सङ्ग्रहका निबन्धहरूका प्रायशः शीर्षकहरू वाक्यात्मक ढाँचाका रहेका छन् । त्यसै गरी तिनीहरू अर्थगत दृष्टिले आज्ञार्थपरक देखिन्छन् भने कतिपय निबन्धात्मक शीर्षकहरू पदावलीस्तरका रहेका छन् । शब्द भण्डारका दृष्टिले यस सङ्ग्रहका निबन्धहरूमा तत्सम, तद्भव र आगन्तुक गरी तिनै थरीका शब्दहरूको सार्थक प्रयोग भएको पाइन्छ । तद्भव शब्दहरूको आधिक्य प्रयोग भएको पाइन्छ । निबन्धको विषय संसारभन्दा बाहिर बसेर समग्र विषय वस्तुको प्रतिपादन गरिएकाले सम्पूर्ण निबन्धहरूमा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको देखिन्छ । निबन्धात्मक विषय वस्तुलाई प्रस्तुत गर्न निबन्धकारले वर्णनात्मक र व्याख्यात्मक शैलीको प्रयोग गरेका छन् ।

### ५.९ निष्कर्ष

**पृथ्वीविचार र व्यवहार** खगेन्द्र सिटौलाको एक मात्र चिन्तन प्रधान निबन्ध सङ्ग्रह हो । प्रस्तुत निबन्ध सङ्ग्रहमा निबन्धकारले राष्ट्रहित र राष्ट्रियतासँग गाँसिएका विभिन्न सन्दर्भहरूलाई निबन्धहरूको केन्द्रीय विषय वस्तु बनाएका छन् । लेखकले प्रजातान्त्रिक

चिन्तनलाई नेपाली राष्ट्रियताको धरातलमा उपयुक्त हुने गरी प्रस्तुत गरेका छन् । उक्त प्रजातान्त्रिक चिन्तनको प्रामाणिकताका लागि पृथ्वी नारायण शाहले दिव्योपदेशमा प्रस्तुत गरेका विचारहरूलाई प्रमुख रूपमा ग्रहण गरेका छन् । नेपालको माटोमा कस्तो प्रजातान्त्रिक शासन व्यवस्था आवश्यक छ भन्ने कुराका लागि पृथ्वी विचारले अघि सारेका विचारहरूको राम्ररी अध्ययन गर्नु पर्ने विषय निबन्धमा प्रस्तुत गरिएको छ । विशेषतः यस सङ्ग्रहका निबन्धहरूमा जातीय एकता, सिपमूलक शिक्षा, नेतृत्वको कुशलता, विधिमा आधारित शासन पद्धति, अन्याय रहित समाज व्यवस्था, कृषि उत्पादनमा जोड, राष्ट्रिय सुरक्षा, नेपाली स्वदेशी मौलिक संस्कृति, भूयथार्थता अनुरूपको परराष्ट्र नीतिको अनुपालन आदि विषयहरूलाई प्रमुखताका साथ प्रस्तुत गरिएको छ । पृथ्वी नारायण शाहले  दिव्योपदेशमा व्यक्त गरेका विचारहरूलाई प्रमुख आधार बनाएर उपर्युक्त विषयहरूका बारेमा निबन्धकारले आफ्ना धारणाहरू प्रस्तुत गरेका छन् । वर्तमान नेपालको राजनैतिक अस्थिरताका कारण राष्ट्रिय अर्थतन्त्र कमजोर बन्दै गएको एवम् राजनैतिक विकृतिका कारण नेपालमा जातीय, धार्मिक र साँस्कृतिक विभाजनको स्थिति देखिँदै गएको प्रति निबन्धकार सचेत छन् र त्यसको उपयुक्त समाधानका लागि पृथ्वी विचारलाई व्यावहारिक रूपमा आत्मसात् गरिनु पर्ने सन्देश समेत दिने कार्य गरेका छन् । त्यसैगरी सिपमूलक शिक्षा, नेतृत्वका लागि आवश्यक गुणहरू, सञ्चारको विकासको आवश्यकता, विविधतापूर्ण नेपाली वातावरणको उपयोग लगायतका विषयहरू समेतको प्रस्तुतीकरण गर्नु निबन्धकारको प्रमुख उद्देश्य रहेको छ । यसका लागि पृथ्वी विचारलाई प्रमुख आधार बनाइएको  छ । यस सङ्ग्रहमा सङ्गृहीत निबन्धहरूको भाषा सहज, सरल, स्पष्ट, प्रभावकारी रहेको छ । चिन्तन प्रधान निबन्धात्मक रचानाहरू रहेका छन् भने तिनको भाषा सोही अनुरूप वस्तुपरक रूपमा विन्यास गरिएको छ एवम् कलात्मकताका हिसाबले भने निबन्धहरू कमजोर रहेका छन् । विषय वस्तुलाई प्रतिपादन गर्ने सन्दर्भमा निबन्धहरूमा आवश्यकता अनुरूप वर्णनात्मक र व्याख्यात्मक शैलीको प्रयोग गरिएको छ ।

परिच्छेद छ

# सारांश र निष्कर्ष

**खगेन्द्र सिटौलाको जीवनी, व्यक्तित्व र कृतित्व** शीर्षकको प्रस्तुत शोधकार्यका कुन परिच्छेदमा के कस्तो कार्य गरिएको छ तिनको सारसङ्क्षेप खिच्नुका साथै यस शोधकार्यको समग्र निष्कर्ष समेत यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

## ६.१ सारांश

**खगेन्द्र सिटौलाको जीवनी व्यक्तित्व र कृतित्व** शीर्षकमा तयार पारिएको प्रस्तुत शोधपत्रमा जम्मा छ परिच्छेद रहेका छन् । यस शोधपत्रको पहिलो परिच्छेदमा शोध परिचय दिइएको छ । यसमा विषय परिचय, समस्या कथन, उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य, शोधविधि र शोधको रूपरेखा जस्ता उपशीर्षकहरूमा शोध परिचयलाई व्यवस्थित ढङ्गमा प्रस्तुत गरिएको छ ।

यस शोधपत्रको दोस्रो परिच्छेदमा खगेन्द्र सिटौलाको जीवनी प्रस्तुत गरिएको छ । यस परिच्छेदमा विषय परिचय, वंश परम्परा, जन्म र जन्मस्थान, बाल्यावस्था, शिक्षादीक्षा, उपनयन, विवाह, सन्तान, दाजुभाइ, दिदी बहिनी, आर्थिक स्थिति, व्यक्तिगत रुचि तथा स्वभाव, मानसिक आघात र वियोगका क्षणहरू, सन्तुष्टि र ग्लानिका क्षणहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा गरेका कार्यहरू, जागिरे जीवन, जेल जीवन, स्रष्टा जीवन, लेखन प्रेरणा र प्रभाव, बसोबास, दिनचर्या, भ्रमण, सम्मान तथा पुरस्कार, निष्कर्ष जस्ता शीर्षकहरूमा सिटौलाको समग्र जीवनीमाथि गहन रूपमा प्रकाश पारिएको छ । यस परिच्छेदमा जीवनीपरक समालोचनालाई आधार मानेर अन्तर्वार्ताबाट प्राप्त तथ्यहरूको विश्लेषण गरी सिटौलाको जीवनीको पाटोलाई प्रकाश पारिएको छ ।

प्रस्तुत शोधपत्रको तेस्रो परिच्छेदमा खगेन्द्र सिटौलाको व्यक्तित्व प्रस्तुत गरिएको छ । यस सिलसिलामा सिटौलाको व्यक्तित्वका विभिन्न पाटाहरूको अध्ययन गरिएको छ । यस परिच्छेदमा विषय परिचय, निजी व्यक्तित्व, सम्पादक व्यक्तित्व, बाह्य व्यक्तित्व, आन्तरिक व्यक्तित्व, सार्वजनिक व्यक्तित्व, जीवनी व्यक्तित्व र साहित्य सिर्जनाबिच अन्तः सम्बन्ध, निष्कर्ष जस्ता शीर्षकहरूमा सिटौलाको समग्र व्यक्तित्वलाई केलाइएको छ । खगेन्द्र सिटौला व्यक्ति एक भएर पनि व्यक्तित्व अनेक भएका प्रतिभा हुन् । ग्रामीण परिवेशमा जन्मिएर घरायासी र

सामाजिक व्यवहारमा समेत पोख्त सिटौला विविध विधागत व्यक्तित्वले पूर्ण छन् । यस परिच्छेदमा अन्तर्वार्ताबाट प्राप्त जानकारीको विश्लेषण गरी उनको व्यक्तित्वको प्रकाश पार्ने काम गरिएको छ ।

प्रस्तुत शोधपत्रको चौथो पच्छिेदमा खगेन्द्र सिटौलाको साहित्यिक चरण र प्रवृत्ति रहेको छ । यस अन्तर्गत विषय परिचय, चरण विभाजन, प्रवृत्ति, निष्कर्ष जस्ता शीर्षकहरू रहेका छन् । यस परिच्छेदमा सिटौलाको साहित्यिक यात्रालाई तिन चरणमा विभाजन गरिएको छ भने प्रवृत्ति शीर्षक अन्तर्गत विद्रोहात्मकता, समसामयिक परिवेशको चित्रण, विषयगत विविधता, जीवनवादी दृष्टि, विकृति र विसङ्गतिको चित्रण, देशप्रेम जस्ता प्रवृत्तिमा छुट्याई तिनको विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधपत्रको पाँचौं परिच्छेदमा खगेन्द्र सिटौलाका प्रकाशित कृतिहरू **बौलाही दिदीको अधुरो तिहार**, **रातो तारा चम्किएपछि**, **आधा क्षितिज उचाल्ने हातहरू** नाटक एवम् **पृथ्वीविचार र व्यवहार** निबन्धको विधातत्वको आधारमा विश्लेषण गरिएको छ । शीर्षक, कथावस्तु, नाटकीय संरचना, परिवेश, द्वन्द्व, चरित्र चित्रण, संवाद, भाषाशैली, उद्देश्य जस्ता नाट्य तत्वहरूका आधारमा नाटकहरूको विश्लेषण गरिएको छ भने विषयवस्तु, उद्देश्य, भाषिक विन्यास जस्ता तत्वका आधारमा निबन्ध सङ्ग्रहको विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधपत्रमा जीवनीपरक समालोचनालाई आधार मानी खगेन्द्र सिटौलाको जीवनी र व्यक्तित्वको अध्ययन गरिएको छ भने नाट्य तत्वका आधारमा नाटकहरूको र निबन्ध तत्वका आधारमा निबन्ध सङ्ग्रहको विश्लेषण गरिएको छ । साथै प्रत्येक परिच्छेदको अन्त्यमा निष्कर्ष पनि राखिएको छ ।

## ६.२ निष्कर्ष

**खगेन्द्र सिटौलाको जीवनी, व्यक्तित्व र कृतित्व** शीर्षकको यस शोधकार्यबाट प्राप्त निष्कर्षलाई तल बुँदागत रूपमा प्रस्तुत गरिएको छ :

क) खगेन्द्र सिटौलाको जन्म बाबु हरि चरण सिटौला र आमा मनमाया सिटौलाको पुत्रका रूपमा वि.सं. २०१४ जेठ ७ गते, कोसी अञ्चल अन्तर्गत तेह्रथुम जिल्लाको चुहान डाँडामा भएको हो । उनको बाल्यकाल निम्न मध्यम वर्गीय पारिवारिक पृष्ठभूमिमा

बितेको थियो । कृषि व्यवसाय गर्ने निम्न मध्यम वर्गीय परिवारमा जन्मिएका सिटौलाको बाल्यकाल पनि गाउँले परिवेशमा सामान्य किसिमले बितेको देखिन्छ ।

ख) स्नातकसम्म अध्ययन गरेका सिटौलाको विवाह २०४४ सालमा शान्ता सुवेदीसँग सम्पन्न भएको थियो । हाल उनी दुई सन्तानका साथ आफ्नो दाम्पत्य जीवन सुखपूर्वक बिताइ रहेका छन् ।

ग) लामो समयसम्म राजनीतिक क्षेत्रमा लागेर तेह्रथुम जिल्लाको जिल्ला साभापति समेत बनेका सिटौला हाल राजनीतिभन्दा साहित्यिक एवम् व्यावसायिक क्षेत्रमा आबद्ध छन् ।

घ) खगेन्द्र सिटौलाका हालसम्म **बौलाही दिदीको अधुरो तिहार** (२०४७), **रातो तारा चम्किएपछि** (२०४७), **आधा क्षितिज उचाल्ने हातहरू** (२०४८) नाटक र **पृथ्वीविचार र व्यवहार** (२०५९) निबन्धात्मक कृतिहरू प्रकाशित छन् । यसका अतिरिक्त उनका विभिन्न पत्रिकाहरूमा साहित्यिक एवम् गैह्रसाहित्यिक फुटकर लेखहरू समेत प्रकाशित भएका छन् ।

ङ) साहित्यका क्षेत्रमा उनी कवि, कथाकार, नाटककार, गीतकार, निबन्धकार व्यक्तित्वका रूपमा स्थापित छन् ।

च) खगेन्द्र सिटौलाको लेखनको मूल स्रोत राजनैतिक सङ्घर्ष, कम्युनिस्ट पार्टीको संलग्नता, प्रजातन्त्र, देशभक्ति, आर्थिक, सामाजिक विकास, समाजवादका प्रश्नहरू, महिला मुक्ति, एक्काइसौँ शताब्दीको चुनौती आदि रहेका छन् ।

छ) सिटौलाका कृतिमा मार्क्सवादी, लेलिनवादी विश्वदृष्टि र संसारमा समाजवादी व्यवस्थाको विजय हुने ऐतिहासिक अनिवार्यताप्रति अटल आस्था प्रकट गरिएको छ ।

खगेन्द्र सिटौलाको नेपाली राजनीति एवम् प्रगतिवादी साहित्यिक लेखनको इतिहासमा महत्त्वपूर्ण योगदान रहेको छ । समकालीन मार्क्सवादी चिन्तक विश्लेषकका रूपमा स्थापित सिटौला राजनीति, साहित्य लेखन र वैचारिक लेखनका क्षेत्रमा पनि परिचित र स्थापित रहेका छन् । प्रगतिवादी मूल्य मान्यतामा आधारित साहित्य सिर्जना गर्ने सिटौलाको सिर्जनात्मक लेखन विशेष गरी नाटकका क्षेत्रमा खारिएर अगाडि बढेको पाइन्छ । उनका नाट्य कृतिहरू अन्य विधाका तुलनामा संख्यात्मक र गुणात्मक दुवै किसिमले सशक्त छन् । तसर्थ उनी नेपाली साहित्यका क्षेत्रमा नाटककार व्यक्तित्वका रूपमा स्थापित व्यक्ति हुन् ।

# सन्दर्भ सामग्री सूची


आचार्य, व्रतराज. **आधुनिक नेपाली नाटक**. ललितपुर : साझा प्रकाशन. (२०६६) ।

उपाध्याय, केशव प्रसाद. **नेपाली नाटक तथा रङ्गमञ्च उद्‌भव र विकास**. काठमाडौं : विद्यार्थी पुस्तक भण्डार. (२०५९) ।

---,---. **नाटकको अध्ययन** (दो.सं.). ललितपुर : साझा प्रकाशन. (२०६०) ।

काफ्ले, भीष्मराज. **झलनाथ खनालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**. अप्रकाशित स्नातकोत्तर शोधपत्र. नेपाली केन्द्रीय विभाग. त्रि.वि. कीर्तिपुर. (२०६६) ।

खनाल, गायत्री. **रुद्र खरेलको हास्यव्यङ्ग्यकारिता**. अप्रकाशित स्नातकोत्तर शोधपत्र. नेपाली केन्द्रीय विभाग. त्रि.वि. कीर्तिपुर. (२०६६) ।

गौतम, धर्मराज. **नेपाली साहित्यमा तेह्रथुम जिल्लाको योगदान**. अप्रकाशित शोधपत्र. नेपाली केन्द्रीय विभाग त्रि.वि. कीर्तिपुर. (२०६३) ।

चापागाईं. निनु. **मार्क्सवादी चिन्तनमा सौन्दर्य** (दो.स).ललितपुर : साझा प्रकाशन.(२०६४) ।

---,---. **यथार्थवादी रचना दृष्टि र विवेचना**, काठामाडौं : दिलवरदान र महिम चापागाईं. (२०५१) ।

प्रधान, भिक्टर. **नेपाली जीवनी र आत्मकथाको सैद्धान्तिक तथा ऐतिहासिक विवेचना**. काठमाडौं : नेराप्रप्र. (२०५१) ।

बञ्जाडे, जानका. **साहित्यकार भिक्टर प्रधानको जीवनी, व्यक्तित्त्व र कृतित्वको अध्ययन.** अप्रकाशित शोधपत्र. नेपाली केन्द्रीय विभाग त्रि.वि. कीर्तिपुर. (२०६०) ।

बराल, ऋषिराज. **उपन्यासकको सौन्दर्यशास्त्र** (दो.सं.). ललितपुर : साझा प्रकाशन.(२०६३) ।

भट्टराई, यजुर्वेदानन्द प्रसाद. **सि.पी. गजुरेल गौरवको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**.अप्रकाशित स्नातकोत्तर शोधपत्र. नेपाली केन्द्रीय विभाग त्रि.वि. कीर्तिपुर. (२०६६) ।

लुइँटेल, खगेन्द्र प्रसाद. **नेपाली नाट्य समालोचना**. काठमाडौं : पैरवी प्रकाशन. (२०६७) ।

शर्मा, गोपीकृष्ण. **नेपाली निबन्ध परिचय** (चौ.सं). काठमाडौं : रत्न पुस्तक भण्डार.(२०६३) ।

शर्मा, मोहन राज र लुइँटेल, खगेन्द्र प्रसाद. **शोधविधि**. (दो.सं.) ललितपुर : साझा प्रकाशन. (२०५५) ।

---,--- र श्रेष्ठ, दयाराम **नेपाली साहित्यको संक्षिप्त इतिहास**, (चौ. सं.). ललितपुर : साझा प्रकाशन. (२०४९) ।

सापकोटा, प्रभात. 'वर्तमान नेपाली नाटक'. **साहित्यिक अभियान विगतदेखि वर्तमान** (वर्ष-९ अङ्क-४, आषाढ. पृ.१३४-१३५). (२०६३) ।

सिटौला, खगेन्द्र. **पृथ्वीविचार र व्यवहार**. काठमाडौं : द एक्स्प्लोर ग्रुप, नेपाल. (२०५९) ।

---,---. **बौलाही दिदीको अधुरो तिहार**. काठमाडौं : भारद्वाज प्रकाशन. (२०४७) ।

---,---.**रातो तारा चम्किएपछि**. काठमाडौं : भारद्वाज प्रकाशन. (२०४७) ।

---,---.**आधाक्षितिज उचाल्ने हातहरू**. काठमाडौं : भारद्वाज प्रकाशन. (२०४८) ।

---,---.**पृथ्वीविचार र व्यवहार**. काठमाडौं : द एक्स्प्लोर ग्रुप, नेपाल. (२०६१) ।

सुवेदी, राजेन्द्र. **स्रष्टा सृष्टि : द्रष्टा दृष्टि** (ते.स.). ललितपुर : साझा प्रकाशन. (२०५८) ।

---,---.**स्नातकोत्तर नेपाली निबन्ध** (चौ.सं.). काठमाडौं : पाठ्य सामग्री पसल. (२०५६) ।